CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मदालसोपाख्यान

अनुवादक-

पं० वैजनाथ उपाध्याय सेढाईं (ओशी)

प्रकाशक-

ने० सा० प्र० समिति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDL

नेपाल राजधानी नेपाली शिक्षाप्रचारक विभाग।

श्री मार्कण्डेय पुराणान्तर्गत–

मदालसोपाख्यान

श्री नारायण पुरुष कुमार भान कोट लाई ध्यान स्वर द्वारा सादर समर्पित

अनुवादक–

स्व० प० बैजनाथ उपाध्याय सेढाईं (जोशी)

श्री हरिवंश प्रसाद उपाध्याय बाँस्कोटा,
हरि निवास १/१०१, गुसिङ्गाल,
ललितपुर, काठमाण्डु (नेपाल)

श्री प्र. गो. द. बी. मे. क. बालकृष्ण शमशेर ज. ब. राणाका अध्यक्षतामा ने० भा० प्र० समितिबाट प्रकाशित ।

प्रथमवार १०००] संवत् २००० साल [मूल्य ।६०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

म मास्टर सागरमणि आ. दि. को
प्रबन्धबाट–

मुद्रक–
सु० ऋद्धिबहादुर मल्ल,
जोरगणेश छापाखाना, काठमाडौं,
नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमिका

"व्यासोच्छिष्टं जगत्सर्वम्।"

'सन्तहरूका जूठा उक्तिमात्र हुन् यी सब मेरा वाणी
जानु म मर्म भला के ? उनको अतिमूढ अज्ञानी ॥'

सन्त तुकाराम

" धर्मशास्त्रमिदं श्रेष्ठमर्थशास्त्रमिदं परम् ।
कामशास्त्रमिदं चाग्र्यं मोक्षशास्त्रं तथो भयम् ॥
चतुराश्रम धर्माणां आचारस्थिति साधनम् ।
प्रोक्तमेतन्महाभाग ! वेदव्यासेन धीमता ॥"

श्री मार्कण्डेयम्।

हुनत वेद धर्म संहिता रामायण महाभारतादि र महापुराण उपपुराण तन्त्र औ कथा सरित्सागरादि आख्यायिका ग्रन्थरत्नहरूमा अरू अरू विषय जस्तै पतिव्रता चरित्रहरू र उनका धर्म कर्तव्यकर्म कामयावोहरूका बारेमा राम्रा अति उपदेशहरूले भरिएका नाना प्रकारका मनोहर राम्रा पवित्र चरित्रका कथानकहरू यत्रतत्र र प्रायः सर्वत्रनै प्रशस्त हिसाबले लेखिएका पाइन्छन् तापनि पुण्यश्लोका धर्मशिला सती शिरोमणि महारानी श्रीमती मदालसा समान महान अखण्ड वसुन्धरा मण्डलका ज्ञानविनले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि निरले वा विरलाको टीनैं पाइनन् ! यसमा घर-मरनै छ ! सतीरमणी [illegible]का पदमा उनको पद बहुतै उच्च र गौरवले भरिएको छ हुन पनि उनको आदर्श पतिव्रता धर्म र सुपवित्र चरित्र अन्यत्र दुर्लभै र आदर्श नै छ । क्रमश उनका चरित्रका अध्ययन मनन र अनुशिलन आचरणहरूबाट धर्म अर्थ काम र मोक्षसम्म पनि हाशील हुन शक्तछ । उनका विद्वन्ता कार्य दक्षता निरालस्यता र महन्ताको इयन्ता वा पत्ता यस मार्कण्डेय पुराण र शायद अ-यत्र पनि यत्र तत्र उनले आफ्ना पति महाराज कुवलयाश्व र छोरा उपर गरिएका अलौकिक आश्चर्य जनक आदर्श अर्ति उपदेश सद्वचनहरू बा-ट आदर्श अथवा दर्पणमा दर्शन गरे जस्तै हुलेङ्लङ्ग इदमित्थ निधो हुन शक्तछ ? उनका अर्ति उपदेशहरूमा प्रायः अन्यत्र यत्र तत्रको जस्तो नराम्रो रूखोपन र अप्रिय लाग्ने ननिको भाव पनि छैन । अर्थात " कान्ता समित तयोप देश युजे " भन्ने काव्य प्रकाश महाग्रन्थ रत्नमा श्रीमम्मटले भने जस्तै उपदेश वाक्य भए पनि ती वाक्यहरू प्रियतमाका प्रियतम वाक्य जस्तै अतिप्यारा सुमधुर सुन्दर रसिला चाख्लाग्दा हिसाबका छन् ! यस्ता सरस र सुन्दर उपदेश प्रायः बहुतै कम पाइन्छन ! यसमा वर्णित उनका जुन उपदेशहरूबाट चारै वर्ण चारै आश्रम र प्रायः सबै सम्प्रदाय (मजहब) हरूलाई समेत परस्परमा विनाविरोध विनावाधा विना रोकावटले यथार्थ लाभ भलाई हुन पुग्न शक्तछ त्यस्को यथार्थ प्रत्यक्ष ज्ञान अनुभव यस पुस्तकका पठन पाठनबाट राम्ररी हुनेनै छ ! यस्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्ता सती रमणी मणिहरूका नाम–यश–कीर्तिहरूलेनै गर्दा आजसम्म पनि भारत वर्षको प्रोज्ज्वल मस्तक संसारका सामुन्ने ठाड़ो छ ? अस्तु ।

हुन पनि सारा पुराण–उपपुराणहरूमा यो मार्कण्डेय पुराण उत्तमोत्तम विषयका उपादेय उचित प्रवचनहरूले टमाटम भरिएको भैं उत्तमोत्तम र गौरवका दृष्टिले हेरिन्छ । यसमा जडिएका अरू अरू विषय रत्नहरू पनि यस्तैनै उपादेय र पठनीयनै छन् । यदि यस पुस्तकका पठन–पाठन अनुशीलनहरूबाट देशभाई, देशबहिनी, बालकवृन्द–महोदय–समाजमा अलिकति पनि भलाई लाभ पुग्न शक्यो र मन वहलाऊ हुनशक्यो भने, म आफ्नु क्षुद्र समझ, क्षुद्र लेख र क्षुद्र लेखनीलाई धन्य सँझँदै क्षुद्र आफुलाई पनि धन्य भाग्यमानी संझने र उसैका उल्लास–उमङ्गमा यस्ता यस्ता अरू पुस्तकहरू पनि लेख्ने संपादन गर्ने कोशीश–प्रयत्नको सिलसिला जारी राख्ने छु ! अस्तु ।

यद्यपि यो पुस्तक खाश गरेर 'गोरखा-एजेन्सी-ग्रन्थमालाका' लागीनै संपादन हुन–आएको थियो; तापनि हाल श्रीसरकार–तर्फबाट चुनिएर ने० भा० प्र० समितिका निमित्त चाहिएका चुनिन्दा पुस्तकावलिमा यो पुस्त पनि पर्न आएको हुनाले समितबाट माग र मंजूरी भै पुरस्कार र धन्यवाद समेत पाइएकोले यो पुस्तक सादर–सहर्ष समितिलाई समर्पण गरी चढाएको छु ! अस्तु ।

यसै सिलसिलामा समितिका निमित्त अरू अरू कतिपय पुस्तक र खाश समितिका आर्डर आदेश बमोजिम् कथासरित्सागरको पनि सपुत्र यस क्षुद्र लेखक र सेवकबाट अनुवाद र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पादन हुन लागेको छ। भरशक चाँडै नै तैयार भई विद्याप्रिय देश–समाजका सरसेवामा आइलाग्ने छ। तर त्यो कथासरित्सागर ग्रन्थरत्न प्रशस्त ठूलो चौबीश हजारमा पनि केही बढीनै र आजका भन्दा लगभग चार हजार वर्ष परापूर्वका पुराना समाजको सामाजिक नैतिक स्थिति रीति व्यवहारहरूको दिग्दर्शन गराउने मानूँ दर्पण जस्तो भएकाभै आजकालका व्यवहारमा समेत मिल्दो जुल्दो कामलाग्दो गरी ढाली लेख्नु पर्ने भएकोले केही बढीने समयको आवश्यक हुनु स्वाभाविकै छ! अस्तु।

यस पुस्तकलाई कदरका नजरले सुनजर बक्सँदै महोदारभाव र निगाहपूर्वक स्वीकृति अनुमतिसाथ पुरस्कार बक्सेर अपनाई प्रकाशित गराई बक्सेका उपलक्षमा विद्याप्रिय श्रीमान् डाइरेक्टर प्र. प्र. गो. द. वा., मे. ज. शारदाशमशेर ज. ब. रा. एम्. ए डाइरेक्टर जनरल पब्लिक इन्सट्रक्सन महोदय प्रभुका हजुरमा अनेकशः धन्यवाद शुभवाद चढाउँदै उसका वा समितिका अध्यक्ष श्री प्र. गो. द. बा, मे. क. बालकृष्णशमशेर जङ्गबहादुर राणा महोदय र असिष्टेन्ट डाइरेक्टर महोदय औ अरू समितिका कर्मचारी सज्जनवर्गमा समेत सादर धन्यवाद चढाउँदै यो भूमिकालाई छोट्याई यत्तिमै यहीं थाम्दछु। अस्तु

" गुणाः कृशोऽपि प्रथते पृथुप्यप चीयते।
प्राप्य साधु खलौ चन्द्रः पक्षाविव सितासितौ।।"

—महाकवि अभिनन्द

२०००।५।७।२ बा.
(श्रीकृष्णजन्माष्टमी)
'शान्तिकुटीर' डिल्लीबजार
काठमाडौं, नेपाल।

विद्याप्रिय सज्जन समाजको
आज्ञाकारी अनुचर–
वैजनाथ उपाध्याय सेढाई (जोशी)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीमन्मङ्गलमूर्तये नमः

मदालसोपाख्यान

जड उवाच–

प्राग्बभूव महावीर्यः शत्रुजिन्नाम पार्थिवः ॥
तुतोष तस्य यज्ञेषु सोमवाप्त्या पुरन्दरः॥१॥

जड़ भन्दछन्–अघि परापूर्वमा यस भारतवर्षमा महापराक्रमी 'शत्रुजित' नामका महाराज राज–काज गर्दथे। उनका यज्ञमा सोमरस प्रशस्त पिउन पाउनाले इन्द्रसमेत उनीदेखि हरबखत खुशी थिए। उसका छोरा ऋतुध्वज शत्रुहरूलाई छिन्न भिन्न गराउन सक्ने महातेजस्वी, बुद्धिमा वृहस्पति, पराक्रममा इन्द्र लावण्यमा अश्विनीकुमारकै समान थिए। ती राजकुमार हर हमेशा नै आफुसमान उमेर, बुद्धि, ताकत, पराक्रम स्वभाव भएका अरू राजकुमारहरूका सहवास, सर-सोहबतमा समय बिताउदथे। कहिले शास्त्रहरूका छलफल विचार गर्दै, कहिले काव्य साहित्यको आनन्द लिंदै आपस आपसमा कुरा कहानीहरू गर्दै गान बजान नाटकहरूमा लाग्दै औ त्यस्तै कहिले अक्ष–विनोद (पाशा आदि) जुवाहरूमा लाग्दै, शस्त्र अस्त्रहरू चलाउने काइदामा ल्याकत बढाइरहन्थे। लडाइँका दाऊ–पेचहरू जस्तै–हात्ती हाँक्नु, घोडा हाँक्न चढन सक्नु, रथ बग्गीहरू हाँक्नु इत्यादि इत्यादि राजकुमारोचित काम–कुराहरूमा पनि तत्पर भएर ती राज-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुमार साथीहरूसँग आयन्दपूर्वक खेल बहाडहरू गरी रातौं दिन रमिरहन्थे। उनी राजकुमारहरूका ती खेल-बहाडहरुमा दौंतरी दौंतरी अनेकानेक ब्राह्मण क्षत्री वैश्यहरूका छोराहरू पनि प्रेम-पूर्वक खेल बहाड गर्न सामेल भैरहन्थे। यस्तैमा एक दिन उनै राजकुमारहरूका दौंतरी अत्यन्त राम्रा भरखरका जवान दुइजना ब्राह्मण कुमारका रूप-वेश लिएर अश्वतर नागका छोराहरू पाताल नाग लोकबाट आई परस्परमा अति प्रीति बढाउदै मेल-मिलाप राख्तै उनी राजकुमारहरूका क्रीडा खेल - बहाड-व्यवहारहरू जस्तै (१०) नुहाउनु, पोशाकहरू पहिरनु, चन्दन मालाहरूले सिंगारनु, खानपीन गर्नु र घोडाहरू चढ्नु इत्यादि इत्यादिमा रमिरहन्थे। यस्ता हिसावले उनी राजकुमार ऋतु-ध्वजमा ज्यादा प्रेम-परस्परा रहन गएका उनी नागकुमार-हरू दिन-दिनै खुशी हुँदै उहाँ आउने गर्दथे। राजकुमार ऋतुध्वज पनि उनी अत्यन्त राम्रा नाग-कुमारहरूका नाना प्रकारक असल चाल चलन स्वभाव प्रेम कुरागराहरूले गर्दा अत्यन्त आनन्दमा परे। बेलुका उनीहरू छुट्टिई गएपछि रातभर राजकुमार ऋतुध्वजलाई र उनीनाग-कुमारउरुलाई परस्परमा (परस्परका वियोगले गर्दा) सारै नै विरह दुःख हुन्थ्यौ। उनीहरूलाई स्नान-खान-पीन पठन-पाठन, खेलबहाड केहीमा पनि मन लाग्दैन-थ्यो। उनी नाग-कुमारहरूलाई घरमा हर-हमेसानै शोक-सन्ताप र स्वाँ स्वाँ दम इत्यादि विरहका लक्षणहरू भै-रहन्थे। यस्ता शोकग्रस्त आफ्ना छोराहरूलाई देखेर नागराजा अश्वतर भन्दछन्--" छोरा हो मानिसका लोकमा कुन मानिससङ्ग तिमीहरूको यस्तो ठूलो प्रीति बस्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गयो ? धेरै दिनदेखि तिमीहरूलाई दिउसो-दिउसो यहाँ देखिन, केवल रातिमात्रै देख्तछु, क्याहो ?"

यस्ता तरहसङ्ग बाबु नागराज अश्वतरले सधिएका ती नाग-राजकुमारहरू दुवै भाइ हात जोरी बाबुलाई भन्दछन्- "बुबाज्यू ! पृथ्वीतल भारतवर्षका नरेन्द्र महाराज शत्रुजित्का छोरा ऋतुध्वज भन्ने नामका रहेछन् । उनी अत्यन्त सुन्दर नम्र, शूर वीर, मीठो प्यारो बोली-मिजास भएका, मानयोग्य अगाडि नै बोल्ने, बोल्नमा भाषणमा सारै शिपालु विद्वान्, सबैसङ्ग मित्रता राख्ने, मिलनसार र गुणहरूका घर भएका औ मान्य-गुरुजनहरूलाई मान गर्नमा तत्पर, बुद्धिमान् , लज्जाशील, विनयरूप गहना पहिरेका र सुशील-यस्ता रहेछन् । उनैका हार्दिक मान-मिजास प्रेम खान-पीन खेलबहाड इत्यादिले सहवास सर-सोहबतले यो मन सारै खिचिएको हुँदा हामीहरूलाई अन्त कतै पनि रमाइलो लाग्दैन ! बुबाज्यू ? उनै सत्प्रेमी राजकुमारका वियोगले राती राती यस पातालमा हामीहरूलाई शीतल नभई सन्ताप हुने र दिउसो-दिउसो भने पृथ्वीतलमा सूर्यउदायका बखतमा पनि उनका सत-सङ्गले हामीहरूलाई शीतल र सारै हर्ष-आल्हाद-आनन्द हुने-हुन्छ।"

छोराहरूको यस्तो भनाइ सुनी नागराज अश्वतर भन्दछन् "छोरा हो ! जुन पुण्यात्मा पुरुषको तिमीहरूले पछाडि पनि यस्ता हिसाबले गुण-कीर्तन (बयान) गर्दछौ भने सो पुरुष धन्य हो । हेर प्रायः शास्त्र जान्नेहरू चरित्र हीन र शास्त्र नजान्नेहरू सुशील हुन्छन् ; तर तिमीहरू जसको यस्तरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बयान गर्दछौ उनी राजकुमार ऋतुध्वज ता शास्त्र जान्ने र सुशील पनि हुनाले उनीलाई धन्यमा पनि महाधन्य संझे हुन्छ ! जुन पुरुषका मित्रहरू हरहमेशा सज्जनहरूका अगाडि-मुख्याञी गुणहरूको र शत्रुहरू पराक्रमको बखान गर्दछन् त्यस्ता छोराले नै बाबु पुत्रवान् (छोरा भएको) भनिन-सक्तछ। छोरा हो ! त्यस्ता उपकारी दोस्तको मन खुशी गराउनाका लागि तिमीहरूले इच्छा लागेको कुनै कुरा नजाराना गरायौ के ? हेर, जसका अर्थी (आशाराख्ने) हरू विमुख हुदैनन् जो आफन्तका लागि दुर्बल हुँनन् उनै पुरुष धन्य र उनैको नै जन्मनु बाँच्नु पनि सार्थक छ हेर। मेरा यस नागलोकका दरबारमा सुवर्णहरू, रत्न-मणिहरू, वाहन-सवारीहरू र अरू अरू जे-जे छन जेले जुन वस्तुले उनी राजकुमार खुशी हुन्छन् ती सबै कुरा तिमीहरूले निर्धक्कसङ्ग दिन पाउँछौ देओ ! मेरो मञ्जूरी छ । हेर उपकारी मित्रका लागी उपकारको बदलामा प्रत्युपकार नगरेर 'म बाचेको जीउँदो छु, भनी जो ठान्दछ त्यस मानिसको जिउनु धिक्कार छ। हेर जो बुद्धिमान् मानिस सुहृद्हरूका उपर उपकार र विपक्षहरूका उपर अपकार गर्दै जहाँ मनुष्यरूप-मेघ भएर वर्षन्छ उहाँ सबै हर-हमेशा नै उस पुरुष-पुङ्गवका उन्नतिको इच्छा गरिरहने हुन्छन्। (३०)

आफ्ना बाबु नागराज अश्वतरका यस्ता वचन सुनेर दुवै भाइ नाग-राजकुमारहरू निवेदन गर्दछन्- " जसका दरबारमा संपूर्ण अर्थी (इच्छा राख्ने माग्नेहरू) संपूर्ण चिताएका कुराले तृप्त रहन्छन्, त्यस्ता कृत-कृत्य भएका राजकुमारका लागि अरू जे सुकैले पनि के गर्न सकिन्छ र ? उनका दरबारमा जो जो जस्ता जस्ता मणिरत्न जवाहरातहरू छन्, उस्ता यहाँ पातालमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कहाँ छन् र ? छैनन् । फेरि उहाँ वाहन सवारीहरू, आसनहरू, यानहरू म्याना पाल्की सवारीहरू र गहना गुरिया लत्ता कपडाहरू औ शास्त्र विद्याहरू, कला कौशल कारीगरीहरू जो जो जस्ता जस्ता छन्, त्यस्ता अन्न कहीं पनि छैनन् । उनी राजकुमार ठूला ठूला विद्वान्हरूका सन्देह शङ्कालाई पनि राम्रा युक्ति बुद्धिले समाधान (हल) गरिदिन्छन् । उनी राजकुमारको निमित्त गर्नुपर्ने एउटा ठूलो काम कुरा छ; तर हामी विचार गर्छौं- त्यो कुरा खुद परमेश्वरदेखिबाहेक ब्रह्मा विष्णु महादेवहरूले समेत सक्न पनि मुश्किल छ ।

छोराहरूका यस्ता कुरा सुनी नागराज भन्दछन्- " उनी राजकुमारका लागि गर्नुपर्ने जुन उत्तम कार्य हो, त्यो असाध्य वा साध्य जस्तो छ, मलाई सुनाओ । विद्वान्हरूका अगाडि असाध्य के हुन सक्तछ र ? जो व्यवसायी उद्योगी पुरुष हुन्छन्, उनीहरूले मसक्क आँटे भने देवत्व-इन्द्रत्व र उनी देवताहरूले पाउने पूज्यत्व पद (स्थान) औ अरू जेसुकै चितापका कुराहरू समेत पनि पाउन सक्तछन् जुन पुरुषहरूका मन र इन्द्रियहरू वशमा रहेका हुन्छन्, जो हरदम उद्यागशील रहन्छन्, उस्ता मानिसहरूका लागि स्वर्ग मर्त्य पाताल जहाँसुकै जेलेसुकै पनि नजानिने, नपुगिने र नपाइने कुनै कुरो पनि हुनै सक्तैन । हेर उद्योग भनेको कस्तो छ, जावो कमिलै होस् तापनि हर हमेशा हिंदूडा हिंदूडा हजारौं योजन पनि पार गर्न सक्तछ । नहिंडेर बसिरहे भने, साक्षात् गरुड जी पनि एक पाइलो हिंड्न सक्तैनन् । हेर, कहाँको भूतल, कहाँको ध्रुवस्थान; तर लगातार र दृढ उद्योग मिहिनतले गर्दा खालि पृथ्वीमासम्म गति भएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बालक मानिस, उत्तानपाद महाराजका छोरा ध्रुवजीले त्यत्रो ध्रुवस्थान पाउन सके भने पुत्र हो ! जुन काम–कुरा गर्न सक्नाले तिमीहरू उनी सज्जन सत्–मित्र राजकुमारका अऋणी हुन सक्छौ, त्यो कुरो काम के हो ? मलाई भन। " (४०)

आफ्ना पिताज्यू नागराजका यस्ता वचन सुनी नागराज-कुमारहरू भन्दछन्– " बुबाज्यू, त्यस कुराको इतिहास, उनी सत् चाल वाला (नेकचलन) राजकुमारका आफ्ना कुमार अवस्थामा जो जस्तो घटना घट्न आएथ्यो, त्यो उनैले बताएको सुनेसम्मको वृत्तान्त हजूरमा विन्ति चढाउँछौं सुनिबक्सियोस्–

'आजका कैयौं बर्ष पहिले एक दिन शत्रुजित महाजनका राज दरबारमा ब्राह्मणमा उत्तम भएका ठूला बुद्धिमान् गालव नामका कुनै महर्षि एउटा अत्यन्त उत्तम घोडा पनि साथैमा लिई आएर भने छन्– " महाराज, एउटा कुनै सारै अधम पापी दैत्य बराबर (हरहमेशा नै) मेरा आश्रममा आउँदै सारै पीर पिराऊ दिइरहने गर्दछ । मौका मौकामा मनपर्दो गरी सिंह, बाघ, हात्ती इत्यादि ठूला ठूला जङ्गली जानवरहरूका र अरू अरू साना तिना जानवरका रूपहरू लिंदै, विनाकारणमा समाधि ध्यानहरूमा लागी मौनव्रत लिई बसेको मलाई तर्साई मन बिगारि दिई तपस्या भङ्ग गराउनाका निमित्त नाना प्रकारका विघ्न बाधा पुऱ्याई (पिरोली) बदमाशी गरिरहने गर्दछ । महाराज ! त्यस्ता अधमलाई कोपाग्निले उतिखेरै डढाउन हजूरै समर्थ होइबक्सिन्छ, हामीहरू समर्थ छैनौं; किनभने अनेकानेक कष्टले कमाइएका तपस्याको खतीहुने हुनाले खूद मै त्यसलाई सराप दिई भस्म गर्न चाहन्न । महाराज, त्यस दुष्टले गर्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अत्यन्त आजित र दिग्दार भएको मैले, एक दिन त्यस दैत्यलाई हेरेर स्वाँ... ! गरेर लामो उच्छ्वास (सास) छोडें, तब उत्तिखेरै अचानक आकाशबाट यी, यो घोडा मेरा अगाडि जमीनमा उत्रियो र उसका साथ– " हे ऋषे ! यिः उत्तम घोडा रतिभर नथाकी सारा भूमण्डल डुल्न कावा खान सक्तछ। आकाश-पाताल जल स्थल जहाँसुकै पनि यसको गति रोकिँदैन सारा दिशा विदिशा र पर्वतहरूमा जाँदा पनि यो थाक्दैन–रोकिँदैन । (५०) यो घोडा कत्ति नसुस्ताएर (नथाकेर) लगातार हिसाबले अखण्ड भूमण्डलको दौड लगाउन सक्ने हुनाले लोकमा 'कुवलय भन्ने' नामले प्रख्यात हुनेछ। हे द्विजश्रेष्ठ ! जुन दानवाधमले तिमीलाई रात दिन कष्ट पुऱ्याइरहन्छ, त्यस दुष्टलाई महाराज शत्रुजित्का छोरा युवराज ऋतुध्वजले यसै घोडामा चढेर मार्नेछन् । यो अश्वरत्न पाउनाले उनी युवराज यसैका नाम (कुवलयाश्व) भन्ने नामले प्रसिद्ध हुनेछन् ।" भन्ने यस्तो आकाशवाणी भएकोले उसैका अनुसार सो गालव नाम भएको ब्राह्मण म तपाईंका अगाडि हाजीर हुन आएको छु, राज्यको धर्म र सत्यका भागी राजा हुनाले तपस्याको कण्टक विघ्नकारी त्यस दुष्ट दैत्यलाई हटाउनु महाराजको खास कर्तव्य हो, हटाइबक्सियोस् । महाराज ! लौ म त्यो 'कुवलय' नामको अश्वरत्न पनि हजूरमा बढाउँछु। महाराज ! जे जसो गराइबक्सनाले धर्मको लोप हुन नपाई रक्षा भैरहन्छ, त्यस्तो व्यवस्था बन्दोबस्त गर्नालाई युवराज ऋतुध्वजलाई आज्ञा (हुकुम) बक्सियोस् ।"

यस्ता तरहका महर्षि गालवको आज्ञा सुनी धर्मात्मा महाराज शत्रुजित्ले धर्म–रक्षाका निमित्त आफ्ना छोरा युवराज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऋतुध्वजलाई मङ्गलोत्सव परम्परा-पूर्वक त्यस कु-वलय अश्व-रत्नमा सवार गराएर गालव ऋषिका साथ साथै पठाइदिए। यति भएपछि उनी गालव मुनि पनि कुवलय नामका घोडामा सवार भएका युवराज ऋतुध्वजलाई सङ्गसँगै लिएर आफ्ना आश्रमतिर रवाना भए। (५७)

अप्रेषयत धर्मात्मा गालवेन समं तदा ।
स्वमाश्रमपदं सोऽपि तमादाय ययौ मुनिः ॥५७॥

मार्कण्डेय पुराण मदालसोपाख्यान बीसौं अध्याय ।

एक्काईसौं अध्याय

यस्ता प्रकारको वृतान्त आफ्ना छोराहरूका मुखबाट सुनी आश्चर्य भएका नागराज अश्वतर भन्दछन्ः-

" गालवेन समं गत्वा नृपपुत्रेण तेन यत् ।
कृतं तत्कथ्यता पुत्रौ ! विचित्रा युवयोः कथाः ॥१॥

हे छोरा हो ! तिमीहरूले भनेको वृतान्त बडो राम्रो रहेछ ए! महर्षि गालवका सङ्ग गएका उनी राजकुमारले उहाँ (ऋषिका आश्रममा) जो-जो विचित्र काम गरे, सो सबै मलाई भनः सुन्नाको बहुतै इच्छा छ। "

बाबुको यस्तो आज्ञा सुनी कुमारहरू भन्दछन्- " अत्यन्त रमाइलो दृश्यवाला गालव ऋषिको त्यस आश्रममा रहेर उनी राजकुमार ब्रह्मवादि र ब्रह्मज्ञानी भएका उनी महर्षि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गालब आदि सारा ऋषि-मुनिहरूका सम्पूर्ण विघ्न-बाधाहरू-लाई हटाउँदै रहने-गर्दथे । यस्तैमा एक दिन उहाँ गालब--ऋषिका आश्रममा बसिरहेका वीर राजकुमार कु-वलया-श्वलाई न जानेको र अभिमानले मै-मत्ता भै विवेक विचार मारिएको कुनै दानवाधम एक डरलाग्दो बँदेलको रूप लिएर सन्ध्या-उपासनामा लागेका उनी ब्रह्मर्षि गाल-बलाई बिघ्न-बाधा पुऱ्याई पिरोल्नाका लागि, एकासि उहाँ आइ लागेको देखी सहसा सारा ऋषिमुनिका शिष्यहरू हाहाकार गरी कराई हल्ला गर्दै भागाभाग गर्न--लागे ! तब झटपट उनी राजकुमारले धनु--बाण लिई उसै कु--वलय घोडामा चढी, राम्रो चित्र विचित्र कारीगरीले सुशोभित भएको धनुमा अत्यन्त तेजिलो अर्धचन्द्राकार बाण चढाई, बलका तोडले धनुको ताद्रो कानसम्म खिंची, घोर डरलाग्दो एक्लेबीर बनेलको रूप लिएको उस दैत्याधमलाई हाने । उस प्रहारद्वारा घाइते भै उ बनेलरूपी--दैत्य अन्धधुन्नसङ्ग कुलेलम ठोक्कै भाग्दै गयो । राजकुमार पनि उस घाइते दैत्यका पछि पछि पीछा गर्दै लघार्दै गए । उ घाइते दैत्याधम पनि आफ्नो बचाऊ गर्दै पहाड रूख बुट्टा बुट्यान झांङहरूले हिंडडुल गर्नालाई सारै अपठ्यारो भएको प्रायः अगम्यनै घनघोर जङ्गलका जङ्गल हुँदै फालहाल्दै बतासमान भै कुलेलम ठोक्कै गयो । औ अफ्ना पूज्य--पिताज्यूका हुकुममा तत्पर भएका वीर राजकुमारले हाँकिएको उ मनको वेग समान वेग भएको कुवलय घोडा पनि महावेगले उस बँदेलका पछि पछि पाइलो खेदै हावासङ्ग कुरा गर्न-लाग्यो । यस्ता तरहले ठूला बेगसङ्ग हजारौं योजन जमीनलाई नाघ्दै--पार-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्दै अन्नाधुन्न छिटो भएको उ बँदेल एक ठाउको जमीनमा प्वाल परेको एउटा प्वाल (सुरुङ्ग) भित्र घुसिहाल्यो। उसका साथै साथ झिमिकका झिमिकमा नै उनी अश्वारोही राजकुमार पनि उस भयङ्कर—घनरघोर अन्धकारले छाइएका सुरुङ्ग भित्र घोडालाई एक ऐड लगाई बडा वेगले घुसिहाले ! १०)

त्यस अन्धकारमय गुफामा घुस्ता घुस्तै त्यो बनेल-रूपी-दैत्य त्यसैई अलिप--हराइहाल्यो । राजकुमारले फेला पार्नु त परै जावस्, देख्न पनि पाएनन् र जाँदा जाँदा त पक्कासि उज्यालो पाताल लोक पो देखे ? तर त्यस बनेललाई देखेनन् । उनी राजकुमारले उहाँ सुवर्णा सुवर्णको हजारौं दरबार महलहरुले गञ्जा गोल भएको, सुन्दर पर्खालहरूले घेरिई सुशोभित भएको इन्द्रको अमरावती शहर बराबरको त्यस पाताल लोकलाई देखे। घोडामा सवार भएका उनी राजकुमार ऋतुध्वज उस पातालको शहरमा पसी एक्लै घुम्न डुल्न--लागे । उहाँ एक पनि कसैलाई देखेनन् चकमन्द सुन्ने सान्ने थियो। यस्तैमा डुल्दा डुल्दै हडबड गरी दौडदै जान लागेकी एउटी स्वास्नी मानिसलाई देखे र उनले "तिमीको व्हौ कहाँबाट आएकी व्हौं, कसकी व्हौ ? " इत्यादि झटपट सोधिहाले; तर कुनै कुराको पनि केही जवाफ नदिई उनी स्त्री एक महलमाथि उक्लिहालिन् । तब उनी राजकुमार पनि झटपट घोडाबाट ओर्ली उहीं एकातिर घोडा बाँधी आश्चर्य निर्भय र निःशंकसाथ यताउति पल्याक पुलुक हेर्दै उनै सुन्दरीका पछि--पछि नै महलमाथि पुगि-हाले। तब उहाँ एक अन्तः पुरको फराकिला सुसिज्जित सुन्दर बैठकका बीचमा बिछ्याइराखेको फराकिलो र रत्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जडित सुवर्णका सुन्दर पलङ्गमा बसिरहेकी साक्षात् काम-देवकी रती--समानकी कलङ्क रहित, पूर्णचन्द्र जस्तो मुहार, धनुका समान दुइ आँखी भौं, उच्च र पुष्ट स्तनजघन, पाकेका गोल काँक्रीका समान पुष्ट चील्ला र गुलाबी ओठहरू, छरीतो शरीर र बारुले कम्मर, नील कमलका समान दुइ आँखा अत्यन्त कोमल अङ्ग फुलेका गुलाबका समान लाल लाल हातपाउ, पुष्ट उच्च र स्निग्ध जाँघ दारिमका हार जस्तै सुन्दर सफा दन्त-पङ्क्ति काला चिल्ला मलिना नरम घुँघुरिएका--स्थिर अलका र श्यामा स्त्रीका लक्षणले युक्त भएकी सर्वाङ्ग सुन्दरी र अनङ्गका अङ्गलता समानकी बैठकैलाई झलमल्ल गराइरहेकी त्रिभुवन सुन्दरी एक कन्या रत्नलाई देखे। त्यस्तो देखेर उनी राजकुमार मन मनैमा " ओहो ! यी त साक्षात् यस रसातलकी देवी नै हुन् बा ! " भनि तस्बीर समानझैं टोल्हाइरहे ! उनो ललना-बालाले पनि काला चिल्ला घुँघुरि-एका कपाल भएका उच्च र पुष्ट छाति काँध बाहुहरू भएका युवावस्थामा भरखर भरखर कुल्चेका सर्वाङ्ग लावण्यमय सुन्दर त्यस्ता युवराज राजकुमारलाई देखेर " ओहो ! यी त साक्षात् कामदेवै हुन् बा ! " भनिठानिन् (२०)। अनि अभ्यन्तर खलबलिएकी र उतिखेरै लज्जा आश्चर्य दुःखमा डुबी आत्तिएकी औ केही दुब्लाएकी महाभाग्यवती उनी कन्यारत्न उस बसेका पलङ्गबाट झटपट जुरमुराउँदै उठिन् र " यी जवान देवता, यक्ष गन्धर्व, नाग, विद्याधरहरूमा को होलान् ? यी ठूला पुण्यात्मा नै हुन्, तब त यस्ता ठाउँमा यस्ता हिसाबले सहसा आइ-पुग्न सके ? नत्र सिति मिति यहाँ को आउन सक्छ ? " भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इत्यादि मन मनमा मनन गर्दै गुन गुनाउँदी छँदी, टोह्लाइ आँखा लोलाएकी छँदी उनी कन्या आकुल व्याकुल भै स्वाँ-स्वाँ गरी दमसमेत फुली उभिन नसकी, जमिनमा पुर्लुङ्ग ढली बेहोश भै मूर्छा परिहालिन् । तब काम सरले मर्मस्थलको अन्तस्तल घाइते भएका उनी राजकुमार झटपट अघिसरी नजिकै गै- " डराउनु पर्दैन, डराउनुपर्दैन ! " भन्दै उनी कन्यारत्नलाई आश्वासन दिलासा आड भरोस दिंदै बसे । उ उनी राजकुमारले अगिबाटै देखिएकी सुन्दरीचाहिं पनि सारै नै आकुल व्याकुल भै आँतिएर पंखा लिएर हंकनलागिन् । तब यस्ता तरहले उनी राजकुमारले आश्वासन दिएर होशमा ल्याइएकी उनी सुन्दरी कुमारीसँग मोह विशेष हुनाको (मूर्छा पर्नाको) कारण सोधे, तब केही लाज मानी निहुरिएकी उनी किसोरीले पंखा हंकन लागेकी आफ्नी सँगिनीतिर हेरी सुस्त सुस्त केही भनी उ कुरा राजकुमारलाई सुनाउनाको इसारा गरिन्, उनको इसारा बमोजिम उनी सँगिनी चाहिंले राजकुमारसँग बडो नरमी र विनयसाथ भन्न लागिन्- " प्रभो ! स्वर्गमा विश्वावसु भन्ने गन्धर्वका जो राजा छन्, हो, यिनी सुन्दरी उनैकी खुद छोरी (राजकुमारी) मैंया) हुन् । यिनको नाम मदालसा हो । यिनी उहीं गन्धर्वलोकका आफ्ना अन्तःपूरका भित्री पुतली बगैंचामा हावा खान लागेका मौकामा एकान्तको मौका पारी, शत्रुलाई निभाउन सक्ने र घोर जब्बर औ यसै पातालमा घर भएको बज्रकेतु भन्ने दैत्यको छोरो पातालकेतु नाम भएको दैत्यले अन्धकारको माया फिंजाई, बगैंचामा म पनि नभएका बेलामा एकली नै खेलिरहेकी यिनी मैयाँलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उडाई यहाँ ल्याई यसै महलमा राखेछ (३०) र अब आउने त्रयोदशीमा यिनीसङ्ग बिहा गर्ने निश्चय गरेको रहेछ। तर जस्तो शूद्र वेदश्रुतिलाई योग्य हुँदैन, त्यस्तै नै त्यो दैत्य पनि यिनी राजकुमारी कन्यारत्नको सर्वथा योग्य छैन। यस उसले हरेर यहाँ ल्याएका एक दुइ दिनमै यिनी मैयाँ आत्महत्या गरी मर्न खोजेकी थिइन्, त्यस्तैमा कामधेनु गाई आई–"यस दैत्याधमले तिमीलाई अवश्यमेव पाउँदैन; किन्तु यो दैत्य मर्त्य-लोकमा पुगेका मौकामा यसलाई जसले बाण हानी घाइते गराउला, हे महाभाग्यवती! उही सकल चाँडै नै तिम्रो भर्ता पनि होला! केही धन्दा शोक नमानी निर्धक्कसँग आनन्दमानी रहू।" भनि जानुभयो। म यिनै मैयाँकी प्रियतममा सँगिनी हुँ, मेरो नाम कुण्डला हो। म विन्ध्यवान् गन्धर्वकी छोरी, पुष्कर-माली गन्धर्वकी पत्नी हुँ। पतिलाई शुम्भले मारिदियो र विधवा भै परलोक सपार्नाका लागि दिव्यगतिले तीर्थहरूका यात्रा गर्दै मेला भर्दै हिंडिरहेकी छु। अहिलेएक छिन मात्र भयो, सो दुष्ट पातालकेतु दैत्य बँदेलको रूप लिएको कसले हो कुन्नि ऋषि मुनिहरूका रक्षाका लागि बाणले हाने छ र घाइते भै भागी आएछ। त्यै सबै यथार्थ बुझी हडबडीसाथ आएको हूँ। साँच्चि नै त्यस अधम दैत्यलाई कसले हो कुन्नि हानी घाइते गराएछ।"

"यहाँ सुकुमार राजकुमारी मैयाँ जो मूर्छा पर्नुभयो, त्यसको कारण म बिस्तार गर्दछु, सुन्नुहोस्। महोदय! हजूरको दर्शन पाउनासाथै यहाँ शाहजादीबाट अत्यन्त प्रेम र हर्षपूर्वक आफूलाई मीठो बोल चाल र लायकी गुणहरूका खानि भएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

औ देवकुमारसमान हजूरका चरणारबिन्दमा अर्पण गरी सुम्पिहाल्नुभयो। तर (कामधेनु गाईका भनाइ अनुसार) जसबाट त्यो दैत्य घाइते होला, उही सक्स नै पति हुने ठहराएका कारणले नै गर्दा यहाँ मैंया साहेब सारै नै मर्माहत मुट्ठु छिया छिया भै मूर्छा पर्नुभएको हो! हजूरचाहिं यहाँ मैंयाका हृदयको प्रेम पात्र हुनु भयो, भर्ताचाहिं अरू कुनै हुने भयो! यसै हिसाबले यहाँ मैंयालाई यस जिन्दगी भर नै मनमा ठूलो खोप रहिरहने भयो! (४०) कामधेनुको वचन अवश्य नै मिथ्या हुनै सक्तैन! यसै उसले हजूर, म पनि यहाँ मैंयाका प्रेमले गर्दा, यस कुराबाट सारै नै मर्माहत भै पिरिइरहेकी छु; किन भने आफ्ना दोस्ती सँगिनीका र आफ्ना शरीर (मन) मा केही पनि फरक हुँदैन। यदि यहाँ सुन्दरी सुकुमार राजकुमारी मैंयाबाट आफ्नो मन परेको बीर पति पाउनु भयो भने, म प्रेम र खुशीसाथ तपस्या गरूला भन्ने ठानेकी छु। हे महामते! तब यस्ता हिसाबले अचानक यहाँ आइपुग्नु भएको (हजूर) को हुनुहुन्छ? के कामलाई कसरी किन पाल्नु भएको हो? देवता, दैत्य, नाग, गन्धर्व, किन्नरहरूमा हजूर को हुनुहुन्छ? यहाँ मनुष्यको गति पनि छैन; फेरि यस्तो (हजूरको जस्तो मनोहर) शरीर मनुष्यको हुनु पनि असंभव नै छ! इत्यादि सबै कुराको राम्रो यथार्थ जस्ताको तस्तो जवाफ दिनुहोस्।"

कुण्डलाका यस्ता रसीला वचन सुनेर राजकुमार कुवलयाश्व भन्दछन्– "हे धर्मको मर्म बुझेकी र निर्मल बुद्धि भएकी सुन्दरी! 'को हौ, यहाँ कसरी आइ-पुग्यौ?' भन्ने जुन कुरा तपाईंले मसङ्ग सोध्नुभयो, त्यो सबै कुराको शुरुदेखिको नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बेली बिस्तार म लाउँछु सुन्नुहोस- हे सुन्दरी ! म महाराज शत्रुजित्को पुत्र हुँ। ऋषि मुनिहरूका रक्षाका लागि बुबाज्यूबाट पठाइबक्सिएकोले महर्षि गालवका आश्रममा आई, उहाँका ऋषि-मुनि तपस्वीहरूको रक्षा हेर विचार गर्दै रहेको थिएँ। त्यस्तैमा एउटा कुनचाँहि को हो कुन्नि ? कताबाट बँदेलको रूप लिएर विघ्न गरी पिरोल्न अचानक उहाँ आइपुग्यो ! र म झटपट घोडा चढी अर्धचन्द्राकार बाण लिएर त्यसलाई हानी घाइते गराई बाणको प्रहारले घाइते भै अड्न नसकी कुल्लेलम ठोक्कै भाग्न लागेको त्यसै बनेलका पछि-पछि पाइलो खेद्दै पीछा गर्दै हावासङ्ग कुरा गर्न लागे भाग्दा-भाग्दा एक्कासि त्यो बँदेल एउटा अनकण्टारका खोचका गउटा घोर अन्धकारका सुरुङ्गमा घुसी हाल्यो; अनि उसका साथै झिमिकमै मेरो घोडा पनि खेद्दै उसै सुरुङ्गमा घुसी, उस महा अन्धकारमा बिजुली चम्के-समान भै घुस्दै आउँदा आउँदा त (५०) एकदम उज्यालो भएको यस ठाउँमा पो आइपुगे र पहिल्यै झुलुक्क तपाईंलाई नै देखें। अनि उस बँदेलका बारेमा तपाईंलाई शोधे; तर तपाईंले केहो जयाफ नदिई हडबडीसाथ आउँदै यसै महलमा घुसिहाल्नु भो र म पनि तपाईंका पछिपछि नै आई यस लावण्यमय महलमा आइ-पुगेको हुँ। थी यहाँ सम्मनका कुरा सबै साँचा-साँचा हुन् भनिदिए; हे सुन्दरी कुण्डले ! म देवता, दानव, नाग, गन्धर्व वा किन्नर कोही पनि होइन। डेवादि गरिएका सबै नै मेरा पूज्य–पक्षका हुन्, म मनुश्य नै हु, यसमा तपाईंले केही कत्ति पनि शंका गर्नुपर्दैन।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यती भनेर नागकुमारहरू फेरि भन्दछन्- "बुबाज्यू, उनी राजकुमारका यस्ता प्यारा मीठा बचन सुन्नेविक्तिकै अझ्ना धुन्न खुशी भएकी छँदि उनी राजकुमारी मदालसाले हर्ष र लाजले गर्दा बोल्नै नसकी टोल्हाइरहेकी आफ्नी प्यारी दोस्ती कुराड-लाका मुखतिर हेरी भनिन्- "बुझ्नु भो, सङ्गिनी! कामधेनु गाइले जो जसो भनेकी थिइन् त्यो सबै जस्ताको तस्तै हुन लाग्यो!"

कुमारी मदालसाका कुरा सुनी हर्षले गद्गद भएकी कुराड-ला राजकुमारका मुखतिर हेरी भन्दछिन्- "महोदय युवराज! हजूरबाट जो आज्ञा भयो, त्यो बिलकुल साँचो हो, केही सन्देह रहेन; किन भने, नत्र ता यहाँ शाहजादीको हृदय पनि यसरी अरू उनाउ मानिसमा उसै किन गड्दथ्यो र ? बुझ्नुहोस् न ज्यादा कान्तिले चन्द्रमाको नै आश्रय गर्दछिन्, प्रभाले सूर्य-को नै आसरा गर्दछिन्, ऐश्वर्यले धन्य (बडा) को नै शरण लिन्छ, धृतिले धीर पुरुषकै आसरा लिने गर्छिन, क्षमाले उत्तम (ठूला बडा) कै आसरा लिने- गर्दछिन् । इत्यादि प्रकृतिका नियमानुसार विचार गरी हेर्दा सो पापी दानवाधम अवश्य नै हजूरैका बाहुलीबाट घाइते भएको हो ! यसमा केही शङ्का नै छैन ? गाईहरुमाकी ठूली भएकी त्यस्ती कामधेनु गाईले मि-थ्या कसरी बोल्दथिन् ? त्यस कारण यहा राजकुमारी हजूर-समान सकलगुण -संपन्न महाराज-कुमार जस्तासङ्ग पति संबन्ध पाएर धन्य-धन्य र ठूली भाग्यवती हुनु-भयो ! अब महोदय ? विधि-विधान पूर्वक राम्रा तरहले जुन कार्य गर्नु योग्य छ, त्यो गरि हाल्नुहोस् ?"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नागपुत्रहरू आफ्ना बाबु अश्वतरलाई यसै सिलसिलामा भन्दैछन् "इत्यादि यस्ता मनोहर–मीठा कुरा सुन्दरी कुण्डला-का मुखबाट सुनेपछि राजकुमार कुवलयाश्वले " हुन त तपाईं-ले गरेका सारा कुरा बिलकुल ठीक हुन; तर के गर्नु, म आफ्ना बशमा छैन " भनी कुण्डलालाई जवाफ दिए अनि कुण्डलाले पनि आफ्ना कुल-गुरु तुम्बुरुलाई संझिन् (६०)। सँझेकी मात्र के थिइन, राजकुमारी मदालसाका ज्यादा स्नेह र कुण्ड-लाका गौरवले समेत गर्दा उत्तिखेरै समिधा र कुशहरू लिएका गन्धर्व–कुलगुरु तुम्बुरु उहाँ झुलुक्कै झुल्किहाले। अनि झटपट मन्त्र––विधि––विधान पूर्वक अग्नि बालेर यज्ञ जुटाई विवाहका विधिले मङ्गलाचार गराइएकी कन्या मदालसा को कन्यादान गरी राजकुमारलाई पणिग्रहण गराएर विवाहको काम खतम गराएपछि उनी बुद्धिमान जसरी आए थे, उसै गरी आफ्ना आश्रमतिर तपस्याका लागि गै–हाले। अनि यति भै सकेपछि कृतार्थ भएकी उनी सुन्दरी कुण्डलाले पनि आफ्नी प्राण-प्यारी सङ्गिनी श्रीमती बाला मदालसालाई- "हे महोदये, महाभाग्यवती दोस्ती! यहा जस्ता वीर युवा युव-राजसङ्ग हजूरजस्ती जगत्सुन्दरीको (परस्परमा मणि काञ्चन समानको समागम भएको देखेर अब म कृतार्थ भएँ! (मलाई आजको जस्तो, यस्तो ठुलो हर्ष जिन्दगानी–भरमा भएको थिएन!) अब म केही कुराको कौनै फिक्री नलिईं आनन्द-पूर्वक ठूलो तपस्या गर्दछु औ तीर्थहरूका पवित्र जलले पवित्र भएकी म फेरि यस्ती अपवित्र रहने छैन?" भन्दै हिंड्न तयार भएकी उनी गन्धर्व–सुन्दरी कुण्डला फेरि आफ्नी प्यारी सङ्गिनी श्रीमती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मदालसाका प्रेम–पासले बाँधिएर गद्गद स्वरले श्रीयुवराज कुवलयाश्वसङ्ग भन्न–लागिन्–

" हे अगाध–बुद्धिशाली, महोदय, युवराज ! पुरुषहरूले त उपवेश दिन न सक्ने यस्ता हजूर जस्ता बडा पुरुषका उपर स्त्री जातिहरूले के उपदेश गर्नन् ? यसै उसले हजूरलाई म उपदेश गर्न योग्यकी छैन। फेरि पनि हजूरले विश्वास गरिएकी र आनन्द दिलाइएकी हुँदासमेत औ यही सर्वाङ्ग–सुन्दरी सुकुमारी गन्धर्व–राजकुमारी प्राणभन्दा पनि प्यारी सङ्गिनीका स्नेहले गर्दा, हे शत्रुसंहार कारी युवराज म हजूरलाई केही संझनासम्म गराई विन्ति चढाउछु, सुनिबक्सियोस्–लोग्नेले स्वास्नीलाई सधैंभरीनै भरण–पालन–पोषण र रक्षण हेर–विचार गरिरहनुपर्दछ। धर्म अर्थ कामहरूका सिद्धिका लागि स्वास्नी नै लोग्नेको मद्दतगार हुन्छे। जहाँ, जुन ठाउँमा लोग्ने र स्वास्नी परस्परमा मिलजुल गरी कामकाज गर्ने–हुन्छन्, उहाँ उस ठाउँमा धर्म–अर्थ कामहरू सबै कुरा जुटिरहन्छन्। हजूर, स्त्री नभै पुरुषले मात्र धर्म–अर्थ वा काम जुनसुकै कुरा पनि साध्न पाउन शक्तै–शक्तैन। स्त्रीमा नै धर्म–अथ कामहरू रहेका छन् ७०। त्यस्तै लोग्ने नभै स्वास्नीले पनि धर्म–अर्थ कामहरूको साधन गर्न पाउन सक्तै-सक्तिन। यसै उसले यो त्रिवर्ग (धर्म–अर्थ-काम) परस्पर पति–पत्निका मिल-·जुलमा नै रहने हुन्छ। हे राजकुमार ! स्त्री नभै पुरुषहरूले मात्रै देवता–पितृ- जहान परिवारहरूको र पाहुना पाथाहरूको पनि पूजनादि (पूजा-श्राद्ध खुवाइ पियाइ मान मिजासले हेर चाहा आदि) राम्रा तरहले गर्न सकिन्न ? पुरुषले परिश्रम गरी आर्जी कमाई ल्याएको धन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पैसा अन्न पात माल मत्ताहरू स्वास्नी छँदै--छैन भने पनि सह्यार संभार हिफाजत जतन नपुगी सखापै भै नाश हुने र अथवा यदि स्वास्नी भनाउँदी त छ; तर बिकम्मा खराप देख्नाकी मात्रै स्वास्नी सङ्केटिपकी छ भने, ता झन् सारा कुरा स्वाहा नै भै सखाप सर्वनाश हुने-हुन्छ । त्यस्ता नङ्गा पुरुषका कामको सिध्या-इँ त हुँदै--हुँदैन, यो प्रत्यक्षकै कुरो छ । परस्परका प्रेम मिल-जुलेनै लोग्ने स्वास्नीले धर्म- अर्थ कामहरू साध्न शक्छन् । छोरा छोरीद्वारा पितृहरूको, अन्नादि साधनहरू द्वारा अतिथिहरूको र आजा पूजाहरू द्वारा देवताहरूको प्रयोजन सिद्ध हुने हुनाले पति-व्रता स्त्रीहरूलाई हरतरहसङ्ग पुरुषले रक्षा गरिराख्नु पर्दछ । फेरि त्यस्तै नै पति नभई स्त्रीले पनि धर्म अर्थ काम सन्तानहरू पाउनै शक्तिन । यसै कारण यो त्रिवर्ग दम्पतीका नै अधीनमा रहेको छ। इत्यादि हजूरहरू दुवैजनालाई जो भन्नु पर्ने भनि हाल्नें । अब म आफ्ना खुशीले जहाँ हुन्छ जान्छु। महोदय, राजकुमार ! हजूर यहाँ गन्धर्व राजकुमारी श्रीमती मदालसासङ्ग भै धन-धान्यादि, पुत्रादि सुख आनन्दादि र दीर्घायुरारोग्यादिको सम्पादन गरी उत्तरोत्तर वृद्धि उत्थानउन्नति पाएर रहिबक्सियोस् । ”

यसै सिलसिलामा नाग कुमारहरू पनि आफ्ना बाबु नागराज अश्वतरलाई भन्दैछन्– “ बुवाज्यू, ती गन्धर्व-स्त्री कुण्डला, उनी दुवै जना यसस्वी दम्पतीलाई यति भनेर– मानो अशीर्वाद दिएर, आफ्नी सँगिनी मदालसा र उनका भर्ता श्रीमान् कुवलयाश्वरलाई ढोग भेट गरी बिदावारी भै, आफ्ना दिव्य गतिले मन लागेका ठाउँतिर रवाना भैगइन् । अनि उनी राजकुमार पनि आफ्नी प्रियतमा अर्धाङ्गिनी श्रीमती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मदालसालाई उसै कुवलय घोडामा चढाई आफूसँगै राखी, उस पाताल तलबाट निस्की पृथ्वीतलमा आउन भनी हिंडेकै मौकामा उहाँका निवासी सारा दैत्यहरूले देखी थाहा पाई पक्कासि– " लौ, स्वर्गबाट हाम्रो महाराज पातालकेतुले जुन कन्या रत्नलाई ल्याई बिबाह गर्न भनी जो राखिछोड्नु भएको थियो, लौ, उनैलाई लग्यो ! लग्यो !! उडायो ! उडायो !! " भन्दै धुमधामका साथ महाकोलाहल हल्ला मच्चाउँदै यताउता दौडा दौड गर्दै हाहाकार खलबल गर्न लागे। (८०) बस् अब के थियो र ? यत्तिमै उत्निखेरै झिमिकका झिमिकमै सारा शस्त्रा-स्त्र हात हतियार, त्रिशूल, भाला: सुइरो, तरबार, खुँडा, फर्सा, बञ्चरा, गदा, धनु, वाण, घुपत्रा इत्यादि लिई तमतयार भएका फौजहरूका साथै साथ पातालकेतु तंसिंदै आइपुगि हाल्यो र 'खबर्दार ! खबर्दार !! पर्खी ! पर्खी !! ' भन्दै हकार्दै उस दैत्यका फौजले चारैतिरबाट घेरा हाली उनी घोडचढी दम्पतीका उपर पक्कासि वाण, त्रिशूल, भालाहरू बर्साउन थालिहाल्यो । तब उनी ठुला शूरवीर पराक्रमी राजकुमारले पनि सारा दैत्यहरूका शस्त्रास्त्रलाई गन्दै नगनी मुसु मुसु हाँस्तै वाण धाराका वर्षाले खेलाँचीसँगै काटकुट पार्दै बेपत्ता गराइदिए ! फेरि बराबर दैत्यहरूले बर्साउँदै गरिएका र राजकुमारले छिन्न भिन्न गराउँदै उडाइएका तरबार, त्रिशूल, भाला, खुँडा गदाहरूका टुक्रा टाक्री छेस्का छेस्कीहरूले पाताल– तल तिल राख्ने ठाउँसम्म पनि नरही ढाकियो। घोर घमासान हुँदै थियो, यस्तैमा राजकुमारले त्वाष्ट्र नामको एक अमोघ अस्त्र लिएर दानवहरूका उपर छोडिदि हाले । तव उस महास्त्रका विशाल ज्वाला मालाका बड़ा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बेगका प्रभावले गर्दा जस्तो अघि महर्षिकपिलका तेजपुञ्जले सगर राजाका साठी हजार छोराहरू भस्माभूत भै सखाप भएथे, उस्तै नै सारा पाताल तलका ती दैत्यहरू पातालकेतुले सहित हाड खुरसमेत फुटी धुलिई भस्माभूत भै सबै सखापै भए।

तब सारा दैत्यदल बल रूप अनललाई निभाउने भएका उनी घोडचढी राजकुमार आफ्नी प्रियतमा स्त्रीरत्न मदालसाले सँग सँगनै पृथ्वीतलमा आई आफ्ना बुबा शत्रुजित्का राजधानी दरबारमा पुगिहाले। अनि बुबाज्यू महाराजका चरणारविन्दमा अभिवादन गर्दै, उहाँबाट ऋषिका साथमा गएदेखि पाताल पुगेको, कुण्डलालाई देखेको र मदालसालाई पाएको औ दैत्यहरूसँग लडाइँ परी उनीहरूलाई सखाप पारी मारेको र फेरि यहाँ आइपुगेसम्मको सारा हाल एक एक गरि बेलि बिस्तार लगाई बिन्ति गरी सुनाए। तब आफ्ना असल हृदय भएका सत्पुत्र कुवलयाश्वका इत्यादि चरित्र खुश खबर सुनी अन्नाधुन्न खुशी भएका महाराजबाट अत्यन्त प्रेम साथ आफ्ना छोरालाई अँगालो हाली कपाल सुँघ्दै सुमसुम्याई काखमा राखे (९०) र भन्न लागे– " पुत्र ! तिमी सत्पुत्र, सत्पात्र र महात्मा असल भै दिनाले म उद्धार भएँ। तिमीले गर्दा जुन धर्मात्मा ऋषिमुनिहरूले भय पार पिराउदेखि रक्षा पाए। जो हाम्रा पुरुखाहरूले सुयश सुकीर्ति सुनामहरू द्वारा प्रसिद्धि पाएका थिए, त्यो मैले सकभर फिंजाउँदै ल्याएको थिएँ; अब झन् त्यसैलाई ठूला पराक्रमी भएका तिमी जस्ता कुलका दीप वीर छोराले झन् बढाइ ज्यादा प्रसिद्धि गरायौ। हेर, छोरा ! आफ्ना बाबुले आर्जन गरि कमाइएका यस नाम कीर्ति, धन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पति र प्रताप पराक्रमहरूलाई जुन छोराले घट्न नदिएर थाम थुम गरी बचाइराख्छ, सो 'मध्यम' कहिन्छ। बाबुले कमाएका नाम यशहरूमा आफ्ना बर्कत बुद्धिले झन् थपी जुन छोराले ज्यादा गरी बढाउन सक्ने हुन्छ, त्यस्ता सकस-लाई सज्जन पुरुषहरूले 'उत्तम' भनी तारीफ गर्दछन्। औ जुन मानिस बाबु बाजेले कमाएका ऐश्वर्य पराक्रम यश कीर्ति-हरूलाई घटाउँदै बिगार्दै छुट्टी पार्दै नामेट गराउँछ, उस्ता कुजा-ङ्गार नादानलाई सबै सज्जन मानिसमाको अधम हो भनी निन्दा गर्नें गर्दछन्। हुन त जस्तो मैले अघि ब्राह्मण तपस्वी, साधु, सज्जनहरूको रक्षा हेरबिचार गरेको थिएँ, उस्तै नै तिमी छोराले पनि गर्‍यौ; तापनि जुन पातालहलमा जानु, पाता-लकेतु आदि दुष्टदैत्यहरूको संहार गर्नु इत्यादि कुरा मभन्दा पनि तिमीबाट बढ्ता भएका हुनाले तिमी पुरुषहरूमा उत्तम हुन आयौ। त्यस कारणले तिमी धन्य--धन्य भयौ! फेरि हे प्रियपुत्र बाबु! तिमी जस्तो छोरो पाउने सौभाग्य भएको हुनाले समेत पनि सबै पुण्यात्मा पुरुषहरूका बीचमा म पनि गुणवान् र साँच्चिकै प्रसंशा योग्यको बडो हुन आएँ।

जो मानिस बुद्धि-दान-पराक्रमहरूमा आफ्ना छोराभन्दा ज्यादा छैन, त्यस मानिसले छोराको प्रेम पाओइन कि, भन्न म सक्तिन। जो मानिस बाबुका नामले चिन्हिने हुन्छ, त्यस्ताको जन्म धिक्कारिने हुन्छ। जो मानिस पुत्रद्वारा (छोराका नामले) चिन्हिने हुन् आउछ, उसै सुजन्मा सज्जनको जन्म बयान गरिने हुन्छ। हेर, जुन मानिस आफैं (आफ्नै बुद्धि बर्कत इलम विद्याहरूले) प्रसिद्ध भै सबैले चिन्हिने हुन सक्तछ, उ मानिस धन्य भनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कहलाउछ। फेरि जुन मानिश मानिस बाबु-बाजेका नाता वा नामले चिह्निने हुन्छ, उ मानिस मध्यम भनि कहिने हुन्छ। (१००) त्यस्तै जुन मानिस आमाका नाता वा नाउँले अथवा मातृपक्षका नाताले जानिने हुन्छ, उ मानिसहरूमा अधम भनिने हुन्छ। त्यस्तै काटथा हे बाबु ! तिमी धन संपत्ति पराक्रम सुख आनन्द इत्यादि सबै बढिया कुराले मभन्दा विशेष उत्तरोत्तर वृद्धि पाउँदै उन्नत होऊ। यिनी सुकुमारी गन्धर्वराजकुमारी नारीशिरोमणि मेरी बुहारी पनि तिमीसङ्ग कहिल्यै अलग हुन नहोऊन्।"

यस्ता अनेक तरहसङ्ग प्रेमसाथ बुबा महाराजबाट वारंवार प्यारा कुराहरू गर्दै खातिरजामा दिंदै अँगालो हाली सुम्सुम्याइएका उनी राजकुमार कुवलयाश्वलाई उनकी अर्धाङ्गिनी श्रीमती मदालसाले सङ्ग उस दरबारका एकातिर रहेका उनका आफ्ना निवास (महल) तिर पठाइदिए।

यति भएपछि उनी राजकुमार बुबा महाराजका रजाइँमा उहीं उसै शहरमा र अरू-अरू बाग-बगैंचा, वन-जङ्गल, पहाड लेख, शिखर-व्यांसी नद-नदी-तलाउ इत्यादि रमणीय,स्थान हरूमा घुम--फिर गर्दै उनी प्राणाधिक प्रियतमा श्रीमती मदालसाका साथै साथ सहवास रमणका अमोघ सुख भोगादिको उपभोगादि सहित महा आनन्द मनाउदै रहन लागे। उनी मङ्गलमयी परम रमणी र महा सौभाग्यवती राजबधू मदालसा पनि दिनहुँ बिहान बिहान श्रीसासु ससुराज्यूमा अभिवादनादि सत्सेवा गर्दै अघि पछि प्राणाधिक प्रियतम जीवन सर्वस्व पति राजकुमारका समक्षमा रूजू रही टहल सुसार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्दै रमाउँदै रमण गर्दै रहन लागिन् ।

श्वश्रूश्वशुरयोः पादौ प्रणिपत्य च सा शुभा ।
प्रातः प्रातस्ततस्तेन सह रेमे सुमध्यमा ॥१०४॥

इति एक्काईसौं अध्याय

बाइसौं अध्याय

ततःकाले बहुतिथे गते राजा पुनः सुतम् ।
प्राह गच्छाशु विप्राणां त्राणाय चर मेदिनीम् ॥१॥

दुवै भाइ नागपुत्रहरू आफ्ना बाबु नागराजासङ्ग बराबर भन्दैछन् "उसका उपरान्त धेरैनै दिन बितिसके पछि एक दिन फेरि महाराज शत्रुजितबाट आफ्ना एकमात्र प्रियतम पुत्र रत्नलाई "हे बाबु! फेरि पनि तिमी ब्राह्मण साधु सज्जनहरूका रक्षा परिपालनका लागि सबैतिर हेर विचार गर्दै घुम्न चाँडो जाऊ। यसै कुवलय घोडामा सवार भै दिनहुँ बिहान बिहान हर हमेसा नै बारम्बार बराबर आलो पालोसङ्ग सबैतिर दौडाहा गर्दै ब्राह्मण साधु सज्जनहरूलाई बाधा पीडा पिराउ परेको हटाई सधैंभरी नै उनीहरूलाई आनन्द शान्ति पुऱ्याउनाको कोशिश गरि रहने गर।" भन्ने हुकुम भयो र अनि उनी राजकुमार श्रीमहाराज बुबाज्यूका हुकुम मुताबीकनै दिनहुँ बिहान–बिहान कहिले कतै, कहिले कतै आलो पालोसङ्ग राजाज्ञारूप प्रचण्ड दण्ड धारण गर्दै अखण्ड-भू-मण्डलको फेरा लगाउँदै दण्डाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दण्डदिन योग्य उद्दण्डमा दण्ड पातन र शिष्ट साधु जनमा आनन्द शान्ति पुऱ्याउँदै दौडाहा गर्दै आई, श्रीबुबाज्यूका हजूरमा हाजीर भै श्रीचरणारबिन्दमा साष्टाङ्ग दण्डवत् गर्ने गर्दथे । अनि अरु बचेका फुर्सतका मौकामा श्रीरानी मदालसाका साथ खेल बहाडहरू गरि रहन्थे।

यस्तैमा, एक दिन राजकुमार दौडाहा गर्दै गएका मौकामा श्री यमुनाजीका किनारमा ऋषिको आश्रम र एक दर्शनीय जटाधारी तपस्वीलाई देखे; तर उ साँच्चिको तपस्वी थिएन; किन्तु पाताल तल पाल दैत्य पातालकेतुको भाइ इन्द्रजाली तालकेतु, मतलब साधनाका नियतले तपस्वीको भेष ली उनी राजकुमारका आँखामा छारो हाल्न भनी बसेका थियो। अभ्यन्तरदेखिको पुरानु वैरभावलिई जलिरहेको उस ईखालु तालकेतुले वैरी साध्ने विचार गरी उहाँ पुगेका उनी राजकुमार कुवलयाश्वलाई भन्न लाग्यो– “ महोदय, राजकुमार ! यदि मेरो निवेदन लाग्दछ र मेरो भनाइ खेर जाँदैन भने साँच्चिकै कबुल गर्नु हुन्छ भने, म जो निवेदन गर्दछु, त्यो तपाईंबाट गरिदिनुपऱ्यो, गरिदिनुहोस् । हे वीर युवराज ! यज्ञ यागादिहरू गर्नुपर्छ औ उहाँ अन्तरिक्ष नपारी चितिहरू बनाउनु पर्दछ भन्ने इत्यादि शास्त्राज्ञा हुनाले धर्मका लागि यज्ञ गर्ने विचार गरेको छु, यसै उसले यहाँ अहिले मलाई सुवर्णको आवश्यक परेको हुनाले सुवर्णका लागि त्यो तपाईंले गलामा पहिरिरहनुभएको रत्नको हार दिनुहोस् (१०) र म यहीं जमुनाजीका जलभित्र पसी देश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुनियाँका शान्ति पुष्टि कल्याणका लागि जङ्ग जन्तुका मालिक भएका श्री वरुणदेवतालाई उनैका वैदिक मन्त्रहरूले स्तुतिहरू गरी चाँडै नै आउँछु; म नआएसम्म तपाईं मेरा यस आश्रमको हेर बिचार गरि यहीं बसिरहनु होला।" यसो भन्ने उसलाई नमस्कार गर्दै तुरुन्त नै आफ्ना गलाको रत्नहार सौंपी– "तपाईं आनन्दसँग निर्धक्क भै जानुहोस् तपाईं नआइपुगेसम्म म यही तपाईंकै आश्रमनेरै बसी, आश्रमको देख रेख गरिरहन्छु। हे महाभाग! ऋषे! तपाईंले केही धन्दा सुर्ता मान्नुपर्दैन। कत्ति हडबड नगरी राम्ररी पूजा पाठहरू गरिसकेर आउनुहोस्। म छँदा छँदै यहाँ तपाईंका आश्रममा जथवा तथवा गरी बिगार्न कसैले सक्के छैन।" इत्यादि आश्वासनले निधक्क भएको उ ऋषिवेशी तालकेतु तुरुन्तै जमुनाजीका जलमा चुर्लुम्म डुबिहाल्यो!"

यसै क्रमका अनुसार नाग राजकुमार दुवै भाइ आफ्ना बाबु नागराज अश्वतरलाई भन्दैछन्– "त्यो तालकेतु जलमा डुबेपछि, राजकुमार पनि आफ्ना कबूल बमोजिम उस तालकेतुका इन्द्रजालले बनाइएका आश्रमको हेरचाहा गर्दै कुरेर उहीं बसीरहे। उ महाछली जाली तालकेतुचाहिं उस डुबुल्की लगाएका ठाउँबाट पानी भित्र भित्र अलि पर पुगी जलबाट झट पट उत्रि झटार्दै हतार्दै झिमिक्कै महाराज शत्रुजित्का दरबारमा पुगिहाल्यो। महाराज महारानीहरू र मदालसा औ अरूहरूका सामुन्ने सोझो साँचिलो हुँदै, मुख अनुहार आकार प्रकारहरू बिगारी सारै नै दिग्दारी जाहेर गर्दै भन्न लाग्यो– "बडा शूर–वीर राजकुमार कुवलयाश्व जङ्गलमा मेरो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आश्रमका समीपमा हामी तपस्वीहरूको रक्षा गरिरहनु भएको थियो, उसै मौकामा पक्कासी कताबाट हो कुन्नि ? एउटा दुष्ट दैत्य आइलागि हमला गरिहाल्यो र उस ब्रह्मद्वेषी दुष्ट दैत्यलाई मार्नाका लागि उहाँ राजकुमारबाट भर मगदूर ताकत लगाई युद्ध गरिरहनु भएको थियो तापनि उस घोर भयङ्करको दुष्ट दैत्यले डरलाग्दो माया फिजाई पक्कासि निर्दयतासाथ राजकुमारका सहृदय हृदयमा त्रिशूल रोपी छेडिहाल्यो र उहाँ मरणान्त हुनुभयो । प्राण जाने बखतमा उहाँबाट उहींनिर उभिइरहेको मलाई देखी झट्ट यी यो मणिमाला गलाबाट झिकी दिइहाल्नु भयो र प्राण पनि छोडिहाल्नुभयो । अनि उहाँको लाशलाई उहीं जङ्गलमा सेवक शूद्रहरूले दाहा गराए। यति भएपछि आँखाभरी आँशु गरी घोर दुःख जाहेर गर्दै कराई हिंहिलिन लागेको उहाँको उ नविर्सिसक्नु घोडा पनि उसै दुष्टले उडाइलग्यो। (२०) यी सारा हेरिनसक्का सँझिनसक्का कुराहरू म अभागि पापीले आफ्ना अगाडि नै टुलु टुलु हेरिरहनुपर्‍यो । के लाग्दो रहेछ र ? लौ, अब उहाँका अन्त्यकालका संस्कार कर्म काज क्रियाहरू जे जे गर्नु गराउनु पर्छ, गराउनु होला। पत्यार र चित्त बुझाउनाका लागि लौ यही मणिमाला राख्नुहोस् । हामी तपस्वीहरूलाई यस्ता रत्न सुवर्णहरूको केही काम छैन।" इत्यादि भन्दै सो मणिमाला उहाँनिर जमिनमा राखिदियो। "

नाग पुत्रहरू धमाधम भन्दैछन्– "यसका बाद त्यो महापातकी बित्पातको इन्द्रजाली तालकेतु तत्काल नै तुरुन्तै सडक सीताराम भै हाल्यो । अब के थियो, यो महाभयङ्कर नराम्रो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खबर बात बातमै बिजुली चम्के सरी भै 'एक कान दुइ कान मैदान' भन्ने ठीक सारा राजदरबार, राज परिवार र सारा राजधानी दुनियाँहरूमा समेत प्रचार भै फिंजिइहाल्यो । महाराज महारानीहरू लगायत साराका सारा नै मूर्छा परी बेहोश भए। फेरि केहीबेरपछि ब्यूँझेका उनीहरू साराको घोर आर्तनाद को होलो अलाप बिलाप रुवाबासीले तमाम राज्यभरमा महा भयङ्कर अवस्था उपस्थित भैहाल्यो । हेर ! त्यो दृश्य देख्दा ढुङ्गाले पनि रुनु पर्थ्यो। औ बज्रको मुटु पनि टुक्रा टुक्रा हुन्थ्यो। साराका सारानै छाति पिट्दै, टाउको भुइँमा बजाँदै, लडी बुडी खाँदै चक्रधूम मच्याउन लागे । मदालसाले भने यस्तो घोर नराम्रो दृश्य हेर्नु सुन्नु नै परेन । उनी त पहिले नै प्रियतम जीवन धन, प्राण सर्वस्वका स्वर्ग वासका मृत्युको हृदय विदारक खबर सुन्दैमा र साथै त्यो प्रियतमका गलाको हार देख्दैमा तत्कालैमा प्राण छोडी मरिसकिहालेकी थिइन् । त्यस वेला सारा राज दरबार र सारा राजधानीमा रूवाबासी महाकोलाहलको नै रजाइँ भएको हो क्यारे भने जस्तो भैरहेको थियो। यस्तो अवस्था निकैबेरसम्म रहिरह्यो ।

खुद महाराजका उपर बितेका विपत्का पहाडको त बयानै थिएन ! तर के लाग्छ र जस्तै परे पनि आखिरमा चित्त नबुझाई सुखै छैन ! हेर आफ्ना त्यस्ता सत्पात्र सच्चरित्र पवित्र हृदय एक मात्र प्राणप्रिय छोराको मरण सुन्दा र उसका साथ साथै त्यस्ती असाधारण पतिव्रता मदालसा जस्ती बुहारीको प्रत्यक्ष मरण देख्ता पनि आखीर चित्त नबुझाई हुँदै भएन ! भित्र जे जस्तो भए पनि मुटु समाति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धैर्यतासाथ सारा परिवारलाई संझाँउदै बुझाँउदै भन्न लागे ।

" हेर , यो हामी तिमीहरू सबैका बीचमाको जो यो परस्पर परम्पराको संबन्ध बाधिएको छ, त्यो धेरै दिनसम्मको टिकाउ छैन ! किन्तु अस्थिर खालि दुइ चार दिनको बाहिर व्यवहार सम्म पार गराउनाको र असार अनित्य छ ! यस उसले यो सबै हेरी बुझी सबैलाई भन्दछु रोई कराई गरिरहनाले कुनै फाइदा छैन !रुनु कराउनु नगर जो हुनु थियो सो भैगयो ! हेर म के छोराको शोक गरू? के बुहारीको शोक गरू? उनी हरू दुवैजना पति र पत्नी पनि कृत कृत्य भएका विचारले शोक नगरीने योग्यका धन्य--धन्य छन् ? म जस्ता पिताको टहल सुसार गर्ने पितृभक्त र मेरै आज्ञाले ब्राह्मण साधुजनहरूको रक्षागर्ने धूनमा लागिरहेर तपस्वीहरूको रक्षा गर्दा-गर्दै लडाइँमा छाती दिई वीरगति पाउने त्यस्तो सकस वीर बुद्धिमान्हरूका बीचमा कसरी शोक गर्न योग्य होला ! (३०) एक न एक दिन अवश्य नै बितिजाने भएको यो जीउ यदि ब्राह्मण साधुजनहरूका निमित्तमा मेरो पुत्रले त्याग गऱ्यो भने त्यो देह त्याग अवश्यमेह अभ्युदय गराउने हुनुपर्दछ। फेरि यिनी सत्कुलमा उत्पन्न भएकी मेरी बुहारी पुण्यश्लोका मदालसा पनि आफ्ना पतिकै अनुगामिनी सती भै परलोक भएकी हुनाले झन् शोक नगरिने योग्यकी धन्य- धन्य पो भइन् ! स्त्रीहरूका लागि आफ्ना पतिभन्दा ठूला देवता अर्का कुनै छनन् ! भनी शास्त्रहरूमा बताइएको छ ! हो बरु यिनी मदालसा आफ्ना पतिविना विधवा भएर पनि बाँचिराख्ति हुन् ता हाम्रा कुल कुटुम्ब बन्धु बान्धवहरूलाई र अरू देख्ने सुन्ने दयावान्हरूलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि जन्मभर नै झन् शोक खोप गराइरहने हुने थिइन् । जुन यिनी पतिव्रता मदालसा आफ्ना पतिको मरण सुन्नेबित्तिकै तत्काल नै पतिकी अनुगामिनी भै सती गतिमा पुगिन् भने कुनै विद्वान्का दृष्टिमा पनि यिनी शोक सन्ताप गरिन योग्यकी भैनन् ! आफ्ना पतिसङ्ग वियोग भए पछि पनि, विधवा भै-भै जो स्वास्नी मानिस बाँचिरहन्छे' त्यै स्त्रीनै शोक र छि-छि दूरदूर गरिन योग्यकी भैरहन्छे; किन्तु जुन स्त्री मृतपतिका साथ-साथै अनुगामिनी भै पतिगतिमा पुग्छे त्यो कुनै अवस्थामा कसैले पनि शोक गरिन योग्यकी हुन सक्तिन ! उस्ती कृतज्ञा, पतिको सच्चा प्रेम उपकार गुण माया-हरूलाई अभ्यन्तरले नबिर्सी लिइरहेकी यस्ती स्वास्नीले नै स्त्रीका लागी सारै नै असह्य अशक्य भएको पतिका बियोगबाट हुने कष्टको अनुभव गर्नुपर्दैन । वरत्र परत्र यत्र तत्र सर्वत्र नै सर्वदा सर्व-कुराबाट आनन्द सुख भोग सौभाग्य सम्पत्तिका दाता भएका यस्ता पति देवलाई कुनचाहिं स्वास्नी मान्छे भनी ठान्ली ? अर्थात् यस्ता पतिलाई साक्षात् देवता नै भन्ने थान्दछे* हेर उ मेरो छोरो साच्चिकै छोरो पनि शोक गरिने

---

* हाम्रा यस भारत वर्षका सनातन आर्य सुन्दरी देवीहरूले अनादिकालदेखि अहिले समनै लगातार हिसाबले आफ्ना पति देवताका उपर अलौकिक अकृत्रिम असाधारण प्रेम भक्ति राखी पतिका निमित्तमा अन्यान्य तमाम सांसारिक सुख संपत्ति सर्वस्व र शरीर प्राणसम्मको केही पर्वाह नराखी सहर्ष पातिव्रत्य धर्मको परिपालन गरी गर्दै आइरहेका ज्वलन्त असाधारण उदाहरणहरू हाम्रा यहाँ हजारौं मौजूद छन् । औ=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योग्यको भएन । अनि यी बुहारी साँझिकी बुहारी पनि शोक गरिन योग्यकी भइनन् औ यिनीहरूको पिता र ससुरा हुनाको सौभाग्य पाएको म पनि शोक गरिन योग्यको भइन । फेरि त्यस्तै यिनी छोरा बुहारीहरूकी माता र सासू हुनाको सौभाग्य पाएकी यी मेरी महारानी पनि शोक गरिन योग्यकी भइनन् । अहा ! जुन वीर पुत्र सकसले ब्राह्मण साधुजनका रक्षाकालागि हर्षपूर्वक आफ्नो असाधारण प्राणसँम त्यागनाले हामीहरू सारानै संसार सागरबाट तरण तारण भै पार उतारियौं ।

अत्यन्त बुद्धिमान् भएका उनी मेरा आदर्श छोरा कुवलयाश्व आफ्नो परमधर्म परम कर्तव्य कर्म भएको ब्राह्मणादिका रक्षार्थ किञ्चित् नखाइ आफ्नो प्रियप्राण शरीर समेत त्याग गरी पितृ ऋण र ऋषि ऋणबाट अऋण हुन गए । उस्ता ब्राह्मणका रक्षा र धर्मार्थ संग्राममा प्राण त्यागेर उनी आदर्श पुत्ररत्नले आफ्नी माताको सतीत्व, मेरो वंशको उज्ज्वलता र खूद आफ्नो शूरता वीरता प्रकाश गराए । उनी मरेका होइनन्, झन् सदाका लागि अजरामर भएर रहेका पो हुन् । "

नागपुत्रहरू भन्दैछन्– " आफ्ना पति महाराज शत्रुजित्‌बाट इत्यादि उचित कुरा आफ्नो गृहस्थ जीवनको सर्वस्व, मुटुको टुक्रो, प्रियपात्र, प्राण प्रिय आफ्ना कुलको सूत्र रूप सत्पात्र

=यस आर्य पुण्यभूमिमा यस्ता आर्यसुन्दरी देवीहरूको महा प्रलयसंम पनि अभाव रहने छैन । यिनैका प्रभावले नै गर्दा आजसम्म भारतवर्षको धार्मिक मस्तक संसारका सामुन्ने उच्चो रहिरहेको छ औ आप्रलयान्त रहनेनै छ । अस्तुः

—अनुबादक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक मात्र पुत्ररत्न आदर्श पुत्रको त्यस्ता तरहसँग मरण भएको सुनेर अन्नाधुन्न हर्ष हुँदै आफ्ना पति महाराजतिर नजर दिएर (४०) महारानीले भनिन्– " महाराज ! त्यस्ता तरहसँग ब्राह्मण तपस्वी साधु सज्जनहरूका रक्षाका लागि आफ्ना कोखको रत्न पुत्ररत्न कुवलयाश्व परलोक हुनाले मलाई अहिले जस्तो जहाँसम्मको आनन्द हाशिल हुन गयो, त्यहाँसम्मको आनन्द हाम्रा श्री मुमाज्यूबाट र श्रीसासूज्यूबाट कहिल्यै पनि पाइवक्सीएन । रोगहरूले सताइएर अत्यन्त कष्ट झेल्दै मृतप्राय भै मृतशय्यामा पडिरही मृत्युको घडी गन्दै र शोकाकुल कोलाहल गरी रुवाबासी गरिरहेका छोरा छोरी स्वास्नी बुहारी जहानहरू र बन्धु–बान्धवहरूले वरिपरि घेरिएर ठूलो दुःख सासना खाँदै स्वाँ स्वाँ गरी स्वास फुलाउँदै हिक्का लिंदै जुन मानिस भना-उँदा पुतला मरेर जान्छन्; उस्ताकी आमाले छोरा पाएकी व्यर्थै हो । हर हमेसा नै गाई ब्राह्मण साधु सज्जन अनाथहरूका पक्ष र रक्षा उपकारमा तत्पर रहेर निर्भय भै लडा-इँमा लड्दा लड्दै शस्त्रास्त्रका आघातले घाइते हुँदै जुन वीर पुरुष वीर गति पाएर अजरामर हुँदै मरण पाउँछन्, उस्ता वीर सकस पुरुषनै यस पृथ्वी तलमा यथार्थ पुरुष हुन । त्यस्तै आफ्नाउपर आस भरोस राख्तै माग्न आउनेहरू देखि इष्ट–मित्रहरूदेखि र आफ्ना शत्रुहरूदेखि जुन सकस पराङ्मुख हुँदै पिठ्यूँ फर्काउँदैन, उस्तै नै सत्पुत्रले बाबुचाहिं 'पुत्रवान्' भन्ने पदवीले र आमाचाहिं 'वीरसू' भन्ने पदवीले शोभा-यमान हुन्छन् । फेरि जहाँसम्म आफ्नो छोरो संग्राममा शत्रु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरूलाई जिती विजयी हुँदैन, अथवा छाति दिई लड्दा लड्दै शस्त्रास्त्रले पवित्र भएर वीर-गतिमा पुग्दैन, त्यहाँसम्म नै आमा-चाहिंलाई आफूले पेट बोक्ताखेरिको कष्ट ज्यूँका त्यूँ नै रहिरहने हुन्छ। किन्तु छोरोचाहिं विजयी वा वीर-गतिमा पुगे पछि मात्र आमाचाहिंले उसलाई पेट बोक्ताखेरिको शासना बिर्सी सारा कष्टको सफल संझन्छे भनि संझन्छु।"

नागराजकुमारहरू पिता नागराज अश्वतरलाई भन्दछन्- "यस्ता उचित वाज्वी कुरा आफ्नी महारानीको शुनेपछि महा-राज शत्रुजितले राजदरबार बाहिर गै पुरोहितहरूद्वारा विधि-विधानसङ्ग बुहारी मदालसाको अन्त्य संस्कार दाहा काज क्रिया-हरू गरी गराई खल्को हाली छोरा बुहारीहरूलाई तिलाञ्जलि दिएर दरबारमा फिरी रहन लागे।

अब उतातिर उ तालकेतु ताली बजाउँदै, जाल साजीले गर्दा केही बेर भित्रमा यहाँसम्मको बदमाशी हाशील गरी कुवलया-श्वका घर बार दार दरबारलाई बरबाद गरी गराई, जहाँ-निर जस्तो गरी डुबेथ्यो, बहींनिर उस्तै गरी जमुनाजीका जलबाट निश्की उभियो र बडो-नम्रताले मीठो मसीनू बोली गर्दै राजकु-मार कुवलयाश्वलाई भन्न लाग्यो "हे राजकुमार ! तपाईले मलाई कृतार्थ गराई दिनु भयो। तपाईं यहाँ मेरा आश्रमबाट डेक नच-ली राम्ररी हेरविचार गरिरहनु भएको हुनाले मेरो धेरै दिनदेखिको मनको धोको अभिलाषा पूरा हुन पायो मेरो मनमा धेरै दिनदेखि महात्मा जलका मालिक वरुण देवताको यज्ञ गर्नाको जो अभिलाषा थियो, त्यो राम्ररी सिध्याएँ !! अब राजकुमार पाल्नु भए हुन्छ, पाल्नु होस।" उस बनावटी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जाली ऋषिरूप तालकेतुको कुरा शुनी खुशी भएका राजकुमार पनि उसबाट विदा पाएपछि नमस्कार गरिबरि गरुड र वायुका समान पराक्रमवाला उसै कुवलय घोडामा सवार भै सीधा आफ्ना बुवामहाराजका राजधानी दरबारतिर सोझिए (५०)

प्रणिपत्य स तं प्रायाद्राजपुत्रः पुरं पितुः ।
समारुह्य तमेवाश्वं सुपर्णानिलविक्रमम् ॥५०॥

इति बाइसौं अध्याय

अथ तेइसौं अध्याय ।

नागपुत्रहरू बाबु नागराजलाई बराबर भन्दैछन्—

स राजपुत्रः संप्राप्य वेगादात्मपुरं ततः ।
पित्रोर्विवन्दिषुः पादौ दिदृक्षुश्च मदालसाम् ॥१॥

"श्रीबुवा मुमाका दर्शन अभिवादनादि र प्राणाधिक प्रियतमा मदालसासङ्गका भेट घाटको इच्छा भएका उनी युवराज कुवलयाश्व उस आश्रमबाट एकदम कतै पनि दम-श्रम नमारी बडा वेगले सरासर आफ्ना शहरमा आइपुगे। अनि एक्कासि उहाँका सारा शहरिया रैती दुनियाँदारहरूलाई सारै नै दिग्दार भइरहेका र फेरि आफुलाई देख्नासाथ सारै आश्चर्य औ खुशी हुँदै हँसिलो मुख पराँउँदै आफु आफु परस्परमा पलाक पुलुक हेर्दै "अहो! ठूला भाग्यले दर्शन पायौं, ठूला भाग्यले दर्शन पायौं!" भन्दै आपस आपसमा अङ्कमाल हालाहाल गर्दै कुतूहलसाथ यताउती दौडादौड गर्न लागेका र– "हे महोदय राजकुमार! दीर्घायु होइबक्सियोस्!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अब हजुरका सारा वैरी दुश्मनहरू मारिए ! अब बुवा मुमा-हरूलाई आनन्द गराई, सारा हामीहरूका मनलाई ठण्डा गराई बक्सियोस् , भन्दै हर्ष मनाउँदै गर्न लागेका देखे !

नागपुत्रहरू भन्दछन्–" यस्ता प्रकार सारा शहरिया दुनियाँ-दारहरूले सपरिवार भै जय जय मनाउँदै तारीफ गर्दै, लावा अबीर फुलहरू बर्साई हर्षाइएका र सारा उनीहरूले घेरिएका औ यस्ता प्रकार साराका व्यवहार चाल चलनहरूदेखि उदेक मान्दै बिलख-बन्दमा परेका हुंदा उनी राजकुमार सरासर राज दरबारमा पसे। तब उनीलाई देख्नेबित्तिकै महाराज महारानीहरूबाट र अरू बन्धु-बान्धव जहान परिवारहरूले समेत मुस्कुराउँदै " चिरञ्जीव चीर-ञ्जीव भन्दै शुभाशीषहरू दिए। पहिले कहिल्यै पनि नभएको आफ्ना उपरको साराको त्यस्ता प्रकारको व्यवहारले गर्दा सारै नै अचम्म मानेको उनी राजकुमार ऋतुध्वजले श्रीबुवाज्यू महाराजका हजु-रमा निवेदन गर्दै " यो के चालाहो ? " भनि शुध्याए। तब महाराजबाट पनि शोक बिलौना गर्दै आफ्ना उपर गुज्रेका बज्रपातको सारा गथासो वेली बिस्तार र साथै छाति कडा गराई बडा मुश्किलसँग बुहारी मदालसा मरण भै बितिगएकी दारुण नराम्रो खबरसमेत शुनाइहाले । हरे ! त्यस्ती आफ्नी हृदयकी अधीश्वरी प्राणाधिक-प्रियतमा धर्मपत्नी मदालसाको त्यस्तो किसिमको अकालमरणको दारुण-खबर शुन्दा एकाएक उनको सारा शरीर नै सुन्न भै निदाएको जस्तो भएर लाटियो ! पत्थरकै मूर्ति समान भै ठिङ्ङ उभिई टोल्हाइरहे ! तर के गरुन् ? बुवा र मुमा सामुन्ने हुँदा दिल खोली अलाप-बिलाप-शोक गर्न र रुन-कराउन शकेनन् ! सारै नै शोक र लाजका समुद्रमा निमग्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुँदै मर्माहत भएर जिन्दगीबाट बिलकूल हतास हुनुगए ! " अहो! हरे, उनी भरखरकी पतिव्रता बालाले मेरा मरणको दारुण खबर शुन्नासाथ आफ्नो प्रियतम प्राण पनि त्याग गरी मरिहालिन् ! हेर, म र कस्तो क्रूर-निष्ठुर ! धिक्कार होस् ! मलाई, मेरो यस निष्ठुरी जिन्दगीलाई ! त्यस्ती, मेरालागि प्राणसम्मलाई केही नगनि मर्ने भएकी आफ्नी प्रियतमा मृगलोचनी, सुन्दरी, सती धर्म-पत्नीको त्यस्तो दारुण मरण–खबर शुन्दा पनि नमरी बाँचि-राख्न-शक्ने निर्घिनी–दयाहीन–ढुङ्गाभन्दा कडा छाति भएको मलाई शयकडौं धिक्कार छ !!! " भन्न इत्यादि मन–मनमा मनन गर्दै गुन्दै नितान्त चिन्ता गर्न–लागे ! (१०) फेरि आकुल-व्याकुल र छट्पटि भएका उनी शोकार्त राजकुमार स्वाँ स्वाँ गरी बेगले छिटो--छिटो शास फेर्दै, भरिशक्य मोह- बेहोशीपनलाई हठात हटाउँदै, मनलाई सम्हाल्दै, मन--मनमा मनन गर्दै विचार गर्न-लागे—"यदि उनी प्यारी मदालसा मेरा निमित्तमा मेरा शोकले गर्दा मरिन् भनेर म पनि यदि मरिहालुँ भने पनि मबाट उनको के उपकार हुन -शक्ने भयो र ? किनभने, उनको यस्तो पति-- अनुगमन भएर सती भै मर्ने काम स्त्रीहरूका लागि खास प्रशंसा-तारीफकै योग्यको ठूलो–राम्रो कुरा हो ! यदि म दीनतासाथ 'हा प्यारी !' भन्दै बराबर अलाप--विलाप गर्दै रुनु-कराउनु गरुँ भने पनि हामी पुरुष सच्चा मर्दहरूका लागि त्यो राम्रो र उचित कुरो होइन ! फेरि शोक-सन्तापले गर्दा अलमल्ल परी, के गरूँ के न गरूँ, भै दीन–दुःखी भएको र माला–चन्दन इत्यादिले हीन तथा मलले मन मलिन, अङ्ग–मलिन भएको हुँदो म विपक्षइरूद्वारा तिरस्कृत र निन्दा हेलाँ गरिएर हेपिने हुन–जानेछु । मैले ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस जिन्दगीलाई श्रीबुवा--मुमाज्यूका टहल--सुशारहरूमा र शत्रु–निभाउने काममा लगाउनु नै मुख्य -कर्तव्य हुनाले यो जीवन त्याग गर्नु सर्वथा नै उचित हुँदैन! अब यस विषयमा निश्चय-साथ अतिशय विषय--वासनाको त्याग गरी स्त्रीसंसर्गका भोग--विषय--सुखलाई छोडिदिनु नै मुख्य कर्तव्य बुझ्दछु! तर त्यो काम पनि उनी प्रियतमाका लागित सर्वथा नै केही कामको र उपकारका पनि हुने-शकेन! किनभने, उनी प्यारीले मेरालागि अतिप्रिय प्राणसम्म पनि त्याग गरि परलोक भएकी हुनाले अब मैले उनको उपकार गर्ने र अपकार गर्ने पनि माया–मुहब्बतको कर्तव्य गरेको न गर्‍यै हुन्छ; किनभने, उनका त्यागका अगाड़ि मैले जे जस्तो काम गरें भने पनि सानु र थोरै नै हुन–जान्छ!"

नागपुत्रहरू भन्दछन्– " इत्यादि कुरा विचार गरी उनी राजकुमारले खलको हाली तिलाञ्जलिहरू दिई अरू गर्नु–पर्ने अन्त्यकालका क्रियाहरूबाट निवृत्त भै ऋतुध्वज फेरि विचार गर्दछन्–" यदि अब यस जन्ममा मेरी उनी प्रियतमा मदालसा पाउन शकिन भने, यस जगत्मा अर्को कुनै जस्तिसुकै पनि स्त्री मेरी भार्या हुनशकने छैन! उनी सुकुमारी गन्धर्वराजकुमारी मदालसा बाहेक अर्की कुनै स्त्रीसँग पनि म विवाह समागम भोग गर्ने छैन! यो मेरो सत्य–प्रतिज्ञा हो, सच्चा कबूल हो! (२०) उस्ती गजगामिनी सद्धर्मचारिणी उनी धर्मपत्नी बाहेक अर्की कुनै पनि अङ्गनालाई सर्वथा म अङ्गीकार गर्ने छैन! यो मेरो सत्य बोल–कबूल हो!"

नागपुत्रहरू आफ्ना बाबु नागराज सँग भन्छन्---" यस्तो सत्यप्रतिज्ञा गरेर उनी मदालसाका बिरह–वियोगले गर्दा उनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजकुमारले स्त्रीहरूसँगको सहवास-सर-सोहेवत नै एकाएक चटक्कै छोडी खाली आफ्ना दौतँरी साथीभाइहरूसँग सुशील-सच्चरित्रका खेल–बहाडहरू गर्दै--रहन लागेका छन्। बुवा! उनको त्यै नै मुख्य कार्य छ! त्यो काम र ईश्वरदेखि बाहेक अरु कस्ले गर्न शक्ने हो र? फेरि मदालसा खडा हुनपाउनु त अत्यन्त नै असम्भवको कुरो छ!"

जड भन्दछन्- "आफ्ना छोराहरूका त्यस्ता कुरा सुनेर नागराज अश्वतर ठूला बिचारमा परे; अनि सारा कुरा बिचार गरिसकेपछि केही मुसुमुसु हाँस्तै आफ्ना छोराहरू-लाई भने–"यदि मानिसहरू अगाडि नै नशक्तिने संस्फिएर काममा केही कत्ति पनि कोशिश नगरी अलमलमा परिरहने गरे भने उनी, अनुद्योगीहरूका उद्योगका हानीले गर्दा खूद उनीहरूकै अत्यन्त हानि नुकशानी हुने हुन्छ। पुरुषले आफ्ना पुरुषार्थलाई नछाडी कामको आरम्भ गर्ने गर्नुपर्दछ। कामको समाप्ति परम्पार भै पूरा हूनू भनेको पुरुषका यथार्थ पुरुषार्थमा र दैवसञ्चित कर्म वा आफैले अघि गरिएका उद्योगमा नै निर्भर हुने हुन्छ त्यस कारण हे छोराहो! जुन जस्ता तरहका लगातार घोर कठोर तपश्चर्याले यो काम चाँडै नै जस्ता परिले साध्य हुन शक्ला, उस्ता किसिमको कोशिश मिहिनत गर्नमा म आजदेखि तत्पर भएँ?"

जड भन्दछन् "आफ्ना छोराहरूलाई यति भनेर उनी नाग-राज अश्वतर हिमालय पर्वतका प्लक्षावतरण नामका तीर्थमा गएर कठोर तपस्या गर्न लागे!

फेरि वहाँ उनी नागराज त्रीकाल–स्नानादि साथै इन्द्रियह-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूलाई वश गरी श्री सरस्वती शारदा देवीको ध्यानादि र वाणीहरूद्धारा बह्माको स्तुति पाठ गर्न लागे ।

अश्वतर उवाच

जगद्धात्रीमहं देवीमारिराधयिषुः शुभाम् ॥
स्तोष्ये प्रणम्य शिरसा ब्रह्मयोनिं सरस्वतिम् ॥३०॥
सद्सद्देवि यत्किञ्चिन्मोक्षवच्चार्थवत्पदम् ॥
तत्सर्वं त्वय्यसंयोगं योगवद्देवि संस्थितम् ॥३१॥
त्वमक्षर परं देवि यत्र सर्वं प्रतिष्ठितम् ॥
अक्षरं परमं देवि सँस्थितं परमाणुवत् ॥१२॥
द्।रुण्यवस्थितो वन्हिर्भौमाश्च परमाणवः ॥
अक्षरंपरमं ब्रह्म विश्वञ्चैतत् क्षरात्मकम् ॥३३॥
तथा त्वयि स्थितं ब्रह्म जगच्चेद्मशेषतः ॥
ओंकारक्षर संस्थानं यत्तु देवि स्थिरास्थिरम् ॥३४॥
तत्र मात्रात्रयं सर्वमस्तिचदेवि नास्ति च ॥
स्त्रयोलोकास्त्रयो वेदास्त्रैविद्यं पावकत्रयम् ॥३५॥
त्रीणी ज्योतिषि वर्णाश्च त्रयो धर्मागमस्तथा ॥
त्रयो गुणास्त्रयः शब्दास्त्रयो वेदास्त्रयाश्रमाः ॥३६॥
त्रयो कालास्तथावस्थः पितरोऽ हर्निशादयः ॥
एतन्मात्रा त्रयं देवि तव रूपं सरस्वति ॥३७॥
विभिन्नदर्शिनामाया ब्रह्मणो हि सनातनः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोमसंस्था हविःसंस्था पाकसंस्थाश्च सप्तयाः॥३८॥
तास्त्वदुच्चारणाद्देवि क्रियन्ते ब्रह्मवादिभिः ॥
अनिर्देश्यं तथा चान्यदर्धमात्रान्वितं परम् ॥३९॥
अविकार्यक्षयं दिव्यं परिणामविवर्जितम् ॥
तवैतत्परमं रूपं यन्न शक्यं मयोदितुम् ॥४०॥
न चास्येन च तज्जिह्वा–ताम्रोष्ठादिभिरुच्यते ॥
इन्द्रोऽपि वसवो ब्रह्मा चन्द्रार्कौ ज्योतिरेव च ॥४१॥
विश्वावासं विश्वरूपं विश्वेशं परमेश्वरम् ॥
सांख्यवेदान्तवादोक्त बहुशाखास्थिरीकृतम् ॥४२॥
अनादिमध्यनिधनं सदसन्न सदेव यत् ॥
एकत्त्वनेकं नाप्येकं भवभेद–समाश्रितम् ॥४३॥
अनाख्यं षड्गुणाख्यञ्च वर्गाख्यं त्रिगुणाश्रयम् ॥
नानाशक्तिमतामेकं शक्तिवैभविकं परम् ॥४४॥
सुखासुखं महासौख्यरूपं त्वयि विभाव्यते ॥
एवं देवि त्वया प्राप्तं सकलं निष्कलञ्च यत् ॥
अद्वैतावस्थितं ब्रह्म यच्च द्वैते व्यवस्तिम् ॥

येऽर्था नित्या ये विनश्यन्ति चान्ये,
ये वा स्थूला ये च सूक्ष्मातिसूक्ष्माः ॥
ये वा भूमौ येन्तरीक्षेऽन्यतो वा;
तेषां तेषां त्वत्त एवोपलब्धिः ॥४६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यच्चामूर्त्तं यच्चमूर्त्तं समस्तम्,
यद्वा भूतेष्वेकमेकञ्च किञ्चित् ॥
यद्दिव्यास्ति क्ष्मातले खेऽत्पतो वा;
त्वत्सबन्धं त्वत्स्वरैव्यञ्जनैश्च ।।४७।।

नागराज अश्वतरले यस स्तोत्रद्वारा यस्ता तरहसंग स्तुति आराधना गरिएकी, श्री विष्णु भगवान्की जिभ्रा स्वरूपिणी श्रीशारदादेवी प्रसन्न भएर नागराज अश्वतरका अगाड़ि प्रकट भै भन्नुहुन्छ—" हे नागराज ! कम्बलका भाइ अश्वतर ! तिम्रा मनमा जे-जो-जस्तो इच्छा छ, त्यो मसंग भन माग ! त्यै वर म तिमीलाई दिन तयार छु दिन्छु । " श्री सरस्वतीका ठूला निगाहसाथका यस्ता आदेशले गद्गद हर्ष भएका नागराज अश्वतर हातजोडि विनयसाथ निवेदन गर्दछन्- "हेदेवि ! हजुरबाट पहिले मलाई मद्दतका लागि मेरा दाज्यु कम्बलसंग भेठ गराई दिनुहोस अनि हामी दुवैभाइलाई सम्पूर्ण स्वर संबन्ध साते स्वरका योजना आरोह अवरोह क्रम आदि क्रियाहरूले युक्त गान बजानहरूमा अभिज्ञता दक्षता दिनुहोस ? (५०) नागेन्द्र अश्वतरको यस्तो वर याचन शुन्नु भएर श्रीसरस्वतीजी भन्नुहुन्छ " हे नागहरूमा श्रेष्ठ भएका र पाप नभएका अश्वतर ! लौ हुन्छ, तिमी र तिम्रा दाज्यु नाग श्रेष्ठ कम्बल पनि दुवै भाइनै सात स्वर सात राग ग्रामहरू, सतै गीतहरू, साते मूर्छनाहरू र उनञ्चास तालहरू औ तीनै ग्राम इत्यादि सारा अङ्गप्रत्यङ्ग सहित सर्वाङ्ग गान बजानहरू र नाचहरू यथार्थ गरी गाउन बजाउन र नाच्न सक्ने भयौ । मैले वरदान दिएँ। फेरि हे भुज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गेन्द्र ! मेरा प्रसाद निगाहले गर्दा त्यस्तै अरु अरु सकल गान बजान संबन्धी चारै प्रकारका पद तीनै प्रकारका ताल, तीनै लय र तिनै यति औ चारै प्रकारका बाजा (१) तल तार लगाएर बजाइने बेन सितार गीतार आदि (२) आनद्ध छालाले मढिएर बज्ने, मृदङ्ग, तबला, आदि (३) शुषिर मुखले फुकेर बजाइने बाँसुरी, सहनाइ, नरसिंहा, आदि र (४) घन काँसोका घराट, झ्यली, आदि बाजाहरू इत्यादिका बिषयमा पनि निपुण भयौ। फेरि तिमी दुवै भाइलाई अझ झन् अरु अरु स्वर व्यञ्जनादिले युक्त संगीत-शास्त्रहरूका सूक्ष्म सूक्ष्म तत्व विषयहरूको ज्ञान पनि मैले दिएँ, पायौ। जुन कुरा (सङ्गीत- शास्त्रविषयक तत्वहरू) मा मर्त्यलोक र पातालत्लोकमा पनि तिमीहरूलाई भेट्टाउन शक्ने अरु कोही हुने छैन ! हे पन्नग-श्रेष्ट तिमी दुवैभाइ मर्त्यलोक पाताललोक र स्वर्गलोकमा समेत यस सङ्गीतका सकल तत्वको प्रणेता, प्रचारक र गुरु हुनेछौ।"

जड भन्दछन्- "उनी नागहरू दुवै भाइलाई वरदान दिनाका साथै यही आदेश गरेपछि संपूर्ण जगत्की जिभ्रास्वरूप भएकी कमललोचना श्रीसरस्वती शारदादेवी उनीहरूले हेर्दा हेर्दै तुरुन्तै अलिपनु भयो। अनी उनी दुवै भाइ पनि गान बजान संबन्धी ज्ञान विज्ञानमा पहिला हुनगए। तब उनी दुवै भाइ नागहरू सुमधुर वाणीले युक्त वीणाका लय ताल सूरमा प्रवीणता पूर्वक सातै राग र रागिणीहरू गाएर कैलाश शिखरीका शि-खरमा स्थिर रहनु भएका र अनङ्गका अङ्ग प्रत्यङ्गसमेतलाई भस्माभूत गराउनु हुने श्रीमहेश्वर हरलाई आराधना प्रणाम गरी रिझांउन अत्यन्त कोशिश गर्नलागे (६०) यस्ता तरहले दिनका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिन बिहान बेलुका, रात दिन हरहमेशा नै तनमन मनन निधिध्यासन ध्यानहरू श्री महादेवमै लगाई, गाई, बजाई, नाची, तपस्या गर्नें भएका उनीहरूको धेरै काल बित्यो। अनिपछि उनीहरूका निरन्तर लगातार हिसाबले गरिएका गान, बजान, नाचहरूले युक्त तपस्यादेखि खुशि हुनु भएका श्रीशङ्करबाट प्रकट भै उनी नागराज दुवै भाइलाई "लौ जे जस्तो जुन बर माग्नु छ माग, लेओ" भन्ने आज्ञा भयो तब कम्बलका संगै अश्वतरले शितिकण्ठ उमापति श्री महादेवका चरणारबिन्द-द्वयमा साष्टाङ्ग दण्डवत् प्रणाम गर्दै हातजोरी "हे त्रिलोचन देवदेव प्रभो! यदि हाम्रो प्रति प्रभु पिता माता प्रसन्न होइबक्सिएको छ भने युवराज कुवलयाश्वकी मरेर गएकी युवती पत्नी मदालसा जो थियिन् उनी उही उमेर, उही कद, उही रूप गुण, शील, स्वभाव प्रभाव इत्यादि साथै तुरुन्त नै मेरी छोरी भएर उत्पन्न भैहालुन्। प्रभो! यस्तै नै यही वरको-हामी-हरुलाई ठूलो इष्ट अभिलाषा र आवश्यकता छ। त्यै वर बक्सि-योस्। हे भक्तवत्सल प्रभो! उनी मदालसालाई पहिलेको सबै जातिस्मरण पनि रहोस् औ पहिलेकै जस्तै उनमा तेज कान्ति हिस्सी विद्या विद्वत्ता बुद्धि सिद्धि योग इत्यादि पनि हुन्। उस्ती सबै कुराले सम्पन्न श्रीमती मदालसा मेरा घरमा तुरुन्तै जन्मियुन्।" भनी बिन्ति गरे। उनी नागका यस्ता वर-याचन शुनेर श्रीमहादेव भन्नुहुन्छ–

"हे पन्नगश्रेष्ठ अश्वतर! जो जस्तो भनी वर माग्यौ, त्यो सबै मेरा प्रसादले त्यस्तै नै हुनेछ। हेनाग! निश्चय मानेर यो शुन। हेर, तिम्रा घरमा श्राद्ध परेका दिन पवित्रतासाथ चित्त-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लगाएर दोश्रो चाहीं पिण्ड आफुलेनै खानु बुझ्यौ ? अनि हे नागश्रेष्ठ ! तिमीले त्यो खाने बित्तिकै नै तिम्रा माज्झी फणादेखि उनी मदालसा जुन उमेर स्वरूपमा मरेर गएकी थिइन्, बिलकूल ठीक ठीक उस्तो नै तिमीले भने जस्तै गरी उनी मङ्गलमयी मदालसा उत्पन्न हुने छन् ! अब तिमी यिनै इच्छा राखी पितृको तृप्तिकारक श्राद्ध गरिहाल र तिम्रा शुसाएका माज्झी फणादेखि उत्तिखेरै तुरुन्तै नै उनी सुन्दरी मङ्गलमयी मदालसा पहिलेकै जस्तै उमेर, रूप, शोभा, हिस्सोहरूका साथै उब्जी हाल्नेछन् ।" यस्ता तरहले श्रीमहादेवबाट आश्वासन सहित बरदान पाएर अन्नाधुन्न आनन्दमा परेका उनी नागराज दुवैभाई श्रीमहादेवका चरणारविन्दमा ढोगदिएर बिदाबारी भै पातालतिर रवाना भए ! (७०)

उनी नागराज दुवैभाई पातालमा पुगेपछि श्रीमहेश्वरका आदेशानुसार नै कम्बलका भाइ अश्वतर नाग एक गुप्त एकान्तस्थानमा रही पितृको श्राद्ध गरेर उसै आफ्ना मन कामनाको ध्यान संझना गर्दै दोस्रो चाहीं पिण्ड आफैंले खाइहाले । तब उत्तिखेरै उनका शुसाइएका बीचका फणादेखि उनी सर्वाङ्गसुन्दरी मदालसा बिलकूल जस्ताकी तस्ती नै उत्पन्न भै उनका अगाडी नै खडा भैहालिन् । यो कुरा उनी अश्वतरले कसैलाई पनि नभनी बिलकूलै अरू कसैलाई पनि थाह नहुने चालसङ्ग जसको पायो उसको आवागमनै नभएका भीत्र रनिवासका पनि भित्री अत्यन्त सुरक्षित र गुप्ती ठाउँमा चाहिने शुशारे नानीहरूका देखरेख हिफाजतसाथ राम्ररी उनी सुदती सुन्दरी मदालसालाई थन्क्याइराखे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उतातिर र उनी नागकुमार दुवै भाइ रोज रोज नै राजकुमार ऋतुध्वजकहाँ आउँदै देवताहरूका समान सुख आनन्द मनाउँदै आमोद प्रमोद गर्दै खेलबहाड गर्दै जाने गरिरहेकै थिए; यस्तैमा एकदिन खुशी भएका नागराजले आफ्ना छोराहरूलाई भने- "हे छोरा हो ! हेर, तिमीहरूका महाउपकारी र प्राणसमान प्रियतम दोस्त उनी राजकुमार ऋतुध्वजलाई एक फेरा यहाँ लिएर आओ, भनेर म तिमीहरूलाई अगाडिदेखि नै बराबर आग्रहसाथ कती भन्दै छु; तर तिमीहरू त्यो कुरो शुन्दै शुन्दैनौ ! खै, एक फेर पनि उनीलाई ल्याएनौ, किन हो हँ ? अब जहाँसम्म हुनशक्छ, जसरी भए पनि चाँडो उनी राजकुमारलाई लिएर आओ ! हामीले पनि जो शक्तो, उनको सत्कार-उपकार-स्वागत-मान-भाऊहरू गर्नु नै पर्दछ ! " आफ्ना बाबुले यस्ता तरहसँग स्नेहभाव राखी आग्रहसाथ कहिएका उनी राजकुमार दुवैलाई मर्त्यलोकमा उनी दोस्त कुवलयाश्वका शहर-राजमहलमा पुगी उनकासाथ मन बहलाऊ, खेल-वहाड गर्दै र यता-उतीका कुराकहानीका प्रसङ्ग-प्रसङ्गमा प्रेम-प्रणाय र अनुनय-विनयसाथ आग्रह गर्दै उनीहरूका आफ्ना घर-तिर जानाको (हाम्रा घरमा एकफेर त पाल्नुहोस्, भन्ने) प्रार्थना गरे । आफ्ना उपकारका उनी प्रेमी-दोस्तहरूका त्यस्ता प्रेम-प्रणायले भरिएका र भरीला वचन-उदार-व्यवहारले मुग्ध भएका राजकुमारले-" तपाईंहरूका र मेरा घरमा के फरक छ र ? यो घर पनि त तपाइँहरूकै हो नि ! यी यहाँ भएका-रहेका सारा हात्ती-घोडा-रथ-घर-द्वार-जमीन-ऐश्वर्य जो जे जति मेरा-भनाउँदा छन्, ती सारा नै तपाइँहरूका पनि हुन्; यसमा केही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्देह छैन !, हो यदि मेरा उपर तपाइँहरू अनुग्रह-निगाहसाथ केही वस्तु दिनाको नै आग्रह ढिपि गर्नुहुन्छ भने, त्यो मलाई दिनुहोस् । (८०) यस्ता तरहसँग दुरात्मा दैवले लुटिएको ठगिएको अभागी म र मेरा घर-धन-जमीन-माल-काललाई यदि आफ्नो संझिन गाह्रो मान्नुहुन्छ भने पनि यस दोस्तका उपर निगाह राखेर, जो जो वस्तु मलाई दिनखोज्नु भइरहेछ, त्यसमा मेरोपन र फेरि जे जे मेरा भनाउँदा वस्तुहरू छन्, त्यसमा तपाइँहरू आफ्नूपन संझी राख्नुहोस् ! तपाइँहरूलाई मैले बाहिर हिंड्-डुल गर्ने साक्षात् प्रियतम प्राण नै संझी राखेको छु ! यो साँचो साँचो भनी संझी राख्नुहोस् ! अब फेरि फेरि परस्पर हामी-हरूले परस्परमा पर-पर अर्कै-अर्कै (परचक्री) देख्ने गर्नु हुँदैन! प्रेमप्रणयादिले मलाई प्रसन्न गराउनामा लागिरहनु भएका तपाइँ-हरूका समझलाई मेरा अन्तःकरणले ठीक ठानेन !" भनि भने । दोस्त राजकुमारका यस्ता हार्दिक दर्दले भरिएका बिलौना शुन्नाका बाद् स्नेहले तप-तप्याउँदा मुख भएका उनी दुवै भाइ नागकु-मार केही प्रणय-कोपका साथ उनी दोस्त राजकुमारलाई भन्न-लागे-" महोदय राजकुमार ! तपाइँ यो जो भन्नुहुन्छ, त्यो सबै ठीक हो ! हाम्रा अभ्यन्तरमा पनि त्यस्तै लागेको छ ! यसमा अर्को अन्यथा नदेख्नुहोस् ! परन्तु महात्मा हाम्रा पिताज्यूबाट खूद नै बराबर ताकितासाथ-" तिमीहरूका प्रियतम दोस्त कुवल-याश्वलाई भेट गर्नाको ठूलो उत्कण्ठा छ, एकचोटि जसरी पनि वहाँलाई डाकेर बोलाइ-ल्याओ ! भनि हामीहरूलाई भन्दैरहनु-भएको हुनाले मात्रै तपाइँलाई झींजो गर्न तम्सिएका हौं ! " यत्ति उनी दोस्त नागकुमारहरूका मुखबाट के निस्किएथ्यो,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तुरुन्तै उनी राजकुमार कुवलयाश्व बसी–रहेका श्रेष्ठ आसनबाट जुर्मुराउँदै उठी-“ जस्तो खूद मेरा बुवाज्यू होइबक्सिन्छ, उस्तै नै यहाँ पनि मेरा विषयमा साक्षात बुवाज्यू समान नै पूज्यतम हुनुहुन्छ।” भन्दै भक्ति भाव राख्तै जमीनमा ढोग दिएर भन्नलागे–“ ओहो! म धन्य रहेछु, ठूलो पुण्यात्मा रहेछु! मेरा बराबरको अरू को होला ? हेर, जसका त्यस्ता महात्मा पूज्यतम पिताबाट मसँग भेट गर्नाको त्यस्ता जोरसाथ मनले आग्रह गर्नुभएको छ ! लौ त, उठ्नुहोस् झट्टै, जाइहालौं। म त्यस आज्ञालाई एकक्षण पनि आलेटाले गरेर टार्न चाहन्न। झट्टै पैदलै नै हिंडेर जाइ-जाऊँ!”१०)

जड भन्दछन्—“ यति भन्दै उनी नागकुमार दुइ भाइकासाथ राजकुमार रमाना भइहाल्ने र जाँदा-जाँदा शहरबाट बाहिर भै पुण्य-नदी गोमतीका किनारामा पुगेर उनीहरू तीनैजना नदीमा पसेर जङ्घार तर्दै गरहेका थिए, राजकुमार मनमा यी दुवै भाइ ब्राह्मण-कुमारको घर नदीपारी पट्टि होला भन्ने विचार गर्दै गरहेका थिए। नदीका बीचमा पुगेपछि एक्कासि उनी नागकुमारहरूले राजकुमारलाई अँगालो हालेर तान्दै लगी पातालमा पुऱ्याइहाल्ने ! पातालमा पुगेपछि त युवराजले दुवै दोस्तलाई फणाका मणिले गर्दा वरिपरि उज्यालो गराएका स्पष्ट कल्याणदायक लक्षणले युक्त भएका र नागका स्वरूप, वाला औ अत्यन्त राम्रा देखेर सारै नै उदेक मानी आँखा तानि-तानी ठूलू-ठूलू हेर्दै मुसुमुसु हाँसेर प्रेमका साथ भने—“ ओहो! तपाइँहरू धन्य धन्य हुनु-हुँदो रहेछ”

यति भएपछि उनी नागकुमारहरूले राजकुमार ऋतुध्वज पातालमा उत्रिएको समाचार देवताहरूले समेत मानिएका र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शान्त स्वरूप भएका यस्ता आफ्ना पिता नागेश्वरका हजुरमा जाहेर गरिपठाए । उनी राजकुमार पनि अत्यन्त राम्रो पाताल तललाई देखेर दङ्ग भए। वहाँ उसबेला कतै नागका नागकुमार केटाकेटी केटाकेटीहरू, कतै किशोर किशोरहरू कतै भर्खर भर्खरका पट्ठा पट्ठाहरू र कतै अधवैश्य अधवैश्यहरू औ कतै बूढाबूढीहरू सबै आफ्ना दौतरी दौतरी साथी दोस्ती भाइहरू मिली खेलबहाड हाँस ख्याल ठट्टाहरू र वीणा मृदङ्ग बाँसुरी मुजराहरूद्वारा नाच गान बजानहरू गर्दै आनन्द मनाइरहेका छन । त्यस्तै कतै ताराग‍णहरू गगनमण्डलमा सुशोभायमान भए समान राम्रा राम्रा केयूर कुण्डल हार चन्द्रहार प्रभृति अमूल्य दिव्य भूषणहरूले सजीसजाउ भएका नागका कन्या स्त्री जातिहरू पनि आफआफ्ना दोस्ती स्त्री सँगिनीहरू सगै मनोविनोद दिलबहलाऊकासाथ आनन्द मनाउन लागिरहेका छन । फेरि उस्तै नै शयकडौं मनलाई हरण गर्ने सुन्दर सुन्दर मन्दिर महलहरूका ताँतिका ताँतिले खचाखच भएका यस्ता उस नागलोकका नगरलाई नजरगर्दै गर्दै शत्रुलाई दमनगर्ने उनी शत्रुजित महाराजका युवराज कुवलयाश्व उनै प्रेमी दोस्ती नागकुमारहरूका सँगसँग जाँदा जाँदा नागराज अश्वतरका राज प्रसादका सिंहद्वार मूलढोकामा पुगेर तीनै जना सरासर दरबारभीत्र प्रवेश भै नागमहाराज अश्वतरका खाश वैठकमा पुगे (१००) र महामूल्य दिव्य मणिकाञ्चनमय वसन (पोशाक) हरूले सुसज्जित भै उसका माथीबाट पनि महामूल्य दिव्य ताराबराबरका चमकदार मणि माणिक्य मुक्ता मरकत नीर हीरा रत्नप्रभृति काञ्चनहरूका कञ्चनकंचन हारहरू र अरू अरू केयू-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रादि भित्री बाहिरी अलङ्कारहरूले अलंकृत सुसजित भै मनोहर महा मूल्यवान् मणि माणिक्य, मौक्तिक, मरकत, विद्रुम, नीर, हीरा जडिएको सुनै सुनको, उसमा पनि रमणीय मीनाकारी कारीगरीले गर्दा सारै नै राम्रो भएको एक सिंहासनमा बडा सजधज र रोब-रवाफका साथ बिराजमान भएका नागेन्द्र अश्वतरलाई देखेर मनमा मनन-विचार गर्दै थिए, त्यत्तिमै उनी दुइ भाइ नागकुमारहरूले आँखा र हातका संकेत इशाराकाद्वारा देखाउनाका साथै—" श्रीनागराज हाम्रा बुवाज्यू यहीं हुनुहुन्छ!" भन्दै भन्दै दोस्त राजपुत्रलाई र " वीरवर राजकुमार कुवलयाश्व यहीं हुनु-हुन्छ ! भन्दै आफ्ना बाबु नागराजलाई निवेदन गरी परस्पर उनीहरूमा चिह्न-परिचय गराइदिए । तब झट्टै नै युवराज कुवलयाश्वले भावपूर्वक नागेश्वर-अश्वतरका चरणारविन्दमा दर्शन-अभिवादन गरी जमीनमा पसिए । अनि नागेन्द्रले पनि झट्टै नै राजकुमारलाई बहुतै स्नेह, माया, मुहब्बत जताउँदै दुवै हातले उठाई अँगालो हाली कपाल सुँघ्दै, आँङ सुम्सुम्याएर ' चिरञ्जीवी ' भनेर काखमा राखे । अनि फेरि राजकुमारलाई सम्बोधन गर्दै—" हे बाबू ! बुझ्नु भो, बराबर बैरीहरू निभाउँदै बुबा-मुमाहरूका टहल-सुसारमा रूजु रहनु होला । महोदय ! तपाईं धन्य-धन्य हुनुहुन्छ; किनभने, तपाईंका पछाडिसमेत तपाईंका सद्गुणका बखान गरिन्छन् । हाम्रा छोराहरूद्वारा तपाईंका असाधारण गुण-गणका वर्णन शुन्दैमा म अत्यन्त मुग्ध-गद्गद भैरहेको छु ! यसै सद्-गुण-गणमा रमिरहेर तपाईं उत्थान-उन्नति पाउँदै, हरहमेशा लगातार हिसाबले चढ्दै-बढ्दै रहनु होला ! सद्गुणी पुरुषको बाँच्नु, बाँची रहनु सबैका भला-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हँको र तारीफ–लायकको कुरो हुन्छ । औ गुणले हीन मानिस र जिउँदै छ तापनि मन्यै बराबर हिन्नेती हुने हुन्छ ! जो गुणवान् छ, ऊ आमा–बाबुका लागि आनन्द–आराम गराउने र विपक्ष वैरीहरूका लागि हृदय–ज्वर (मुट्को कीलो) भैरहने हुन्छ औ उस्ता गुणीका उपर साराको विश्वास जम्ने हुन्छ । फेरि देवता, पितृ, ब्राह्मण, साधु, सज्जन, इष्टमित्रहरू र दुःख पीर पिराऊद्वारा सजिई आकुल–व्याकुल भएकाहरू औ बन्धु बान्धव कुल–कुटुम्बहरू सारा नै 'त्यस्ता गुणवान् पुरुष धेरै नै बाँचीरहु' भन्ने इच्छा राखिरहने हुन्छन् । त्यस्तो जो पुरुष अर्काका खराबी गर्ने कामदेखि पर–पर रहेका छन्, दुःखी–, अनाथ जनका उपर दयावान् छन्, आफ्ना आश्रित–शरण–आड्भरोसका मानिसहरूका आपत विपत टारेर भरशक उद्धारका कारबारमा लाग्नु नै आफ्नो परम–धर्म र खास कर्तव्य संभन्छन्, उस्ता गुणवान् पुरुषको नै जन्म सफल हुने हुन्छ "। (११०)

जड भन्दछन्—उनी नागेश्वर अश्वतरले यस्ता तरहसँग उनी वीर ऋतुध्वजलाई भने र उनका पूजनादि (आदर-मान–मिजासहरू) गर्ने इच्छा भएका हुँदा आफ्ना दुवै पुत्रलाई सबै कुरा अह्राएर भने—"लौ, अब जो गर्नुपर्ने स्नानादि-नित्यक्रियाहरू शक्री इच्छा लागेका असल असल पदार्थहरूको यथेष्ट भोजन गरी राजकुमार कुवलयाश्वका अभ्यन्तरबाट आनन्दसाथ निस्किएका कुराकहानीहरूले केही काल मन वहलाई हाँसी खुशीकासाथ आराम गरौं।"

नागराजका यस्ता आदेशलाई शुनेर केही नबोलेरै आकार-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकारद्वारा नै इसाराले शत्रुजित महाराजका छोराले सबै सहर्ष स्वीकार गरे! अनि परम उदार-हृदय र प्रशस्त बुद्धि भएका नागहरूका राजा अश्वतरले सबै कुरा पूरा पूरा गराई सुसम्पन्न गरे। यसपछि सत्य वचन भएका महात्मा उनी नागका अधीश्वर अश्वतर उनी राजकुमार र आफ्ना कुमारहरूले सँगसँगै मीठा मीठा भोज्य-पदार्थहरूका यथेष्ट भोजनादि गर्दै आराम गर्दै आनन्द मनाउन लागे (११५)

समेत्य तैरात्मनभूपनन्दनैर्महोरगाणामधिपःस सत्यवाक् ॥
मुदान्वितोऽन्नानिमधूनि चात्मवान् यथोपयोगं-बुभुजे सभोगभुक् ॥११५॥

इति तेइसौं अध्याय

—ooo—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ चौविशौं अध्याय

कृताहार महात्मानमधिप पवनाशिनाम् ॥
उपासां चक्रिरे पुत्रौ भूपालतनयास्तथा ॥१॥

खान पीन गरिएका नागराज अश्वतरलाई उनका पुत्र दुइ भाइ र राजपुत्र कुवलयाश्वसमेत भै अनेकानेक कुरा कहानी-हरूद्वारा दिल बहलाई आनन्द मनाउन लागे। ठूला भएका उनी नागेश्वर आफ्ना छोराहरूका परम प्रेमी दोस्त राजकुमारका शील स्वभाव हँसाइ बोलाइ र राम्रा राम्रा कुरा कहानीहरूले गर्दा अत्यन्त आनन्दित भएका हुँदा आफ्ना अभ्यन्तर्देखिको अत्यन्त प्रेम स्नेह प्रकट गर्दै राजपुत्रलाई भन्दछन् "महोदय ! मेरा घरमा अभूतपूर्व अभ्यागतका हैसियतले पाल्नु भै बस्नुभएका तपाइँका निमित्त जुन काम कुरा सुख आनन्द शान्ति दिने छ औ हुन शक्तछ अनि त्यसमा मैले के गर्नु पर्दछ त्यो काम कुरा जो जे छ, खूद पिता समान नै भएको मलाई केही कत्ति शंका संकोच नमानी खुला दिलसँग भन्नुहोस् । सुवर्ण मणि माणिक्य मोहर पैसाहरू वा वाहन मान सवारीहरू या आसन ओछ्नेहरू अथवा अत्यन्त मन इच्छा लागेका र दुर्लभ भएका जुनसुकै कुराभए पनि मसँग माग्नु होस् !"

राजकुमार भन्दछन्– "भगवन् ! साक्षात पिता समान हजुरका प्रसाद अनुग्रह निगाहले मेरै घरमा सुवर्ण मणि माणिक्यादिहरू प्रशस्त छन्, मलाई त्यस्ता कुनै कुराको केही कत्ति अभाव र जरूरत छैन ! फेरि हजाराँ सालदेखि लगातार हिसावले श्रीमान् बुवाज्यूबाट पृथ्वीतलको र श्रीमान् हजुरबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पातालतलका रजाइँ गर्दै आइबक्सिएकाले मलाई कुनैकुरा माग्नुपर्ने छैन । अर्थात् सबै कुराले भरीपूर छु । फेरि जसका आमाबाबु ज्यूँदा रहेका छन् उनीहरू स्वर्गीय पुण्यात्मा र धन्य धन्य हुन ! उनीहरू करोडौं धनलाई पनि घाँसका टुप्पा बराबर संझिन्छन् ! यौवनभन्दा धेरै धन हुनु, धेरै धनभन्दा योग्य सभ्यमित्र हुनु, सभ्य मित्रभन्दा नीरोग शरीर हुनु र नीरोग शरीरभन्दा बाबु आमा बाँचिरहेका हुनु उत्तरोत्तर अत्युत्तम कुरा हो ! त्यसैकारण श्रीबुवाज्यू श्रीमुमाज्यु मौजूद होइबक्सिएको म सबै कुराले सम्पन्न छैन र ? छु । कुनै कुरा नभएमा मात्र मानिसको मन माग्न-लाई लाचार हुन्छ ! किन्तु सम्पूर्ण कुरा परिपूर्ण भएको मेरो जिब्रो माग्ने कुरामा कसरी अघि सरोस ? जसलाई आमा-बाबुका लालनपालन प्रसाद—अनुग्रह निगाहहरू मिल्नाले उनकै समक्षमा रहन पाउनाले घरधन्दाको केही वास्तै राख्नु पर्दैन, यो यती छ, यो यती छैन, भन्ने कुराको कुनै चिन्ता फिक्री लिनुपर्दैन; त्यस्ता बाबुआमाको बाँच्नु रूप विरुवाका शीतल छहारिमा आरामीसाथ रहन पाउनेहरू ठूला भाग्यवान् र सुखी हुन् (१०) फेरी जुन जन बालखकालदेखि नै बाबुआमाले छोडिएका (टुहुरो) छन् ती यदि अरु जहान बालबच्चावाला नै भए पनि उनीहरू सच्चा सुख शान्तिहरूबाट मुखमोशिएका र खास दैवले ठगिएका महा अभागी हुन् ! हेर्नुहोस् हामीहरू ता (दोस्तहरू र म) कस्ता भाग्यमानी ! हजुरका प्रसाद निगाहले आमाबाबुबाट अधिकार दिएर खुलाइएका धन रत्नादिका थुप्राका थुप्रा नित्य हरबखत नै आशामुखीहरूलाई दी रहन पाउँछौं ! झन् अहिले यहाँ हजुरका जुन चरणारविन्द युगल-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तलमा आफ्ना यस श्रीपेच कल्कीले भरुका मारी ढोगदिन पाउँदा र हजुरका भयाम्म अँगालोहलाइद्वारा आफ्ना अङ्ग-लाई पवित्रता र शीतलतासाथ आनन्दित गराउन पाउँदा त सबैकुरा पाउनुसम्म नै पाएँ! ठूलो भाग्यमानी रहेछु!"

जडभन्दछन्—"राजकुमारका सभ्यता र साहित्यले सरोबर भएका रसीला मीठा यस्ता बोली-वचनावलिले मुग्ध-गद्गद भएका नागराज अश्वतर अत्यन्त माया-मुहब्बतका साथ आफ्ना प्रियपुत्रहरूका प्रियतम दोस्त राजपुत्र कुवलयाश्वलाई यस्ता तरहसँग भन्न लागे..." महोदय कुमार! यदि तपाईंलाई मबाट सुवर्ण मणिमाणिक्य मरकत मौक्तिकादि समस्त सम्पत्ति पाउ-नाको लिनाको मन छैन भने यी देखि बाहेकका अरू अरू कुरा-हरू तपाईंका दीलमा जे लागेको छ, जुन कुराको चाह छ, त्यो जेसुकै जस्तोसुकै काम कुरो भए पनि निःसङ्कोचसँग मलाई भन्नुहोस! त्यो खुशिसाथ दिन पुऱ्याउन म त तैयार छु!"

यस्ता सौजन्यतायुक्त बोली वचनले गद्गद भएका राजकुमार नागराजलाई विनयसाथ निवेदन गर्दछन् भगवन्! हजुरका अनुग्रह निगाहले माग्ने कुराको आग्रह गरिएको मेरा घरमा नै सम्पूर्ण सम्पत्तिहरू परिपूर्ण छन् किन्तु विशेष गरेर यहाँ आई अहिले हजुरको शुभ-दर्शनबाट मैले सारा कुरा पाएँ! मनुष्य भएको म जस्ताले हजुर जस्ता ठूला महात्मा नागराजका शरीरको स्पर्श-सुम्सुम्याइ जो पाएँ, त्यसले गर्दा मेरो बाँच्नु पनि सफल भयो औ म कृतकृत्य पनि भएँ! महोदय नागेश्वर! जुन मेरो शिर अहिले यहाँ हजुरका चरणारविन्दका रजःपुञ्जले रंगिनजानाले सुशोभायमानकासाथ धन्य-धन्य हुन पाइरहेको छ, भने मैले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुन कुरा पाइन र ? सबै थोक पाएँ नि ! यदि हजुरबाट मलाई अवश्यनै वरदान बक्सिने हो र बक्सिन्छ भने जुन मेरा अभ्यन्तर अन्तःकरणबाट पुण्यकर्मको संस्कार-वासना कहिल्यै पनि नछुटोस्: किनभने, नजरहोस् सुवर्ण मणि माणिक्य मोती प्रभृति सम्पत्ति-हरू, घरबारी खेत जग्गा जमीनहरू, विमान हात्ती घोडा रथ बग्गी म्याना पाल्कीहरू र सुन्दरी युवतीहरू औ मीठा मीठा खान पान पदार्थहरू त्यस्तै असल असल छोरा छोरी नाती नातीनीहरू र मनोहर मनोहर अलंकार शृङ्गारका सामानहरू, अनुलेपन कपूर कस्तूरी केसर अत्तर चन्दन टीका फूल फुलेल फुलमालाहरू (२०) अनि नाना प्रकारका नाच गान बजानहरू र फेरि अरू अरू हरतरहका मन लागेका काम कुराहरू जे जो जति जति छन्, यो सारा संसारका सारभूत विभूतिहरू पुण्य-रूप बिरुवाका स्वादिष्ट मीठा रसीला फलहरू हुन्! भन्ने नै मेरो अभ्यन्तर्मा नितान्त विश्वास छ !! त्यसैकारण बुद्धिमान् मानिसले तन मन धन इत्यादि लगाएर पनि हरतरहसँग उस्ता ऐश्वर्यरूप फल फलाइदिने मूल कारण भएका बिरुवाको जतन गर्नु नै ठूलो कर्तव्य छ ! धर्मकर्ममा लागिरहेका साधुसज्जनलाई यस संसारमा कुनै कुरा पनि दुर्लभ हुँदैन ! ”

बुद्धिमान् कुवलयाश्वका यस्ता लायकका उत्तरले सन्तुष्ट भएका नागराज भन्दछन्—“ हे प्राज्ञ ! तपाईँले जो वरमाग्नु भो, हुन्छ त्यस्तै हुनेछ । तपाईँको मन र बुद्धि सधैँभरी सर्वत्र नै धर्ममा लागी रहने छ। तपाईंले जो जसो भन्नुभो, त्यो सबै यथार्थ सत्य सत्य हो; समस्त सम्पत्ति ऐश्वर्यहरू धर्मकर्मका नै सत्फल हुन् । बुझ्नुभो, कुमार ? यो सबै वाज्वी हो तपाई समस्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पत्ति–सम्पन्न हुनुहुन्छ; तापनि अहिले यहाँ मेरा घरमा आइपुग्नु भएका तपाइँले अवश्य नै केही नकेही नलिइ सुख पाउनु हुँदैन ; केहि मागिलिनु नै पर्छ । तपाइँका मर्त्यलोकमा पाईन नशक्ने औ तपाइँको सारै मन परेको र इच्छालागेको जुनसुकै जस्तोसुकै जे कुरा भए पनि अवश्यमेव मसँगबाट मागेर लिनु पर्छ ! लिनु होस् ! !

जड भन्दछन्–तब नागराजका यस्ता मिठा र आग्रहसाथका व्यङ्ग्यपूर्ण अनौठाका बोली वचन शुनी अलमल्ल र उदेकमा परेका राजकुमार भित्री आशा भरी र लालायित नजरले सुहृद् र अपार उपकारवाला प्राणाधार दोस्त नागकुमारहरूका मुखतिर टुलु टुलु हेर्दै मूक भाषाले हृदयाशय जताउँदै टोल्हा-एर मात्र रहे ! अनि आफ्ना प्रियतम दोस्त राज कुमारका यस्ता गुप्त र मूक इसारा छाँटकाँटद्वारा उनका अभ्यन्तरका आशय मर्म राम्रै गरी बुझेका उनी दुवै भाइ नागकुमारहरू एकै मुख गरी सबै खुलासा हिसाबसँग बाबु नागराजलाई जताउँदै सँझाउँदै बुझाउँदै भन्दछन्-"बुवाज्यू! यहाँ महोदय राजकु-मारकी प्रियतमा धर्मपत्नी गन्धर्व- राजकुमारी मदालसा कुनै दुष्ट दुरात्मा दानवले यहाँ कुमार मरण हुनु भएका असत्य खबरले झुक्याई ठगिएकी हुँदी आफ्ना प्यारा प्राणलाई त्याग गरी परलोक भैहालिन्! अनि बुवाज्यू ! कृतज्ञ (अर्काको गुण नबिर्सने) यहाँ राजकुमारबाट मदालसालाई छोडेर अब यस जन्ममा मेरी अर्की कुनै पनि पत्नी हुन शक्ने छैन ! भन्ने यस्तो प्रतिज्ञा गरी हाल्नु भयो। यसैउसले हे सर्वसमर्थ बुवाज्यू ! यदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो काम कुरा हुन शक्छ भने यहाँ ऋतुध्वज राजकुमार उही सर्वाङ्ग सुन्दरी प्रियतमा पत्नी मदालसालाई एकफेर देख्नसम्म मात्र पाए पनि हुन्थ्यो ! भन्ने इच्छा गर्नुहुन्छ। यसमा हजुरको जो तजवीज !" (३०) आफ्ना प्रियपुत्रहरूका यस्ता भनाइ शुनी राजपुत्रलाई शुनाईं नागराज फेरी भन्दछन्– " बुझ्यौ छोरा हो ! वीती गैशकेका प्राणीसङ्गका भेटघाटको त्यस्तो सँयोग भनेको त्यस्तै प्राणीहरूले मात्र कदाचित् पाउन शक्ने हुन्छ; नत्र भने सपना अथवा शम्बरासुरका शाम्बरी विद्यामा वताइएका माया विनाले यस्तो कुरा कसरी हुन शक्कछ र ? अर्थात् बिती गैशकेका प्राणीलाई देख्नु भेट्टाउनु की र कहिले कहीं सपनाका संयोगले केहीबेरका लागि मात्र हुनेहुन्छ; की र इन्द्रजालीले वा शाम्बरी विद्यावालाले जादू टुना चटकहरूद्वारा एक क्षणका लागि एक झुल्कोसम्म देखाइदिन शक्ने हुन्छ !"

जड भन्दछन्–" नागराजका यस्ता कुराले हृदय स्पन्दन (मुटु ढुक ढुक हुनु) र हडबडिकासाथ प्रेम र लज्जाले समेत युक्त भएका राजकुमार महात्मा नागेन्द्रलाई प्रणाम गर्दै भन्छन्– " महोदय, पूज्यपाद ! मायांमयी जादू चटककी भए पनि मेरी मदालसालाई यदि अहिले एकैछिन भए पनि देखाइदिइबक्सियो भने हजुरबाट मेरो अपरम्पार अनुग्रह परम्परा भएको सम्झने मान्ने र कृतार्थ हुने छु । त्यसमा अवश्य नै निगाह रहोस् !"

नागराज भन्दछन्–" हुन्छ त, बाबू राकुमार ! त्यसो भए, माया नै भने पनि हेर्नाको तपाइँ आग्रह गर्नुहुन्छ भने, यहीं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहिल्यै देखाइदिन्छु हेर्नुहोस् ! तपाइँ मैले अनुग्रह सत्कार गरिन योग्य हुनुहुन्छ; किनभने, घरजमवालाका घरमा अभ्यागत अतिथिका हैसियतले आइलाग्ने व्यक्ति यदि बालक नै हवस् तापनि ऊ सबै तरहँबाट मान्य पूज्य र गुरु बराबर ठूलो हो ! "

जड भन्दछन्– यती कुराकहानी भएपछि भित्री रनिवास अन्तःपूरमा सुरक्षित हिफाजतसाथ राखिएकी मदालसालाई नागराजाले उसै ठाउँमा उत्तिखेरै गुप्त इशाराद्वारा ल्याउन लगाए र आफ्ना कुमार तथा राजकुमारलाई फट्टै थाहा नदिई भुक्याउने तवरले—" लौ, राजकुमार ! तपाइँकी प्रियतमा धर्मपत्नी उनै मदालसा यिनै हुन् कि, होइनन् ? हेर्नुहोस् !" भनि स्पष्टै गरी सोध्दै भन्दै, अनि अन्तःपूर (सानु भूलका बानकीको कपडाले बनेको एक किसिमको पर्दा) बाट उनी नै कल्याणी मदालसालाई तिलस्मी चटक समान झट्टै बाहिरपट्टि निकाली राजकुमारलाई देखाइदिए ! तब उनी सुन्दरी प्रियतमा मदालसालाई भुलुक्क देख्नासाथ उत्तिखेरै लाजसाज सबै छोडी—" हा ! प्यारी ! हा! प्यारी !! " भन्ने पागलपनका समान प्रलाप गर्दै बिलकूलै अतासिएर पक्कासि पागल समान होश हवास हराए जस्ता उनी राजकुमार तंसँदै-भ्रँटँदै मदालसाका संमुखै पुगिहाले ! तब झट्पट नागेन्द्र अश्वतर बीचमा पुगी उनी राजकुमारलाई बीचैमा रोकेर भने—" कुमार ! तपाइँलाई मैले पहिले नै सबै संझाई भनेको थिएँ, यिनी खालि माया मात्र हुन् ! यिनीलाई छुनु हुन्न, न छुनुहोस् ! यदि छुनु वर्नु गर्नु भयो भने मायामयी भएकी हुनाले अहिल्यै नै अलपी हराई हाल्ने छन् नि है ! "

बस यति नागराजका मुखबाट के निस्के थ्यो, उनै प्रियतमा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मा प्राण दिंदै हा प्यारी! हा प्यारी! भन्दै कराउँदै तत्काल मूर्च्छा भएर उनी राजकुमार ता जमीनमा पछार खाई जमीनका मीन समान दीन ज्ञान हीन र जमीनमा लीन भई हाले ? तब अचानक उनी आफ्ना प्रियतम प्राणपति राजकुमारको यस्तो हृदय दहलिने र दयनीय भयंकर हवाल देखेर मर्माहत र महा भयभीत भएकी उनी मदालशा मनमनैमा सारै सन्ताप गर्दै विचार गर्नलागिन् " अहो! हेर मेरा उपर यहाँ राजकुमारको कत्रो कस्तो स्नेह प्रेम र माया मुहब्बत! ओहो! मेरा उपर कस्तो अचल मन! हेर जुन मेरा स्नेहले नै गर्दा सारा शत्रुलाई गिराउने समर्थवान् यहाँ वीर प्रवर राजकुमार विना शस्त्रास्त्र प्रहार मारले नै पछार खाई गिर्नु भयो! (४०) सित्तैंमा नागराजले "माया हो है माया हो!" भनि स्पष्ट भन्दै खालि लोभ्याउँदै गर्ने गर्दा यस्तो दुर्घटना हुन आएको हो!" यस्तो हिसाबसँग अकथनीय नितान्त चिन्ता गर्दै मदालसा चुपचाप टोल्हाइरहिन्। यसका धेरैबेरपछि प्राकृतिक वातावरणका प्रभावले नै राज कुमार कुवलयाश्व स्वस्थ भै आफ्ना होसमा आइबसे। तब वहाँका नागराज प्रभृति सबैलाई हुनु सम्म हर्ष आनन्द भयो। अनि राजपुत्रलाई राम्ररी अश्वासन गर्दै खातिर्जामा दिंदै संझाउँदै पहिलेदेखिको आफुहरूले तपस्या गरी वरदान पाएर मरी गैसकेकी उनी मदालशा ज्यूँ की त्यूँ उस्ती नै उनही नै जिउँदी भै जन्मेकी र त्यसदेखि पछि त्यसबेला सम्मकै सारा वृतान्त एकेक गरी वेली बिस्तार लगाई शुनाएर आनन्द दिलाए।

तब सुहृना न सपनाकी भने जस्ती बिलकुल आशा मारिएकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनही आफ्नी प्राणाधिक प्रियतमा जीवनसर्वस्वभूता अर्धाङ्गिनी पत्नीलाई यस्ता अभूतपूर्व ईश्वरानुग्रहले दैवात् पाई अन्नाघुन्न आनन्दमा निमग्न भएका उनी राजकुमार श्रीनागेश्वर अश्वतरका चरणारविन्दमा दर्शन अभिवादन गर्दै आभारीसाथ ठूलो कृतज्ञता जाहेर गरेर राम्रा हिसाबसँग बिदा वारी भै श्रीमती पत्नी मदालसाले सँगै सुशोभायमान र हर्षपूर्वक चिताउना साथै दाखील हुने भएको उसै कुवलय अश्वरत्नमा सवार भएर पातालतलबाट भूतलमा उत्रिए र आफ्ना शहर राजधानीमा दाखिल भए !

तया प्रहृष्टः प्रतिलभ्य कान्तां,
प्रणम्य नागं निजगाम सोऽथ ॥
सुशोभमानः स्वपुरं तमश्व--;
मारुह्य संचिन्तितमभ्युपेतम् ॥ ४३ ॥

इति चौविशौ अध्याय

अथ पच्चिशौं अध्याय

आगम्य स्वपुरे सोऽथ पित्रोः सर्वमशेषतः ॥
कथयामास तन्वङ्गी यथा प्राप्ता पुयुनर्मृता ॥१॥

जडमन्दक्न सपत्नीक उनी राजकुमार सरासर आफ्ना शहर राज दरवारमा आएर श्रीबुवाज्यू श्रीमुमाज्यू श्रीमहाराज महारानीका चरणारविन्दमा प्रणाम अभिवादन गर्दै आफ्नी अघेरनै मरेर गै शकेकी भार्या सुन्दरी मदालसा जस्ता परिले फेरि प्राप्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन आइन् ती सारा बेहोरा एकैक गरी वेली विस्तार लगाई बिन्ति चढाए। उनी श्रीमती कल्याणी मदालसाले पनि श्रीशाश्व शशुराज्यू श्रीमहारानी श्रीमहाराजका चरणारविन्दमा विनयसाथ साष्टाङ्ग दण्डवत् प्रणाम गरिन्। फेरि पहिलेकै जस्तो गरी सारा जहान परिवार स्वजनहरूलाई पनि स्नेहसाथ यथायोग्य योग्यतानुसार ढोग भेटघाट इत्यादि मान भावले भला कुशारी गर्दै आनन्द दिलाइन्। यस महा हर्षका उपलक्षमा शहरिया प्रजा-वर्गले ठूला महोत्सवकासाथ आनन्द खुशियाली मनाए।

यति भएपछि उनी राजकुमार ऋतुध्वज उनी सर्वाङ्ग-सुन्दरी धर्मपत्नी मदालसाका साथ धर्म र प्रीतिपूर्वक यथोचित हिसाबले धेरै कालपर्यन्त रमणहरू गर्दै आनन्द मनाएर रहे। कहिले पर्वतका कुहराहरूमा कहिले निरञ्जन निराकार जङ्गलहरूमा कहिले रमणीय उपवन बाग बगैंचाहरूमा कहिले अत्यन्त रमाइला ठाउँहरूमा उनी स्त्री पुरुष दम्पती रमण गर्नलागे। त्यस्तै हिसाबले कामका उप-भोग विलासहरूद्वारा आफ्ना सञ्चित पुण्य पुञ्जको क्षय नासहोस भन्ने इच्छा लिएकी हुँदी उनी मदालसा पनि अत्यन्त मन परेका पतिदेवता उनी राजकुमारका साथैसाथ मनोहर मनोहर स्थानहरूमा प्रायः हर हमेशा नै भ्रमण गर्दै मन माफिक रमण गर्न लागिन्।

यस्तो हुँदा हुँदा धेरै काल बितेपछि महाराज शत्रुजित मुलुकको राम्ररी राज पाट गर्दा गर्दैमा सुवृद्ध भएर स्वर्ग वास भए! अनि सारा राजपरिबार राज दरबारीया र सारा शहरियाहरू मिलेर अत्यन्त उदार आचार विचार र चेष्टा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरू भएका औ उन्नत आत्मा भएका मौसुफ भूतपूर्व महाराजका एकमात्र सत्पात्रपुत्र ऋतुध्वजलाई महाराज गराई गद्दीमा बसाल्ली राज्या भिषेक गरे ! तब अभिनव महाराज ऋतुध्वजले पनि आफ्नो पिताकै समान सारा प्रजावर्गलाई पुत्र बरावर लालन पालन र रञ्जनहरू गर्दै राम्रा तरहले राजपाठ गर्दा गर्दै केहीकाल अनन्तर श्रीमती महारानी मदालसादेखि पहिला पुत्र राजकुमारको शुभ जन्म भयो ! खूद महाराजबाट बुद्धिमान् उनी छोराको शुप नाम 'विक्रान्त' भन्ने राखे । त्यस्ता नाम-करणले गर्दा सारा राज परिवारहरू खुशी भए; किन्तु मदालसा भने केही नबोली खालि अनौठाको हाँसो मात्र हाँसी रहिन् । यस्तैमा एकदिन केही स्वर बिगार्दै रोई रोई उत्तानु परी सुतिरहेको उसबालकलाई बालककी आमाले (मदालसाले) अनौंठाका स्वरले ख्याल ख्यालको भान पारे जस्तै गर्दै भनिन्— (१०)

" बाबु ? तिमी शुद्ध बुद्ध छौ, अहिले कल्पनाले तिम्रो नाम राखिदैन, यो पाञ्चभौतिक शरीर तिम्रो होइन; यसकारण तिमी किन रुन्छौ ? अथवा हे जीवात्मा ! तिमी यिनी राजपुत्रमा अनेकौं गुण कल्पना गरिने तिम्रा गुण र अवगुण सबै इन्द्रियात्मक भएर पञ्चमहाभूतमा मिलेका छन्, भन्ने यस शब्दले आवेश गरेर रुन्छौ ? प्राणीहरूले दुब्लाइएका महाभूतहरू खाने र पिउने द्रव्यहरूका बदौलत जस्तै पुरुषका जिऊ बढ्दै रहने गर्दछन्; तर तिम्रो त्यस्तो घट बढ केही छैन । काँचुली रूप यो चोला खस्न गएमा आफ्ना यस र त्यस चोलाका निमित्त मूर्ख्याइँ नगर; किनभने, शुभ र अशुभकर्महरूले यो देहरूपी काँचुली चोला मद आदि गरिएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अज्ञानताले तिमी जीवात्मालाई पनि जखडबन्धसाथ बाँधेको छ। केही 'बाबा' भन्ने भनाइने, केही 'छोरो' भन्ने भनाइले र केही 'आमा' भन्ने नामले औ केही 'पियारा' भन्ने वचनले त्यस्तै केही 'मेरो' भन्ने र केही 'तेरो' भन्ने इत्यादि व्यवहारले तिमी पाञ्च-भौतिक चोलालाई पनि ठूलो मान दुःख नाशका निमित्त उठाइने भोगहरू दुःख रूपका छन्, खालि मन भुलेकाले उनै दुःखहरूलाई नै सुख हुन् भन्ने संझन्छ। हेर, पियारी स्त्रीले हाँस्नु जो हो, त्यो हाड देखाउनु हो, तेजीला दुइ आँखाहरू तर्साउने हतियारहुन् औ स्तन जघनादिहरू जो हुन् , उनीहरू मोटा बाक्ला मासुका लोला हुन्। भने यस्ता रति स्थान रूप स्त्रीको जो स्वरूप हो, त्यो के नरक होइन ? जमीनमाथि यान (मोटर–बग्गी–आदि) रहेका छन्, यानहरूको माथि देह रहेको छ, औ देहका माथि पनि अर्कै जीवात्मा पुरुष बसेको छ। मेरो भन्ने ज्ञान जस्तो आत्मामा छ, त्यस्तो अरूमा छैन, भने भन् यस्ता पाञ्चभौतिक देहमाथि ममता बढाई बढता प्रेमगर्नु (पट्याइ-लागि पर्नु) जो हो, त्यो विचारगर्दा सार्है नै मूर्ख्याइँ हो। यो बहुतै दुःख र खेदको विषय छ।

यानं क्षितौ यानगतश्च देहं,
देहेपि चान्यः पुरुषो निविष्टः॥
ममत्वबुद्धिर्न तथा स्वे;
देहेऽतिमात्रं बत मूढतैषा॥१८॥

इति पच्चिसौं अध्याय

—०००—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ छब्बिशौं अध्याय

—+—

वर्द्धमानं सुतं सातु राजपत्नी दिने दिने ॥
तमुल्लापादिनाबोध-मर्पयन्निर्ममात्मकम् ॥१॥

जड़ भन्दछन्–दिन–दिनै हुर्किंदै बढ्दै आएका उनी बालक छोरालाई उनी उनकी आमाचाहीं श्रीमती महारानी मदालसा खेलाउँदै फकाउँदै लाडप्यार गर्दै हडबडाइएका व्यङ्ग्य-शब्द (अलमल्याउने किसिमका पाल्सी कुरा) द्वारा (म, मेरो, भन्ने भाव नरहेको) निर्ममात्मक ज्ञानको बोध गराउँदै ल्याइन। जति-जति उनी बढ्दै हृष्ट पुष्ट हुँदै आए, उति उति बुवाज्यू श्रीमहाराजबाट बुद्धिको विकास पाउँदै आए औ त्यस्तै साथसाथै उति उती उनी मुमाज्यू श्रीमहारानीका सद्वचन शिक्षा दीक्षादिले गर्दा आत्मबोध पाएर ज्ञानी हुँदै आए। यस्तै तरहले उनी मदालसाले जन्मभर नै आत्मबोध गराइएर 'म' 'मेरो' भन्नु केही छैन, यो सबै रही नरहने झूटो कुरा हो, भन्ने राम्रै बोध भएका उनी बुध्दिमान कुमारले गृहस्थाश्रममा रही घर जम बनाएर बस्तातिर मनै दिएनन्।

फेरि महारानी मदालसाका दोस्रा छोरा जन्मिए, तब श्री महाराजबाट उनको नाउँ 'सुबाहु' भन्ने राखेर हुकुम हुँदा उनी महारानी मदालसा केही नबोलि मुसु मुसु हाँसी मात्र रहिन्। अनि उनी दोस्रा छोरालाई पनि उस्तै हिसाबले बालकैदेखि खेलाउँदा खेलाउँदै व्यङ्ग्य बचनहरुद्वारा ज्ञान दिंदा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिँदै हुर्काइन् र उनी पनि महाज्ञानी र महाबुध्दिमान् भएका हुँदा जन्मभर नै गृहस्थाश्रम संबन्धी झमेलामा फँसेनन् ।

फेरि तेस्रा छोरा पैदा भए। राजाले उनको नाम 'शत्रुमर्दन' भनी राखे। त्यो सुनेर मदालसा भने फेरि झन् धेरै बेरसम्म हाँसि रहिन् । अनि उनी साँहिला छोरालाई पनि उस्तै गरी जन्मभर नै ज्ञान दिँदै गरी गृहस्थाश्रमबाट हटाइदिइन् ।

फेरि चौथा छोरा जन्मिए र उनको नाम राख्न ठीक भएका राजालाई देखेर शुभ आचार भएकी उनी महारानी सती मदालसा फेरि पनि केही नबोली मुसु मुसु हाँसी मात्र रहिन् र यस पटक पनि उनको यस्तो छाँटदेखि आश्चर्य र उदेकमा परेका राजा भन्दछन् "मैले हरएक छोराको हरएक नाम राख्ताखेरि तिमी हरएक पटक नै केही नबोली खालि व्यङ्गसाथ भाव भरिएको हाँसो हास्यौं, यसको मतलब के हो ? मैले छोराहरूको 'बिक्रान्त', 'सुबाहु', 'शत्रुमर्दन' भन्ने जो जो नामहरू राखें ती सबै नै नाम क्षत्रिय वीरहरूको लागि यथायोग्य र शौर्य प्रभावादिले संयुक्त भएका राम्रो उचित नै हुन् (१०) तर हे महारानी ! यदि ती नामहरू तिम्रा बिचारमा बेठीक अयोग्य लागेका छन् भने लौं यस चौथा छोराको नाम जो राख्नु पर्छ उचितसाथ तिमी नै राखिदेऊ ।"

यस्ता प्रकारका आफ्ना पति महाराजका हुकुम सुनी मदालसा सबिनय बिन्ति गर्दछिन् – "महाराज हजुरबाट जो हुकुम हुन्छ शिरोपर छ। त्यो गर्न म तयार छु, गर्दछु। हजुरका यस चौथा छोराको नाम हजुरका आज्ञानुसार म नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राखिदिन्छु । लौ, यसचाहिं छोराको नाम 'अलर्क' भयो; यसै नामले यो हजुरको छोरो संसारमा प्रसिद्ध हुनेछ। औ हजुरको यो कान्छो छोरो ठूलो बुद्धिमान् पनि हुनेछ।" यस्ता हिसावसँग कुनै अर्थ नभएका 'अलर्क भन्ने यस्तो छोराको नाम उनकी आमाचाहींले राखेको सुनेर महाराज हाँस्तै महारानीलाई भन्न लागे "महारानी! तिमिले मेरा यस कान्छा छोराको यस्तो कुनै अर्थमा नमिल्ने कस्तो नाम राख्यौ ए? यसको के मतलव हो हँ?" आफ्ना पति महाराजको यस्तो हुकुम शुनेर महारानी मदालशा नम्रन्याइ साथ यस्तो विन्ति गर्दछिन्– "महाराज यो खालि व्यवहारमा चल्दो– मिल्दो भनाइको कल्पना मात्र गरिएको हो । ती हजुरबाट राखिएका अघिल्ला अघिल्ला छोराहरूको नामहरूको निरर्थकता शुनिवक्सियोस्। जस्तै विद्वान् मानिसहरू आत्म-पुरुषलाई सर्वव्यापी भन्दछन्, फेरि यस ठाउँबाट उसठाउँ, उसठाउँवाट अर्का ठाउँ जानु जो हो, त्यसलाई क्रान्ति भन्दछन् । जस्तै– शरीरको मालिक भएर रहेको जीवात्मा सबै ठाउँमा नै टम्म भरिभराउ भएर रहेको हुनाले ऊ हिंड डुल गर्दै गर्दैन; त्यसै उसले विक्रान्त भन्ने यो नाम मेरा विचारले म वेमतलवको नै ठान्दछु। फेरि हजूरबाट अर्काचाहिं छोराको नाम सुवाहु भन्ने जो राखिबक्सियो, त्यो नाम पनि हे महाराज! जीवात्माको कुनै आकार अनुहार नभएको हुनाले निरर्थक नै छ। फेरि महाराज! हजूरबाट तेस्रा छोराको नाम जो शत्रुमर्दन भन्ने राखिबक्सियो, त्यो पनि वेमतलवकै बुझिन्छ। त्यसको कारण सुनिबक्सियोस् (२०) जब सारा संसारमात्रका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शरीरमा एउटै नै जीवात्मा भरिएर रहेको छ भने महाराज । तब त्यस्ता अवस्थामा यस जीवात्माको कुनचाहिं शत्रु औ कुन चाहिं मित्र हुन सक्छ ! खालि शरीरी प्राणीहरूले नै शरीरी प्राणीहरूको मर्दन हुने हुन्छ। किन्तु आत्मा (आकार प्रकार शून्य भएको) भिन्ना भिन्नै मतलब भएको हुनाले पनि यो कल्पना गर्नु फजुल नै हुन जान्छ भने महाराज ! यदि खालि कारबार चलाउनाका लागिनै यस्तो अर्थ नभएका नामको कल्पना राखिने हुन्छ, (अर्थात् खालि नाममात्रमा केही सार छैन) भने महाराज ! हजुरका हिसाबले यो अलर्क भन्ने नाम कसरी निरर्थक वेमतलबको भयो त ?"

जड भन्दछन्– आफ्नी महारानी विदुषी मदालशाले यस्ता तरहले संझाइबुझाई विनती गरिएका साधु- स्वभाव असल बुद्धि भएका महाराजबाट त्यस्ती सत्यवादिनी सती प्रियतमा मदालसालाई " बहुतै मुनासिब हो, ठीक भन्यौ, तिमीलाई धन्य धन्य छ ! " भनी भने ।

फेरि उनी कान्छाचाहिं छोरा अलर्कलाई पनि अधिअधिका छोराहरूका ठीक उनी महारानीले ज्ञानका कुराहरूले संझाई बुझाई उपदेश गर्न लागिन् र (सो देखि झस्को परेका) महाराजबाट (झटपट नै) उनी महारानीलाई हुकुम भयो– " महारानी ! तिमी त सारै न केटाकेटी जस्ती पो रहिछौ ए ! फेरि यो के गर्न लागेकी ? अघिल्ला अघिल्ला छोराहरूका ठीक अहिल्यै नचाहिने कुराको बोध गराएर यस छोरालाई पनि बहकाइदिन्छौ ? हेर महारानी ! यदि तिमीलाई मेरा हितको मेरो सुखको केही विचार छ र यदि मैले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनेको लिन्छौ भने मेरा मन माफिकको काम गर। हेर, अब यसचाहिं छोरालाई राम्रा तरहले गृहस्थाश्रमका धर्म कर्ममा लगाइदेऊ। किनभने, गृहस्थधर्मका कर्ममार्गबाट कहिल्यै वंशको नाश पनि हुन पाउने छैन; औ पितृहरूको पिण्ड पानीको लोप पनि हुन पाउँदैन। हेर, महारानी पितृहरू, देवलोकमा रहेका देवताहरू, पशु पक्षीहरू र त्यस्तै मानिसहरू, औ भूत, प्रेत, पिशाचहरू, धर्मले युक्त भएका र अधर्मले युक्त भएकाहरू, त्यस्तै भोकले छुल्लाएकाहरू र तिर्खाले आकुल व्याकुल भएकाहरू इत्यादि सबैलाई नै गृहस्थाश्रमका कर्ममार्गमा रहेका मानिसले पिण्डोदक (खान पान) दिएर (३०) सँधै तृप्त पारिदिई रहने गर्दछ। त्यस्तै देव देवताहरू र पाहुना पाथाहरूलाई पनि गृहस्थाश्रमीले नै सधैंभरी तृप्ति गराई दिइ रहने गर्दछ। देवता मानिस, पितृ, भूत प्रेत, गुह्यक, पशु, पक्षी र कीरा, फटेङ्ग्रा-सम्मका सबै प्राणीमात्रले नै खालि गृहस्थाश्रमी मानिसको आश्रा भरोसा राख्ने गर्दछन्।"

"त्यसै कारणले हेमहारानी! अब मेरा यस छोरालाई क्षत्रियका छोराहरू सुहाउँदो जुन जुन काम कुरो छ, फेरि यो लोक र परलोक सुध्रिने सप्रिने जुन जुन जस्तो जस्तो शिक्षा दीक्षा छ, त्यसै त्यसैद्वारा राम्ररी शिकाउनु सघाउनु गरिदेऊ।" यस्ता तरहसँग स्नेहसाथ अनुनय विनय गर्दै आफ्ना पति महाराजबाट भनिएकी नारीहरूका बीचमा उत्तम भएकी महारानी मदालसाले कुरा बङ्ग्याउँदी स्वर बदल्दी छँदी उनी आफ्ना कान्छा छोरा अलर्कलाई यस्ता तरहले भन्न लागिन् "हे पुत्र! सत्कर्महरूद्वारा मेरा पति महाराजका मनलाई आनन्द गराउँदै बहलाउने गर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनि आफन्तका उपकार भलाइका लागि र आफ्ना दुश्मनहरूका कुमलाईकालागि दिन पर दिन हुर्कंदै बढने गर ! हे पुत्र ! तिमी धन्य छौ, जुन तिमी कुनै शत्रु पनि नभएका हुँदा एकमात्र चक्रवर्ती राजा भएर आसमुद्रान्त पृथ्वीको परिपालन गर्ने छौ । त्यस पृथ्वीका परिपालन र सुशासन राजपाटले गर्दा ठूला ठूला दिव्य सुखादिको उपभोग गर्न पाउने छौ । फेरि त्यसै गृहस्थाश्रमका धर्मले गर्दा अजर अमर देवता समान भै स्वर्गादि लोकका सुख भोगादि पनि भोग्न पाउनेछौ । हे पुत्र ! पर्व चाडबाडहरूमा ब्राह्मणहरूलाई तृप्त पार्ने गर । बन्धु बर्गहरूमा चाहिएका कुराहरू पूरा गराउने गर । हृदयमा अरुको भलाइको चिन्ता गरिराख । पराइका स्त्रीजनहरूमा मन हटाई रहने गर । हरहमेशा नै अनेकानेक यज्ञ यागादि पूजा पाठहरूले देव देवताहरूलाई धन दौलतहरूले ब्राह्मणहरूलाई र आश्रित आशामुखीहरूलाई प्रसन्न आनन्द गराउने गर । आफ्ना स्त्रीजनहरूलाई जिन्दगीभरि नै उत्तम प्रेमसाथ अभिलाषा पूरा गराएर आनन्द गराई रहू । त्यस्तै नै हे वीर पुत्र ! शत्रुवर्गलाई धर्मयुद्ध र युद्धका कला, कौशलद्वारा छक्क र दङ्ग पार्ने गर। हे बाबु ! जहाँसम्म बालक रहन्छौ, बाललीलाहरू गरेर बन्धु-बान्धवहरूलाई आनन्द गराई रहु। फेरि जहाँसम्म किशोरकुमार रहन्छौ, आज्ञा सुपाठमा रही शिक्षा दीक्षा हासील गरेर गुरुजनलाई आनन्द गराइ रहू । फेरी जहाँसम्म जवान रहन्छौ, सुकुलीना आफना स्त्रीवर्गलाई आनन्द गराई रहू । अनि जहाँसम्म बूढा रहन्छौ, वनमा रहेर असल शीलस्वभावहरूले वनवासीहरूलाई आनन्द गराइरहू । हे बाबु ! राजपाठमा लाग्दै, राज्य गर्दै सुहृद्वर्गलाई आनन्द गराउने गर । साधु सज्जनलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रक्षा हेरचाह गर्दै, यज्ञयागादिहरू गर्दै रहने गर। दुष्ट दुर्जन बदमास फटाहाहरूलाई निभाउँदै हटाउँदै र संग्राममा वैरी-हरूलाई मार्दै, देश प्रजामा सुख शान्तिको साम्राज्य गराइरहने गर। त्यस्तै गाई ब्राह्मण, साधु-सज्जनका लागी मर्नुसम्म नै परे पनि अगाडि नै सर (नहट)।

राज्यं कुर्वन् सुहृदो नन्दयथाः,
साधून्रक्षस्तात! यज्ञैर्यजेथाः
दुष्टान्निघ्नन्वैरिणश्चाजिमध्ये;
गोविप्रार्थे तात! मृत्युं व्रजेथाः ॥ ३९ ॥

इति छबिसौं अध्याय।

अथ सत्ताइसौं अध्याय ।

जड उवाच-एवमुल्लाप्यमानस्तु स तु मात्रा दिने दिने ॥
ववृधे वयसा बालो बुद्ध्या चालर्क संज्ञितः॥१॥

जड भन्दछन्—यस्ता तरहसंग दिन पर दिन लगातार हि-साबसित आमा श्रीमती महारानी मदालसाले कुरा बङ्ग्याइका सिलसिलाले सम्झाई तालीम गरिएका अलर्क नामका उनी राज-पुत्र बालक बुद्धि र उमेरले सँगसँगै हुर्कदै आए। अनि कौमार अवस्थामा पुगि उपनयन सँस्कार गरिएका र बडा बुद्धिमान् भएका उनी महराज ऋतुध्वजका कान्छा छोरा अलर्क आफ्नी मुमा श्रीमती महारानी मदालसालाई दर्शन अभिवादन (ढोग-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिनु) गरेर भन्दछन्–" पूज्यतमा मुमाज्यू ! अब मैले यस लोक र परलोकका सुख शान्तिका निमित्त गर्नुपर्ने जुन जुन कर्तव्य छ, त्यो सबै पाऊमा पर्नी निहुरिएको पाऊको भक्त बालक मेरा उपर निगाह राखी आज्ञा (हुकुम) हवस् !" यस्ता हिसाबले आफ्ना छोराले चाख राखेर बिन्ती गरिएकी महारानी मदालसाले छोरालाई पहिले यस्ता तरहसंग राजधर्म नीतिको उपदेश गर्न लागिन् ।

मदालसा भन्दछिन्– "हे बाबु ! राज्याभिषेक गरिएका राजाले सबैभन्दा पहिले शुरुदेखि नै स्वधर्म (आफ्ना र प्रजाहरूका वर्णाश्रम धर्म अर्थात् मजहबहरू) मा विरोध वा तल माथि नपर्ने तवरसंग प्रजारञ्जन- कार्य (दुनियाँहरू राजी खुशि भै रमाउने बरबन्दोबस्त कामकुराहरू) गर्नुपर्दछ । फेरि मुख्य गरेर मूल धन बरबाद गराइ सखाप पारिदिने सातवटा व्यसन (कुलत) लाई सबै तरहबाट त्याग गरेर राजकाजसंबन्धी मन्त्र गुह्य कुराहरू बाहिर हल्ला हुन नदिएर शत्रुहरूबाट आफ्नु बचाऊ गर्नुपर्दछ । जस्तै–

त्यस्तै राजा पनि मन्त्रणा बाहिर हल्ला हुन नपाउनाले सन्देह रहित हुने हुन्छ। फेरि दुश्मनहरूका चालबाजीमा फसी बिग्रिएका र नबिग्रिएका मन्त्रीहरू (भाइ भारादारहरू) लाई खूब चनाखो भै बराबरै खबर लिने जाँच बुझ गर्ने गरोस् । त्यस्तै बडा कोशिशसाथ चतुरा गुप्तचरहरूद्वारा शत्रुहरूका गुप्तचरहरूलाई खोज तलाश गर्दै रहोस् । त्यस्तै राजाले यो मित्र हो, यो आफन्त हो, यो बन्धुवर्ग हो भन्ने संझेर उनीहरूमा पनि बिलकूल बिश्वास गर्नु हुँदैन । त्यस्तै मौका र काम कारवाइ हेरी राजाले शत्रु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पक्षकाको पनि विश्वास गर्नु पर्ने हुन आउँछ । त्यस्तै राजाले स्वयं देश काल उन्नति अवनतिको जानिफकार षाडगुण्य (सन्धी आदि छ गुणवाला) धर्ममा निपुण र कामका वसमा नफसेको चोखो भएर रहेको हुनुपर्दछ । त्यस्तै राजाले सबैभन्दा पहिले खुद आफैलाई अनि मन्त्री, भाइ भारादारहरूलाई, अनि अफिसर नोकर चाकरहरूलाई र अनिपछि शहरिया दुनियाँहरूलाई आफ्ना वश अधीनमा गरी गराई मात्र पछि शत्रुहरूसँग बिरोध गरोस् । (१०) जो राजा पहिले यिनीहरूलाई अधीनमा नगराएर नै शत्रुहरूलाई जित्नाको अभिलाषा राख्त छ भने खुद आफैलाई जित्न नसकेको र मन्त्रीहरूलाई समेत वश गराई जित्न नसकेको छँदो सो राजा शत्रुहरूबाट धोका खान्छ । त्यसै कारण हे बाबु ! राजाले सबैभन्दा पहिले काम आदि गरिएका व्यसनहरूलाई नै जित्नुपर्दछ । यदि उनीहरूलाई जित्न सक्यो भने अवश्य नै उस राजाको जितबाजी छ । यदि उनीहरूले नै जितियो (हार्‍यो) भने उ राजा नष्टभ्रष्ट हुन्छ ।

यस्तै काम, क्रोध, लोभ, मोह, मद र मान तथा हर्ष यी सबै नै राजाका हकमा नाश नुक्सान गरिदिने ठूला शत्रु नै हुन् । हेर, कामका अशान्तिले गर्दा मरेका पाण्डु राजालाई संझिएर महाशत्रु- रूप कामका विषयबाट आफुलाई हटाओस् । क्रोधले गर्दा छोरो मरेका अनुह्लादलाई आफुलाई सम्झेर त्यस महाशत्रुरूप क्रोधका विषयबाट हटाओस् । लोभले गर्दा मारिएका ऐल (बुधका छोरो पुरुरवा राजा) लाई संझिएर आफुलाई त्यस महाशत्रुरूप लोभका फन्दाबाट हटाओस् । मदान्ध हुनाले गर्दा ब्राह्मणहरूबाट मारिएका वेन राजालाई संझिएर आफुलाई त्यस महाशत्रु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूप मदका बिषयबाट हटाओस् । मानलेगर्दा अनायुबले खूद आफ्नै पुत्रलाई मारेको सँझिएर आफुलाई त्यस महाशत्रुरूप मानका बिषयबाट हटाओस् । त्यसै हर्षले गर्दा नाशिएका बलिराजा र पुरञ्जन राजालाई सँझिएर आफूलाई त्यस महाशत्रु-रूप हर्षका विषयबाट हटाओस् । यस्ता प्रकारसँग काम आदि गरिएका महाभयङ्कर शत्रुहरूले सर्वनाश पारी बिगारिएका उनीहरूलाई सँझी बिचार गरी महात्मा मरुत्त राजाले उनी कामादिरूप महाशत्रुहरूलाई जितेका थिए । इत्यादि कुराको विचार गरेर राजाले खूद आफ्ना यिनी दोषहरूलाई त्याग गरी हटाइदेओस् ।

त्यस्तै चिर सुख शान्तिका इच्छा भएका राजाले कौवा, कोइली, भमरो, मृग, सर्प, मयूर, हाँस, कुखुरा र फलामहरू-का शील स्वभाव गुणहरूबाट शिक्षा र अक्कल बुद्धि लेओस् । त्यस्तै नै राजाले विपक्षहरूका बारेमा क्षुद्र मानिसका समान आचरण (चाल चलन) गर्ने गरोस् । अनि राजाले मौका हेरी कमीलाहरूको जस्तो चेष्टा देखाओस् । फेरि राजाले आगाका फुलिङ्गाबाट र शिमलका रुखबाट (बीज चेष्टा) बिउको स्वभाव जानोस् । त्यस्तै नै चन्द्र सूर्यको रूप गुण धर्मवाला राजाले नीतिका निमित्त छिनार स्वास्नीमानिस, कमल, सरभ (पशु विशेष), शूलिक (खरायो) र दोजिमा स्वास्नीमानिस का स्तनबाट तथा गोठालाकी स्वास्नीबाट पनि ज्ञान शिक्षा लिनुपर्दछ । (२०) फेरि राजाले राजपाटका विषयमा मौका-हेरी इन्द्र, सूर्य, यमराज, चन्द्रमा र बायुहरूका पाँचरूप स्वभाव गुणहरू लिएर कारबार' गर्ने गर्नु पर्दछ । फेरि जस्तै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इन्द्रले चार महीनासम्म पानी वर्षाएर जमीनलाई तर (तृप्ति) पारिदिन्छन्। त्यस्तै नै राजाले पनि दान प्रदान बरबकसहरूद्वारा प्रजाजनलाई तृप्ती परोस्। फेरि जस्तै सूर्यले आठ महीनासम्म आफ्ना किरणहरूद्वारा पानीलाई खिचेर राख्तछ, त्यस्तै नै राजाले पनि मिहीन मिहीन र राम्रा राम्रा उपायद्वारा कर (जगात) हरू लिने गर्नु पर्दछ। फेरि जस्तै यमराजले आफ्ना प्यारा अप्यारा केही नहेरी मौकामा दण्डहरू गर्न आना कानी गर्दैनन्, त्यस्तै नै राजाले पनि आफ्ना प्यारा अप्याराको बिलकूल नै बिचार नराखी ('राजा सबैका साजा' भन्ने लोकोक्तिलाई चरितार्थ गराउँदै) हक दण्ड इन्साफ गर्नलाई आना कानी लक पक गरी नचुकोस्। फेरि जस्तै पूर्णचन्द्रलाई हेरेर लोक अति आनन्द मान्ने हुन्छ, उस्तै नै जुन राजामा सब प्रजा आनन्दको अनुभव गर्दछन्, त्यो राजाको चन्द्र व्रत हो। फेरि जस्तै वायु सबै प्राणीहरूमा नदेखिने तवरसँग जावत आवत गरी घुसेर रहन्छन्, त्यस्तै नै राजाले पनि गुप्तचरहरूद्वारा प्रजाहरू र मन्त्री भाइ छोरा भारादारमा घुसेर रहने गर्नु पर्दछ। त्योचाहिं राजाको वायु- व्रत हो।

हे बाबु! हेर, जुनचाहिं राजा लोभलालचले होस् कि कामले होस् कि, धन दौलतले होस् बा अरु कुनै पनि कुराले होस् अरुहरूका भनाइतिर खिचिदैन भने खास् गरेर ऊ राजा नै स्वर्गको अधिकारी हुन्छ। फेरि स्वधर्म छोडेर पाखण्डका बाटामा लाग्न तत्पर भएका दुनियाँहरूलाई जो राजा हर तरहबाट उनका आफ्ना स्वधर्ममा लगाइदिन्छ ऊ राजा स्वर्गका सुख भोग गर्ने हुन्छ। फेरि हे बाबु! जुन राजाका राज्यमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्ण- धर्म र आश्रम- धर्महरू लोप हुन, हराउन पाउँदैनन्, त्यस राजाले यस जिन्दगीभर यस लोकमा र परलोक भए-पछि परलोकमा समेत कहिल्यै पनि नाश नहुने किसिमका सुखशान्तिको भोग गरी रहन पाउँछ । फेरि हे बाबु ! बुद्धिभ्रष्ट भएका भ्रष्टाचारवाला, पाखण्डहरूले गर्दा डगमगा-उन लागेका सुधा साधा मानिसहरूका स्वधर्मलाई बलिया तवरसँग जग जमाएर स्थापना गरी दिनु नै राजाको ठूलो र मुख्य कर्तव्य धर्म हो । यसैबाट नै राजालाई सिद्धाइ मिल्दछ । (३०) त्यस्तै नै प्रजा प्राणीहरूलाई राम्रा तरहले परि-पालन गरी दिनाले नै राजा आफ्ना कर्तव्य वा धर्मबाट पार हुन शक्तछ । बडा यत्नपूर्वक राम्रा तरहले धर्मको परिपालन गर्ने राजा नै राजाले पाउनु पर्ने धर्मको भाग पाउन शक्तछ ।

इति सत्ताइसौं अध्याय

—=☰०☰=—

अथ अट्ठाइसौं अध्याय

जड उवाच–तन्मातुर्वचनं श्रुत्वा सोऽलर्को मातरं पुनः
पप्रच्छ–वर्णधर्माश्च धर्मा ये चाश्रमेषु च ॥१॥

जड भन्दछन्– आफ्नी त्यस्ती विदुषी मुमा महारानी मदा-लसाका त्यस्ता बचन सुनेर उनी युवराज अलर्क फेरि पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुनय विनयसाथ वर्ण-धर्महरू र आश्रम-धर्महरूमा तोकिएका जुन जुन धर्महरू छन्, उनीहरूका विषयमा सोधनी गर्नलागे। अलर्क भन्दछन्- "बडी भाग्यवती, हे पूज्या मुमाज्यू ! हजुरबाट हुकुम भएको राजकाज संबन्धी धर्म सुनें, अब वर्णाश्रमधर्म-संबन्धी धर्म सुन्नाको इच्छा गर्दछु; निगाह राखी त्यो हुकुम हवस् ।"

छोरा अलर्कको यस्तो चाख देखेर मदालसा भन्दछिन्- "दान दिनु, वेद वेदाङ्गहरू पढनु र यज्ञ- यागादिहरू गर्नु यिनै तीन धर्म- विहित कर्म नै ब्राह्मणउरूका काम हुन् अनि क्षत्रियादि यजमानहरूलाई पवित्र यज्ञ-यागादि गराउनु शिष्य प्रशिष्य (चेला शाखा) हरूलाई सत् शास्त्रहरू पढा उनु र पवित्र पवित्र प्रतिग्रह (दानहरू लिनु) यिनै तीन कर्म नै ब्राह्मणहरूका जीविका (रोजगार) हुन् । फेरि त्यस्तै दान दिनु षढनु र यज्ञ यागादि गर्नु यिनै तीनक र्म नै क्षत्रियहरूका काम हुन्; अनि पृथ्वीको परि पालन गर्नु नै उनीहरूको खास धर्म र शस्त्रास्त्रद्वारा जीविका चलाउनु नै उनीहरूको खास रोजगार हो । फेरि त्यस्तै दानदिनु, पढनु र यज्ञ यागादि गर्नु यिनै तीन काम नै वैश्यहरूका पनि मुख्य काम हुन् । अनि बञ्ज्यापार गर्नु गाइ भैंसि आदि गरि-एका पशुहरू पाल्नु र खेती पाती गर्नु, यिनै तीन काम नै वैश्य-हरूका खास राजगार हुन् । औ दानदिनु यज्ञहरू गर्नु र ब्राह्मणहरूको टहल शुशारहरू गर्नु नै उनीहरूको मुख्य धर्म हो। फेरि त्यस्तै ब्राह्मण, क्षत्रिय वैश्यहरूका टहल सुशारहरू गर्नु अनि बेच बिखन र शीपका कारीगढीकामहरू गरेर रोजगार निर्वाह चलाउनु नै शूद्रहरूको खास धर्म र कर्तव्य कर्म हुन् । चार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्णका मुख्य धर्महरू यिनै हुन। भएका जति संक्षेपसँग सबै भनें। अब आश्रममा तोकिएका धर्महरू पनि शुन-

हे बाबु ! हेर, आफ्ना वर्ण-धर्मलाई राम्रा तरहसँग पाल्नाले मानिसलाई सिध्याइ मिल्दछ औ त्यसका प्रभावले गर्दा ऊ पतित पनि हुँदैन। त्यस्तै उनी धर्महरूका उल्टा सेवनले मरे-पछि नर्कगामी हुनुपर्छ। फेरि हे बाबु ! जेलेसम्म द्विजाति ब्राह्मण, क्षत्री, वैश्यहरूको उपनयन संस्कार (जनैलाउने कर्म) गरिएको छैन, उसै बेलासम्म मात्रै मनपर्दी चालचलन गर्न र मनपर्दी खानपान गर्न रोकावट हुँदैन। (१०) उपनयनकर्म गरिसकिएको कुमार राम्रा तरहसँग ब्रह्मचर्य व्रतलाई परि-पालन गरेर गुरुका घर्मा (अर्थात गुरु-कुलमा) अन्त्यवासी भएर रहोस्। अब उसले वहाँ रहँदा जुन धर्मको पालन गर्नु पर्दछ ऊ धर्म म बताउँछु; शुन। सधैंभरि नियमसाथ राम्रा हिसाबले पढनु, घोक्नु, अग्निसेवन (होमहरू) गर्नु, नित्य स्नान गर्नु, उचित भिक्षा मागिल्याएर गुरुलाई निवेदन गर्नु, र गुरुवाट दिनु भएको प्रसादले निर्वाह गर्नु, औ गुरुका सत्कर्ममा भरमगदुर हुँदोगरेर हरदम खूब प्यारो हुने कोशिश-मा लाग्नु, अनि गुरुबाट आज्ञा हुनासाथ तत्पर भएर पढ्न लागिहाल्नु, अरु विषयमा कहिल्यै मन नलाउनु। यस्ता तरहसँग एक होस् वा दुइ हुन्, अथवा सबै नै हुन्, गुरुका मुखबाट वेद पढेर गुरुदक्षिणा चढाई, दर्शन अभिवादन गरी गुरुका आज्ञाले विदा भै घर फर्की आएर गृहस्थाश्रममा इच्छा भएको छँदो (आमाबाबुका मनसाय बमोजिम कुलीन कन्यासँग रीतपूर्वक व्याह गरेर) गृहस्थाश्रममा वसोस्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथवा विवाह नै नगरी गृहस्थाश्रममा नै नपसी आफ्ना मनोमान राजी खुशीसँग चौथो वानप्रस्थाश्रम लिएर वहीं गुरुकुलमा नै रहँदो छँदो गुरुसेवाको फल पाउँछ। त्यस्तै गुरु नभयमा गुरुपुत्र र गुरु पुत्र पनि नभएमा गुरुका शिष्य (आफुभन्दा अघिल्ला गुरुदाईहरूको टहल शुसार गर्दै अभिमान शान शेखीलाई छोडी ब्रह्मचर्य व्रतको राम्रातरहले पालन गर्दै बसोस्। फेरि त्यस्काबाद पनि केही गरी गृहस्थाश्रममा रहन मन लाग्यो भने वहाँबाट फर्केर गृहस्थाश्रम चलाउनाका निमित्त असगोत्र कुल (आफ्नु गोत्रभन्दा भिन्नै कुल) की आफु सुहाउँदी, कुनै खराब रोग व्याध नभएकी र हृष्ट पुष्ट भएकी औ शरीरमा कुनै दोष कुलक्षण (खुन खान) नभएकी कन्या खोजी हेरी विवाह गरोस्। अनि आफ्नु वर्कत चलाई काम (इलम बात बेहोराहरू) गरी धनपैसा आर्जन गरी देवता पितृहरू र पाहुना पाथाहरूलाई राम्ररी बुझाई वरी अनि आफ्ना जहान परिवार बालबच्चा नोकरचाकरहरू र आड भरोसका आशामुखी कुल कुटुम्ब (नाता गोता) हरू औ त्यस्तै इष्टमित्रहरू र दीन दुःखी अशक्त बुढा अन्धा लूला लँगडा माग्नेहरूलाई समेत पनि झर्को नमानी चाहगर्दै राम्रा मुखले भर मग्दूर हुँदो शक्को पुग्दो अन्न बस्त्र पैसाहरू दिएर पालन पोषण र भर थेकहरू गर्दै रहनु। त्यस्तै चरा चुरुङ्गी पशु गाई बस्तु कुकुरहरूलाई पनि हुँदो पुग्दो शक्को आहारा चारा घाँस दाना पानीहरू दिएर पालन पोषण गर्दै रहनु। (२०) अनि सन्तानका निमित्त स्त्रीका ऋतु-कालान्तका उचित समयमा स्त्री समागम गर्नु, यही नै गृहस्थको खास धर्म हो। भरसक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्च- यज्ञ (बली वैश्वदेव) हरू गर्न त नछोडोस् । हैसियत हेरी यिनी सबै पितृ देवता पाहुना पाथा जहान बच्चाहरूलाई खुवाई पियाई रहेको खाने कुरो नोकर चाकरहरुसँगै उन्कै सरह आनन्दसँग खाईपिई निर्वाह गर्ने गरेर रहोस् ।

मदालसा फेरि भन्दछिन्–हे बाबु, यस्ता तरहसंग गृहस्थी धर्मको बोध गराउनाका मनशायले यो गृहस्थाश्रम धर्म मैले तिमी-लाई भनें। अब वानप्रस्थको धर्म पनि तिमीलाई भन्दछु, राम्ररी बिचार गरी सुन। बुद्धिमान् मानिसहरूले छोरा, नाती सन्तानहरू-को मुख देखेपछि र आफ्ना शरीरको घट्तो वलदो अवस्था देखे पछि आफ्ना उद्धार र पवित्रताका निमित्त वानप्रस्थाश्रममा जाओस्। अनि उहाँ रही वनका भुक्तमान र तपश्चर्याले इन्द्रियहरूलाई खिची बश गराएर भैंमा सुत्नु, ब्रह्मचर्यमा रहनु र पितृ देवता पाहुना पाथाहरू र आजा पूजा, होम, तर्पण, श्राद्ध सत्कार र मान भावहरू गर्नु औ त्रिकाल स्नान गर्नु, जटा पाल्नु र रूखका बोक्राहरू पहिरने गर्नु अनि बनका फलफुल र चिल्ला रस-हरूले निर्वाह गरी नित्य नै योगको अभ्यास गर्दैरहने गर्नु; आफ्नू उद्धार उपकार गर्ने भएका मानिसले पापका शुद्धिका लागि यस्ता तरहसँग वानप्रस्थको धर्म पूरा गर्नु; यो वानप्रस्थाश्रम धर्म हो।

मदालसा फेरि भन्दछिन्—'हे बाबु ! यस वान प्रस्थाश्रमदेखि पछिल्लो अर्को भिक्षुक (संन्यासी) को चौथो संन्यास आश्रम छ। हे बाबु ! धर्मका तत्व जान्ने भएका महात्माहरूले यस चौथो संन्यास आश्रमीको स्वधर्म जुन जस्तो बताइएको छ, त्यो म तिमीलाई खुलासा गरी भन्दछु, सुन। सबैको सङ्ग (बस उठ हिंड डुलहरू) राम्रै गरी चटक्कै छोडिदिनु, ब्रह्मचर्यले (पवित्र)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहनु, रीश भनेको लीँदै नलिनु, गर्दै नगर्नु, सारा इन्द्रियहरू-लाई खैंचेर आफ्ना पञ्जामा राख्नु अनि बस्नाको बारेमा धेरै दिनसम्म एकै ठाउँमा थलामारी बस्ने नगर्नु । त्यस्तै कुनै सांसारिक काममा हात नहाल्नु औ प्राण राख्नाकालागी उचित भिक्षा मागेर एक छाकमात्र खानु र हर हमेशा न आत्मज्ञानको राम्रो बोध हुने सदिच्छा ली त्यसका उपायमा लागीरहनु औ ब्रह्म ईश्वर (वा जीव) को विचार गरी रहने गरोस् । (३०) शुन्यौ बावु ! चौथो संन्यास आश्रमको धर्म यही हो । मले तिमी-लाई सुनाएँ ।

अब साधारण तवरले सबै वर्ण, सबै आश्रम र सबै जातिका मानिस मात्रको जो धर्म छ, त्यो सबै गोश्वारा गरेर म भन्छु शुन । सत्य (साँचोपन), शौच (पवित्रता वा चोखो नीति), अहिंसा (कुनै प्राणीलाई पीर पिराउ नगर्नु), अनसूया (व्यर्थै अर्काका गुणहरूमा पनि छिद्र खोजी खोजी दोष लगाई डाहा गर्ने दुष्ट्याइँ नलिनु), त्यस्तै क्षमा (सहन सक्ने हुनु), क्रूर परद्रोही नहुनु अनि हृदयको छोटो वा छुद्री नहुनु, त्यस्तै सन्तोषमा रहनु यी आठ मानिस मात्रका गुण हुन् । हे बावु ! वर्णाश्रम धर्ममा बताइएका जो धर्महरू थिए, ती सबै संक्षेप (छोटकरीतवरले) तिमीलाई भनें । मानिसले आफ्ना वर्ण र धर्मका अनुसार भर चित्तो हुने गरी आफ्ना धर्महरूमा रहनु पर्दछ । शुन्यौ बावु ! जुन मानिस स्व- वर्णाश्रम नाम भएको आफ्ना धर्मलाई बाँधेर जथवा तथवा गरी मनपर्दी मार्गमा लाग्ने हुन्छ, उस्ता उद्धत मानिसलाई राजाले दण्ड गर्ने गर्नु पर्दछ । फेरि जुन मानिसहरू आफ्ना स्वधर्मलाई चटक्कै छोडेर कुमार्गमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लागि पाप गर्ने हुन्छन्, त्यस्ता कुमार्गीहरूका उपर प्रमाद (लापरवाही) गरी राजाले कुनै दण्ड कुदण्ड र उस कुमार्गबाट रोकाबट गर्ने गर्दैनन् भने त्यस्ता राजाको इष्टापूर्त (यावत् असल धर्म कर्महरूका फलहरू) सबै नाशिन्छन्। त्यसै कारण हे बाबु ! राजाले हर तरहसँग कोशिश गरी निरन्तर सबै वर्ण र आश्रमका दुनियाँहरूलाई डेग चल्न नदिएर स्वधर्ममा अड्याएर राख्नुपर्दछ । औ आफ्ना धर्ममा नचल्ने जती मानिसलाई दण्ड शासनाहरू गर्ने गर्नुपर्दछ । (३६)

तस्माद्राजा प्रयत्नेन सर्वे वर्णाः स्वधर्मतः ॥
प्रवर्तन्तोऽन्यथा दण्ड्याः स्थाप्याश्चैव स्व कर्मसु ॥३६॥

इति अट्ठाइसौं अध्यायः

—=-०-=—

अथ उनन्तिशौं अध्याय

——०——

अलर्कउवाच—

यत् कार्यं पुरुषाणाञ्च गार्हस्थ्यमनुवर्ततताम्
बन्धश्च स्याद्करणे क्रियाया यस्य चोच्छ्रितिः ॥१॥

आफ्नी त्यस्ती विदुषी माता महारानी मदालसाका यस्ता उपदेशहरू सुनेर नअघाएका युवराज अलर्क फेरि पनि आफ्नी मुमा मदालसालाई सुध्याउछन् ' हे पूज्या मुमाज्यू ! घर बार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जमाई परिवारका साथ रहेका गृहस्थी मानिसहरूले जुन जुन गर्ने लायकका र नगर्ने लायकका कार्य छन्, अर्थात् जुन काम गर्नाले चढ्ती बढ्ती हुँदै जाने र नगर्नाले बिग्रँदै बेरिँदै जाने हुन्छ त्यो कुरा र गृहस्थले छोडनुपर्ने र लिनुपर्ने कुरा जे जे छ त्यो सबै जस्ताको तस्तो गरी मानिसहरूका भलाई उपकारका लागि मलाई हुकुम हवस् ।

आफ्ना प्यारा छोरा अलर्कको यस्तो चाख देखेर आनन्दमा परेकी महारानी मदालसाले यस्ता तरहसँग गृहस्थीका कर्तव्य धर्महरूको तत्व संझाई भन्न लागिन् ' हे बाबु ! जो मानिस गृहस्थाश्रमा रहेर संपूर्ण यस जगत्लाई पालन पोषण गर्दछ अनि त्यसै कामले गर्दा ऊ मानिस भलाई र उन्नतिकासाथ मनले चिताइएका लोक पदहरूका अक्षय सुख शान्ति दिने भोगहरू भोगेर रहन पाउने हुन्छ। पितृहरू भए, देवताहरूभए, ऋषि मुनिहरू भए, मानिसहरू भए, भूत प्रेत पिशाचहरू भए, त्यस्तै कमीला कीरा फट्याङ्ग्रा पुतलीहरू भए, औं चरा चुरुङ्गीहरू भए, अनि गाई वस्तु गरिएका जानवरहरू भए, फेरि दैत्य दानवहरू भए, इत्यादि जति सृष्टिका प्राणीहरू छन् ती साराका सारा नै गृहस्थी मानिसकै आश्रा आड भरोसमा रहन्छन्; र तृप्ति पनि हुन पाउँछन् । अनि " यसैले हामीहरूलाई दिन्छखुवाउँछ " भन्दै सबै-तिरबाट उसै गृहस्थ मानिसकै मुख ताकी टुलु टुलु हेरी रहन्छन् ।

हे बाबु ! सबैको आधार स्वरूप र तीनै वेदमा बताइएका धर्मले व्याप्त भएको औ जसमा सारा चराचर जगत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहेको हुनाले संपूर्ण जगत्‌कै मुख्य कारण नै मानिएकी यस्ती ऋग्वेद रूप पिठ्यूँ भएकी यजुर्वेदरूप कम्मर भएकी र सामवेदरूप मुख र गला भएकी फेरि असल धर्मकर्मका फल स्वरूप सिङ् भएकी, सज्जनहरूले कहिएका असल उपदेश स्वरूप रौं भएकी औ शान्ति र पुष्टि रूप गौंत गोबर भएकी र संपूर्ण जगतकी कहिल्यै न नाशिने अक्षय आश्रय र आधार स्वरूप भएकी औ स्वाहाकार, स्वधाकार, वसठकार र हन्तकार स्वरूप चार थुन भएकी यस्ता तरहकी यी गाई छन्। फेरि हे पुत्र ! यस्ती गाईका स्वाहाकार रूप थुनलाई देवताहरू स्वधाकार रूपथुनलाई पितृहरू र वषटकार रूप थुनलाई ऋषि मुनिहरू औ हलन्तकाररूप थुनलाई इनिहरूदेखि बाहेकका (१०) मानिसहरू र भूत प्रेत पिशाच दैत्य राक्षसहरू र अरू जो जो छन् सारा नै सदा सर्वदा पान गर्ने गर्दछन्। हे बाबु ! यस्ता हिसाबसँग यिनी तीनै वेदमय भएकी गाईले सबै जगत्‌लाई नै अघाएर तृप्ति पारी आनन्द दिन्छिन्। हेर बाबु ! जो मानिस यस्ती गाईलाई दुःख दिन्छ, पीर पिराउ गर्दछ, ऊ मानिस अत्यन्त पाप गर्ने पापी हो ऊ मानिस तामिश्र, अन्ध तामिश्र नामका नरकहरूमा गाडिन्छ। जो मानिस आफ्ना बाच्छारूप देवताहरूले सँगै यस्ती गाइलाई बखत बखतमा खान पान दिई परिपालन गर्दछ ऊ मानिस स्वर्गलोक-हरूको सुख भोग गर्दछ। हे बाबु ! यसै निमित्त मानिसले आफ्नै जिउकै जस्तो गरेर दिन दिनै देवता पितृ ऋषि मुनि मानिसहरूको र यावत् प्राणीहरूको पनि पालन पोषण गर्दै रहनु पर्दछ। त्यसै कारण मानिसले राम्रा तवरसँग नित्य नै सवेरै नुहाइ धुवाइ शुद्ध सफा भएर बखत वेलामै जलहरूले देवता पितृ ऋषि मुनिहरूको र त्यस्तै प्रजापतिको पनि तर्पण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्नु पर्दछ। अनि मानिसहरूले असल असल सुबासवाला चन्दन फूल अक्षताहरूले देवताहरूका आजा-पूजा गरेर फेरि अग्निको तर्पण (होमहरू) गर्ने र त्यस्तै ब्रह्माजीलाई पुष्पादिका वलिहरू दिने गर्नु पर्दछ। त्यस्तै घरभित्र विश्वेदेवहरूलाई बलिहरू दिने गर्नु पर्दछ । फेरि धन्वन्तरीलाई चिताएर पहिले उत्तर दिशातिर बलि छर्ने गरोस्, अनि इन्द्रलाई चिताएर पूर्व-दिशातिर र यमराजलाई चिताएर दक्षिण दिशातिर औ वरुणलाई चिताएर पश्चिम दिशातिर बलिदिने गरोस्। फेरि सोम (चन्द्रमा) लाई चिताएर उत्तर दिशातिर बलि दिने र घरका ढोकामा धाता र विधातालाई बलि दिने गरोस्। अनि अर्यमालाई चिताएर घरका बाहिर सबैतिर बलि दिने गरोस्। फेरि त्यस्तै रात्रिचर भूत प्रेत पिशाच आदि गरिएका प्राणीहरूलाई चिताएर आकाशतिर बलि छर्ने र दक्षिण तिर फर्की पितृहरूलाई चिताएर अन्नहरू दान गर्ने गरोस्! (२०) यस्ता तरहसँग गृहस्थ मानिसले बढिया तवर र सुचित्तसाथ तत्पर भएर यी काम गर्ने गरोस् । फेरि बुद्धिमान् मानिसले जल लिंदै उनै उनै देवताहरूको उद्देश्य गरी आचमनका लागि उनै उनै ठाउँहरूमा छर्कने गरोस्। यस्ता तरहसँग सम्पूर्ण प्राणीहरूला अघाउना लागि गृहस्थाश्रममा रहेका पवित्र गृहपतिले नित्य नै श्रद्धा भक्ति र आदर पूर्वक घरमा गृह बलि रूप यज्ञ र दानहरू गर्ने गरोस् । फेरि त्यस्तै कुकुरहरू-लाई चाण्डाल पोडे च्यामेहरूलाई र चरा चुरुङ्गीहरूलाई समेत जमीनमा अन्न बलिहरू दिने गरोस् । यस्ता तरहले बिहान र बेलुकाका निमित्त कहिएका यो बलि वैश्वदेव नामको नित्य-कर्म हो । यति कर्म सिध्याएर आचमन गरी उठेपछि फेरि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केही बेरसम्म ढोकातिर हेरविचार गरी आइलागेका कुनै पनि जोगी, साधु, सन्त, भिक्षुकहरूलाई अतिथिको भाव राखी सुचित्तसाथ श्रद्धा भक्तिपूर्वक हुँदो पुग्दो सक्तो अन्न जल फलफूलहरूले पूजा सत्कार (मान मिजास) गर्ने गरोस्। नजीक वरिपरि पउँटे गाउँका छर्छिमेकी र जान पहिचानका इष्टमित्रलाई अतिथि पाहुना नठानोस्। किन्तु कुनै कुराको जान पहिचान नभएका र उत्तिखेरै अपर्झट्मा आइपरेका औ केही नभएका र भोका प्यासा त्यस्तै थाकेका अनि माग्न भनि आइपुगेका यस्ता ब्राह्मणलाई अतिथि भन्दछन्। औ उस्ता पाहुना नै बुद्धिमान् मानिसले आफ्ना गच्छे अनुसार मान गरिन योग्यका छन्। विचारवान् मानिसले पाहुनाको कुलघरान, थरगोत्र र पढाइ लेखाइ समेतको कुनै सोधपुछ चर्चा नगरोस्। अनि राम्रो नराम्रो जस्तो होस् तापनि पाहुनालाई प्रजापति स्वरूप मानेर आदर सत्कार गर्ने गरोस्। आउना जानाको र वस्नाको अनित्य (केही ठेगान नभएको) हुनाले अतिथि भनिएको हो; उस पाहुनालाई तृप्ति गराउनामै गृहस्थी मानिस, मनुष्य यज्ञ संबन्धी ऋणबाट अऋणी भै मुक्त हुन्छ। अनि उस पाहुनालाई नदिई नखुवाई आफुले मात्र खाने गर्नाले गृहस्थी मानिस पापको भागी हुन्छ। (३०) उस्ता गृहस्थीले यस जिन्दगीभर उस पापजन्य दुःख सन्तापहरूको भुक्तमान भोगी, मरेपछि नरकमा जाकिएर गू, मूत खाई रहनुपर्दछ।

हे बाबु! जुन गृहस्थका घरबाट जुन पाहुनाले निराश भै उल्टो फर्की जानुपर्दछ, उस पाहुनाले उस गृहस्थलाई सारा पाप दिई उस गृहस्थको सारा धर्म पुण्य लिएर जाने हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सारा सिस्नु, खोले, फांडो, पानी जे जस्तो आफुले खान्छ, खान पाउँछ उस्तै वस्तुहरूले नै भए पनि मानिसले पाहुना पाथाको आदर सत्कार गर्ने गरोस् । फेरि दिनदिनै पितृहरूका लागि अन्नादि र जलहरूले श्राद्ध गरी धेरै ब्राह्मणहरूलाई भोजन गराउने वा नसके एउटै बाहुनलाई भए पनि खुवाउने गरोस् । पाक्य अन्नहरू पहिले ब्राह्मणलाई पस्की अर्पण गरोस् । फिरन्ता ब्रह्मचारी जोगी माग्नेहरूलाई भिक्षा देओस् । एक गाँस पुग्ने अन्नहरूलाई भिक्षा र चार गाँस पुग्ने अन्नहरूलाई अग्र अर्थात् अग्रासन भनि भन्दछन् । अग्रको चार दोबर अर्थात् सोह्र गाँस अन्नलाई विद्वान् ब्राह्मणहरू हन्तकार भन्दछन् । भोजन होस् वा भिक्षा होस् वा अग्रासन होस् अथवा हन्तकार जे सुकै होस् ता पनि आफ्ना गच्छे अनुसार दान नगरी नखुवाई गृहस्थ मानिस (घरको मालिक)ले नखानू । अतिथिहरू भए, इष्टमित्रहरू भए, ज्ञानि बन्धुवर्गहरू भए, त्यस्तै माग्ने मगन्ताहरू भए, अनि अशक्त बालक बूढाखाडाहरू भए, अन्धा लूला लंगडाहरू भए, फेरि त्यस्तै मधौराहरू भए, यिनिहरूलाई शक्तोपुग्दो खुवाउने पियाउने गरोस् । त्यस्तै अर्को भोको गरीब शुभचिन्तक जे खान्छ, जे खानको इच्छा गर्दछ, पुगी सरी आउँछ भने जहानियाँ मानिसले उस्तालाई पनि राम्ररी खुवाओस् ।

धन संपत्तिले सुसंपन्न र श्रीमान् ज्ञाति बन्धु पाएर पनि अर्को खुद उसैको बन्धु आपत्ति विपत्तिमा परी दुःखी हुन्छ भने उस दुःखी बन्धुले उस दुःखका अवस्थामा लाचारीसाथ गर्नुपरेका पापको भोग उसै हुँदो खाँदो बन्धुले नै भोग्नुपर्दछ सूर्यास्तका समयमा घरमा आइपुगेका अतिथिलाई सन्ध्या-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कालमा गरिने विधिले मान सत्कार गर्नुपर्दछ (४०) आफ्ना शक्तिअनुसार श्रद्धा, भक्ति, मान, भावपूर्वक खानपीनहरू र ओड्ने ओछ्याउनेहरूले आनन्द आराम गराउनु पर्दछ। हे बाबु ! हेर, यस्ता तरहसँग गृहस्थाश्रमका धर्मलाई थाम्ने मानिसका काँधमाथि नै गृहस्थ विषयको भार राखिएको छ। बुझ्यौ बाबु ! यस्ता स्वधर्ममा रहेका गृहस्थबाट नै विधाता भए, देवताहरू भए, पितृहरू भए, महर्षिहरू भए, त्यस्तै कल्याण चिताउने भएका अरू सारा बन्धु बान्धवहरू र अतिथिहरू भए, अनि पशुहरू र चरा चुरुङ्गीहरू भए, फेरि अरू अरू जुन कमिला, कीरा, फटेङ्ग्राहरू छन् ती सबैका सबै नै तृप्त भै अघाएका छन्। ठूला भाग्यमानी भएका हे बाबु ! यसका बारेमा खुद महर्षि अत्रिले गाइएका गृहस्थाश्रम धर्म–संबन्धी गाथाहरू जो छन्, ती सुनः–

" पुगीसरी आएका गृहस्थले देवता, पितृ, पाहुना, पाथा बन्धु बान्धवहरू र जुवाइँ भानिजहरू औ गुरु पुरोहितहरूलाई हरतरहसँग आदर सत्कार गर्नु र कुकुरहरू, चाण्डाल पोडे च्यामेहरू र चरा चुरुङ्गीहरूलाई पनि जमीनमा बलिहरू दिनू। बलिवैश्वदेव नाम भएको यो कर्म गृहस्थ मानिसहरूले (संध्याकाल बिहान बेलुका) मा र दिउँसो पनि गर्नै गर्नुपर्दछ। आफना घरमा मासु भयो, अन्न भयो, शाग पात भयो, जो जस्तो पाकछ जुर्दछ, त्यो सबै बस्तु माथि कहिएका देवता, पितृ, ऋषि, आदि गरिएकाहरूलाई विधिपूर्वक अर्पण नगरी खुद आफू मात्रै नखाओस्। (४६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मांसमन्नं तथा शाकं गृहे यच्चोपसाधितम् ।
न च तत् स्वयमश्नीयाद्विधिवद्यन्न निर्वपेत् ॥४६॥

इति उनन्तिशौं अध्याय

अथ चौतिशौं अध्याय

मदालसोवाच–

एवं पुत्र! गृहस्थेन देवताः पितरस्तथा
संपूज्य हव्यकव्याभ्यामन्नेनातिथिबान्धवाः॥१॥

सारा शास्त्रहरू जानेबुझेकी, ठूली विदुषी र महा पतिव्रता भएकी श्रीमती महारानी मदालसा यस्ता तरहसँग सम्झाउँदै प्रिय पुत्र अलर्कलाई फेरि भन्दछिन्—

"हे प्राणप्यारा छोरा! गृहस्थ मानिसले यस्ता प्रकारसँग होमहरू गर्दै, देव देवताहरू तर्पण श्राद्धहरू गर्दै, पितृहरू र अनाजहरूका भिक्षा सीधा भोजन बलीहरू दिँदै भिक्षुक, जोगी माग्ने पाहुनापाथाहरू र आशामुखी नातागोताहरू औ नोकर चाकरहरू अनि त्यस्तै पशु पक्षीहरू र कमिला कीरा फट्याङ्ग्राहरू इत्यादि इत्यादि सारालाई नै भरशक आनन्द सन्तोष पार्ने गर्नु पर्दछ । हे बाबु! सदाचारी आस्तिक सज्जन गृहस्थको यो अत्यन्त आवश्यकको ठूलो कर्तव्य कर्म हो । यस्ता यी नित्य नैमित्तिक क्रिया कर्महरूलाई छोडी मनपर्दो गरी जो मानिस हिँड्छ, ऊ मानिस पापको भागी हुन्छ ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आमाका यस्ता उपदेश शुनेर अत्यन्त खुशी भएका राजकुमार अलर्क अनुनय विनयका साथ ठूलो चाख राखेर फेरि सुध्याउँछन् "सारा कुलैलाई आनन्द गराई बक्सने हे मुमाज्यू! हजुरबाट बताइएका गृहस्थ मात्रले गर्नु पर्ने तीन प्रकारका (कर्म अर्थात् प्रारब्ध, संचित र क्रियमाण) अनि नित्यकर्म नैमित्तिक कर्म र नित्य–नैमित्तिक कर्महरू शुनिसकें। अब जुन आचार बिचारमा रहनाले मानिस यस लोकमा र परलोकमा समेत सच्चा आनन्द सुख र सच्चा शान्ति पाउन शक्छ, त्यस्तो सदाचार शुन्न चाहन्छु; आज्ञा हवस्।"

प्रियपुत्रको यस्तो चाख देखेर मदालसा भन्न लागिन् "हे बाबु गृहस्थ मानिसले सधैंभरी नै सदाचारमा रहनु पर्दछ। किन भने, आचार बिचारले हीन भएका, मानिसलाई यत्र परत्र यहाँ र वहाँ सर्वत्र नै जहाँसुकै पनि सुख शान्ति मिल्दैन। हेर, मानिस यदि यज्ञ, दान, तपस्याहरू भने गर्दछ तर सदाचारमा भने रहँदैन मनपर्दो चालमा रहन्छ भने उस्ले गरिएका ती यज्ञ दान तपस्याहरू सिद्धि वा कल्याण दिने हुन शक्तैनन् (ती सबै व्यर्थ हुन्छन्) हेर दुराचारी मानिसले यहाँ यस जन्ममा लामू जिन्दगी पनि पाउँदैन। यो पक्का पक्की संझ। कोशीशसाथ तन मन दिएर सदाचारलाई पालने गर्नु पर्दछ। आचारले गर्दा अलक्षण (दुर्भाग्य) हरू नाश हुन्छन्। हे बाबु! त्यस्ता सदाचारको स्वरूप म बताउँछु, त्यो राम्ररी तनमन लगाई शुनेर जस्ताको तस्तो गरी परिपालन गर। बुझ्यौ गृहस्थ मानिसले त्रिवर्ग (धर्म अर्थ र काम) हासिल गर्नालाई भरशक कोशिशमा लाग्ने गर्नु पर्दछ। गृहस्थ मानिसले त्यस त्रिवर्ग-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाई पूरा गराउन शक्यो भने त्यसको यो लोक र परलोक पूरा भयो । (१०) हेर, बाबु ! मानिसले दश नङ्ग्री खियाई, पसिना बगाई, मिहिनत गरी, सच्चा इमान्दारीसाथ उचित असल कामहरू गरेर धन पैसा आर्जन गर्नु पर्दछ । अनि संचिता गरिएका त्यो पैसा इन्द्रियहरू र मनलाई खँची विचारपूर्वक बराबरी बराबरी चारभाग लगाई उसमध्ये एक भाग परलोकका हित कल्याणसाधनका जगेर्नाका लागि दान पुण्य सत्कार्यहरूमा लगाउने र दुइभागचाहिं सपरिवार आफ्ना पालन पोषण-हरू र यावत घर व्यवहार सम्बन्धका काम काजहरूमा लगाउने औ बाँकी चौथो एक भागचाहीं मूल धनका रूपले उचित व्याज बट्टाहरू र बञ्ज व्यापारहरूमा लगाई बराबर बढाउँदै लैजाने गर्नु पर्दछ । बुझ्यौ बाबु ! यस्ता रीत भाँतसँग खर्चिएका र चलन चाँजो चलाइएको अर्थ पैसा नै यथार्थमा अनर्थबाट बचाउने र पुरुषार्थको चरितार्थ गराउने सार्थक अर्थ कहलाउन समर्थको हुन्छ । बुद्धिमान् मानिसले पाप नाश गर्नाकोलागि धर्म गर्नै गर्नु पर्दछ । ऊ धर्म काम्य र पारलौकिक या क्रमैसँग यत्र र परत्र फलदिने दुइ प्रकारको हुन्छ । प्रत्यवायका डरले अवि-रोधी भएको अर्को काम्य धर्म गर्नुपर्दछ । ऊ काम्य धर्म पनि त्रिवर्ग (धर्म अर्थ काम) को अविरोधि हुनाले काम्य र पारलौकिक दुइ प्रकारको नै छ । बुद्धिमान् मानिसले सोझा चाल-सँग चलेका काम्य धर्म र उल्टा चालसँग चलेका काम्य-धर्मलाई विचार गर्नै गर्नु पर्दछ । त्यो म भन्दछु, शुन । धर्मको पछिलाग्ने धर्मले आत्माका अर्थलाई बाधा गर्न शक्तेन । यस्ता हिसाबले पारलौकिक धर्म, काम्य-धर्म र पारलौकिक कर्म, काम्य कर्म गरी धर्म र कर्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुइ प्रकारका छन् ।

फेरि हे बाबु ! ब्राह्ममुहूर्तमा विहानै ब्यूँभी धर्म र अर्थको पनि विचार गरेर, ओछ्यान छोडी, उठी प्रातः स्मरणहरू गरी दिशा जङ्गलहरूबाट पार भै पूर्वपट्टी फर्की स्नानादि गरेर आचमनपूर्वक सन्ध्या, वन्दन, पूजन, पठनहरू गर्ने गर्नु पर्दछ। विहानको सन्ध्यावन्दन ताराहरू छँदैमा र बेलुकाको सन्ध्या बन्दन श्री सूर्यनारायण छँदमा विधिपूर्वक गरी हाल्नु पर्दछ। सारै आपत विपत र विप्लव (हुल हाल) परेको वेला बाहेक अघिपछि कहिल्यै पनि आफना नित्यका सन्ध्यावन्दनलाई छोडने गर्नु हुँदैन । बुभयौ बाबु ! खराब विनाकामको वाहियात र असत्य बोली बोल्ने गर्नु हुँदैन । त्यस्तै रूखो नराम्रो बोली बोल्ने गर्नु पनि हुँदैन। फेरि त्यस्तै नै असत् शास्त्र असत् व्याख्यान (वक्तृता स्पीचहरू) र असत्को सेवा पनि गर्नु हुँदैन। इन्द्रियहरू र मनलाई बशमा गरेर नियमसाथ नित्य नै विहान र बेलुका होम गर्ने गर्नु पर्दछ । उदाउन लागेका र अस्ताउन लागेका सूर्यका बिम्बलाई हेर्नु हुँदैन ।(२०) देबताहरूको तर्पण गर्नु कपाल कोर्नु बाट्नु र ऐना हेर्नु औ दाँतमा दतिउन लगाउनु यी काम बिहानी पख (आधादिन नढल्केसम्म) मात्र गर्नु हुन्छ । गाउँ भित्र भो, बस्ती भएका ठाउँमा भो, तीर्थ घाट पानी पनेराहरूमा भो, बाटामा भो, खेत बारी बगैंचाहरूमा भो, खन जोत गरिएका जमीनमा भो, गोठ गौंचरहरूमा भो यी ठाउँहरूमा भाडा पिशाब गर्नु हुँदैन । त्यस्तै निर्बाङ्ग अवस्थाकी अर्काकी स्वास्नीलाई र आफ्नो विष्टा (मल) लाई हेर्नु हुँदैन। नछुने भएका स्वास्नी मानिसहरूलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हेर्नु छुत छात गर्नु र बोल चाल गर्नु पनि हुँदैन । जलहरू भित्र झाडा पिसाबहरू र स्त्री संगम गर्नु हुँदैन । त्यस्तै झाडा पिशाबहरूमा; कपालका रौंहरूमा र खरानीमा औ खबटा खबटीहरूमा बस्नु हुँदैन । त्यस्तै नै बुद्धिमान् मानिसले भुसमाथि, अँगारमाथि, हाडहरूमाथि र डोरीहरूमाथी औ लुगा कपडाहरूमाथि त्यस्तै नै बाटामा र खाली भैंमा बस्ने गर्नु हुँदैन। आफ्ना गच्छे अनुसार देवता पितृ मनुष्य पाहुना पाथाहरू र पशु पक्षी आदि प्राणीहरूलाई बुझाईसकी, पछाडी मात्र गृहस्थले खान पीन गर्नु उचित हुन्छ मानिसले सधैंभरी नै पवित्र भै पानी अचाई, नबोली दुबै जाँघका बीचमा हात पारी र उस अन्नका उपर प्रीति तथा चाख राखी तन मन भई पूर्वतिर अथवा उत्तर तिर फर्केर भोजन खान पीनहरू गर्नें धर्नु पर्दछ। बुद्धिमान मानिसले अपकारदेखि बाहेकका अर्काका अरु अरु दोषलाई भन्ने फैलाउने गर्नु हुँदैन। त्यस्तै प्रत्यक्ष लवण (खाली नून) र ज्यादा तात्तातो भात खाने कुराहरू झटाझट कपाकप निलिहाल्ने गर्नु हुँदैन। इन्द्रियहरू र मनलाई वशमा राख्ने भएका मानिसहरूले उभिइ उभिई र हिंडी हिंडो दिशा सूचीहरू गर्नें गर्नु हुँदैन। जे सुकै खाँदा पनि आचमन नगरी खाने गर्नु हुँदैन । त्यस्तै जुठे मुखले कुनै व्यर्थका कुरा कहानी औं गफ गोफहरू गर्नें र पढ्ने पढाउने पनि गर्नें गर्नु हुँदैन। त्यस्तै गाई, ब्राह्मण, अग्निहरू र आफ्ना माथलाई पनि हातले छुने गर्नु हुँदैन। (३०) नमस्कार गर्नु (ढोगदीनु) देखि बाहेक अघि पछि खालि दच्छाले सूर्य चन्द्र र नक्षत्रहरूलाई हेर्नें न गर्नु। टुटफुट भएका पिर्का

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खातहरू र भाँडाहरूको पनि चलन नगर्नु । गुरुजनहरू आउँदा झट्पट उठी सत्कार मान भाव ढोग भेटहरू गर्दै आसनहरू टक्र्याइ असल उचित कहानी कुराहरू गर्ने गर्नु । अनि उहाँ गुरुहरू फर्की जाँदा आफु पनि असल कुराको बिचार गर्दै केही परसंम पछि पछि लाग्दै पु-याउन जाने गर्नु । खाली बस्त्र धोती मात्र पहिरेर देवताहरूका आज्ञा पूजाहरू गर्ने र खान पीन गर्ने नगर्नु । फेरि बुद्धिमान मानिसले ब्राह्मण-लाई भारीहरू बोकाउने नगर्नु । त्यस्तै आगामा झाडा पिसावहरु फेर्ने र खकार थुकहरू थुकने पनि नगर्नु । यस्तै मानिसले निर्वाङ्ग नाङ्गै भएर नुहाउने र सुत्ने पनि नगर्नू । त्यस्तै एकै पल्ट दुवै हातले कपाल कन्याउने नगर्नु । त्यस्तै नै कुनै खाश काम नपरी तेसै रोजिन्दा नै कपाल नुहाउने नगर्नु कपाल नुहाइ-एका मानिसले कुनै अङ्गलाई पनि तेलले चुवर्ने नगर्नु । त्यस्तै सबै नै अनध्याय (पढ्न नहुने) दिनहरूमा पढ्ने पढाउने कामहरू गर्ने नगर्नु ब्राह्मण, गाई, सूर्य, चन्द्र, देवताहरूतिर फर्केर झाडा पिसावहरू फेर्ने र खकार थुकहरू थुक्ने पनि नगर्नु । दिउसो उत्तरपट्टी र राती दक्षिणपट्टी फर्केर झाडा पिसावहरू फेर्ने गर्नु औ च्यापेर आखीर पारेका बेलामा भने जहाँ जस्तो मौका ठाउँ हुन्छ , मनलागेतिर फर्की फेर्ने गर्नु हुन्छ । श्रीगुरुका दोष पापहरूलाई प्रकाश गर्नेर निन्दाहरू गर्ने कहिल्यै नगर्नु । औ केही गरी गुरु रिशाउनु भयो भने पनि उहाँलाई अनुनय विनयका साथ थामथुम पारी मनाउनाको कोशीस हर तरहबाट गर्ने गर्नु पर्दछ । यस्तै नै अरुहरूले गुरुका उपर गरिएको निन्दा गाली गुफ्ताहरू पनि सुन्नु हुँदैन । हेर बाबु ! फेरि बाटो हिंड्दा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खेरी ब्राह्मणहरू भए, राजा (राजवर्ग) भए, आखीर र आत-रुपरेका भए, बुढा पाका भए, भारी बोकाहरू भए, बक्क लाटा पट्ट बहिरा र निस्पट्ट अन्धाहरू भए अनिलागू अम्मलहरूले वा आफ्नै मस्तीले मात्तिएकाहरू र बदुला सिल्लीहरू भए (४०) त्यस्तै फुँडी वेश्या भए, दुष्मन भयो, बालक भयो औ ब्रह्मचारी भयो इनीहरूलाई झट्पट् बाटो छोडी दी हाल्नू। फेरि बाटो हिंड्दा बुद्धिमान् मानिसले देव देवता, देवलहरू, गाउँका ठूला ठूला रुखहरू र चौताराहरू अनि त्यस्तै चौबाटाहरू औ ज्यादा विद्यावाला विद्वान्हरू त्यस्तै मान्य गन्य गुरुजनहरू इत्यादिलाई दाहिना दाँया पारेर आफु बायाँतिरबाट हिंड्ने गर्नू। त्यस्तै लुगा फाटो र फूल मालाहरू अर्कोले लगाइ सकेका जडाउरी नलाउनू। त्यस्तै नै जनै, बाला गहना गुरियाहरू पनि जडाउरी नलाउनू। फेरि चतुर्दशि अष्टमी पूर्णिमा अमावास्या (औंसी) र यायत् पर्वका दिनहरूमा तेल मालिस गर्नु र स्त्रीसँगको सह-वास छोडी दिनू। फेरि बुद्धिमान् मानिसले गोडा तिघ्राहरू हल्लाई हल्लाई बस्न नगर्नु। त्यस्तै गोडाहरू झट्कार्न र गोडामाथी गोडा राख्न पनि नगर्नु। त्यस्तै नै अर्काका मर्ममा बिझने गरी र निन्दा गाली गुफ्ताहुने गरी नबोल्नु अनि छुस्केरी छुल्याइ पोल्याइ पनि कहिल्यै नगर्नु। त्यस्तै बुद्धिमान मानिसले शेखी घमण्ड, छल छाम अभिमान र झगडा तगडा लडन्त भिडन्तहरू नगर्नु। निन्दित नीच र इन्द्रजाली टुन्याहरू औ हीन अङ्गवाला र अधिक अङ्ग-वालाहरू इत्यादिलाई गिजाउने ख्याल ठट्टा गरी गिजाउने जिस्क्याउने नगर्नु। पुत्र र शिष्यलाई तर्साउनाका लागि अरू-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाई कुट पिट गर्ने न गर्नु ।

हे बाबु ! बुझ्यौ, बुद्धिमान मानिसले गोडाले आसन दबाएर बस्न नगर्नु । त्यस्तै अपुङ्गो, खिचडी, खीर, मिठाइहरू र मासु इत्यादि खानेकुराहरू खालि आफ्नालागि मात्रै पकाइ खाने नगर्नु नित्य नै विहान बेलुका भरशक पाहुना पाथालाई धुझाई मनाई खाने गर्नु । हेर बाबु ! दाँतमा दतिउन लगाउँदा दाँत माझ्दा सधैँभरी नै की पूर्व, की र उत्तरतिर फर्केर नबोली लाउने माझ्ने गर्नु । दतिउन लाउन नहुने भनिएका रूखको दतिउन नलाउनू । मानिसले कहिल्यै पनि उत्तरपट्टी र पश्चिमपट्टी शिरान गरी सुत्ने नगर्नु । (५०) किन्तु भरशक सधैँभरी नै दक्षिन-पट्टी अथवा पूर्वपट्टी शिरान गरेर सुत्ने गर्नु । त्यस्तै कहिल्यै पनि गन्हाउने मैला फोहोर पानीमा र ग्रहणदेखि बाहेक अघिपछि रातीमा नुहाउन हुँदैन । सबै परिस्थितिमा सबैका मतले दिन मै नुहाउनाको आदेश देखिन्छ । न नुहाइकन शरीरलाई हातले कपडाहरूले दली मली गर्ने नगर्नु त्यस्तै कपालका रौँहरू र धोती उपर्नाहरू झट्कार्ने हल्लाउने गर्नु हुँदैन ! त्यस्तै बुद्धिमान मानिसले कहिल्यै पनि न नुहाइकन चन्दनहरू लगाउनु हुँदैन । फेरि मानिसले कहिल्यै पनि विलकूल रातो र बिलकूल कालो तथा छिर्बिरे लत्ता कपडाहरू पहिरने नगर्नु । त्यस्तै लत्ता कपडाहरू र गहना गुरियाहरू उल्टा पाल्टी गरेर लाउनु हुँदैन । खराब भएको फाटी लथालिङ्ग भएका लुगाहरू पनि लाउनु हुँदैन त्यस्तै बुझ्यौ बाबु ! रौँ परेका, किराहरू परेका, पिंघी धोटी सारै नै फाँडो गराइएका कुकुरहरूले टुलु टुलु हेरिएका चाटिएर खाँदा खाँदै बचेका पुरा अनि खसे पोखि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एका, सार-झिकिएका यस्ता खानेकुराहरू र पिँढूको मासु (देवता-पितृलाई नचढेका मासु) खाली मासु औ वर्ज्य मासु (खान नहुने भनिएका) र धेरै दिनको बासी मासु पनि कहिल्यै खानु हुँदैन । त्यस्तै खाली नुनहरू मात्रै पनि खानु हुँदैन । फेरि हे बाबु! त्यस्तै नै बासी भात र धेरै दिनका बासी पिठो-शाग-पात-उखू-दूधहरूका विकार (बनावटी पदार्थहरू) औ मासुका विकारहरू पनि खानु हुँदैन । बुझ्यौ युवराज! यी कुराहरूमा राम्रो हेक्का राखी खान-पीन गर्ने-गर्नु-पर्दछ । त्यस्तै कहिल्यै पनि सूर्य उदाउने र अस्ताउने बेलामा सुत्ते-निदाउने गर्नु-हुँदैन । त्यस्तै नै मानिसले ननुहाएर, नवसेर उभिइ-उभिई, अन्त नै तन-मन दिएर (खाने कुरामा मन नदिएर) र बिछ्याउनामा बसेर औ खाली भुँमा बसेर अनि खाली एउटा धोती मात्र (उपर्ना नभएको) पहिरेर तथा कुराहरू गरेर औ वरी-परी बसेकाहरूलाई टुलु-टुलु हेराई र घुटु-घुटु थुक निलाइ-निलाइ कहिल्यै खान-पिन गर्ने-गर्नु हुँदैन । (९०) स्नानहरू गरी पवित्र भै बिहान र बेलुका मात्र दिन-भरमा ख्रालि दुइ टायम खान-पिन गर्ने-गर्नु पर्दछ । चुबुर-चुबुर धेरै पटक खाने बानी गर्नु सारै नै खराब छ ।

आचार-विचारका यस्ता आदेश-उपदेशका उपर छोरा अलर्कको ठूलो निष्ठा र चाख देखेर अति हर्षित भएकी विदुषी महारानी मदालसा फेरि भन्दछिन् — हे बाबु! हेर, बुद्धिमान् मानिसले कहिल्यै पनि अर्काका स्त्रीहरूसँग सहवास-व्यभिचार गर्नु-हुँदैन । किनभने, अर्काका स्त्रीसँग व्यभिचार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(खुट् पुट् वा लस पस) गर्नाले मानिसको मुख्य गरेर आयुष्य र आरोग्यको नाश हुने औ इष्टापूर्त (आफुले गरिएका परोपकार दान पुण्य यज्ञ यागादि गौचर छोडनू रुख लाउनु र पाटी पौवा कूवा धारा वाटाघाटा बनाउनु औ आजा-पूजा तथा व्रत-उपवास-तपस्या इत्यादि धर्मकर्महरू र यावत् असल उत्तम सत्कार्यहरूका सत्फलहरू) को विलकूल नाश हुने हुन्छ अनि परस्त्रीसंग समानको मानिसको आयुष्य र आरोग्यको नाश गराउने काम कारबाई संसार भरमा अर्को हुँदै छैन! (यो सारै घिनलाग्दो र खराब छ) हे बाबु ! देव-देवताका आजा-पूजा यज्ञ-होम गुरुजनहरूको अभिवादन इत्यादि कार्य र त्यस्तै भातहरू खाने कामहरु गर्दा राम्रा तरहले आचमन गरेर मात्र गर्ने गर्नू । त्यस्तै आचमन गर्दा फींज दुर्गन्ध मैला नभएका निर्मल सफा र पवित्र पानीले पूर्व पट्टी फर्केर राम्ररी आचमन गर्ने गर्नु । त्यस्तै मानिसले शुद्ध हुनाका लागि हात पाउहरूमा माटो लगाउदा पानी भित्रको, घर गाहाराको धमिराका गोलाको र मुसाका दुलाको औ हात पाऊमा लगाइ बचेको ई पाँच किसिमका माटा लिन र लगाउन हुँदैन त्यस्तै सदा सर्वदा हात-पाऊ पखाली राम्ररी छर्की जाँघभित्र हात पारी तीन वा चार चोटी पानी अचाइ मुख नाक आँखा कानहरू र शिरमा पनि दुइ दुइ पटक पानीले मुसारी फेरि पानी अचाइ शुद्ध भएर राम्रा तरहले मन लगाइ देवता ऋषि मुनी र पितृहरूका क्रिया कर्महरू गर्ने गर्नुपर्दछ । त्यस्तै बुद्धिमान मानिसले छ्यूँ गर्दा, खकार्दा वस्त्र फेरि आचमन गर्ने गर्नुपर्दछ । फेरि त्यस्तैनै छ्यूँ गर्दा, वान्त गर्दा, खकार्दा र अधोवायु जाँदा इत्यादिमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आचमन गरी सूर्यलाई हेरी गाईका पिठ्यूँलाई छुने गर्नुपर्दछ ।(७०) अथवा त्यस्ता मोकामा दाहिने कान मुसारनु पर्दछ । यिनीमध्ये जुनभए पनि मौका हेरी एक कुरा गर्नुपर्दछ । यिनीहरूमा अघिल्ला अघिल्ला उपाय हुन नशकेका पक्षमा क्रमसँग पछिल्लो पछिल्लो उपाय काममा ल्याउने गर्नुपर्दछ ।

हे बाबु ! मानिसले दाँत बजाउने, कर्कर दारा किटने र आफ्ना आङमा थप्पो हानी बजाउने पनि गर्नु हुदैन । त्यस्तै बिहान र बेलुकाका सन्ध्या कालमा पठन पाठन गर्ने, खान पीन गर्ने र सुत्ने निदाउने काम पनि गर्नु हुदैन । फेरि त्यस्तैनै सन्ध्या कालमा स्त्रीसँगको सहवास वस उठ र प्रस्थान (कतै जानाको साहित) पनि गर्नु हुदैन । हे बाबु ! बिहानपख देवताहरूका आजा-पूजाहरू, मध्यान्हमा पाहुना-पाथाहरूका आदर-सत्कारहरू र अपराह्न (आधादिन ढल्के पछि तेस्रा प्रहर) मा पितृहरूको श्राद्ध तर्पणहरू गर्ने गर्नुपर्दछ । त्यस्तै देवताको अथवा पितृको काम गर्दा कपाल समेत नुहाएर गर्ने गर्नुपर्दछ । फेरि त्यस्तै कपाल दारी जुगाँहरू खौरँदा बनाउँदा पूर्वपट्टि अथवा उत्तर पट्टी फर्केर बस्ने गर्नुपर्दछ ।

हे बाबु ! बुद्धिमान मानिसले विवाह गर्दा कन्या केही असल कुल-घरानकीनै होस्तपनि यदि ऊ कन्या कुनै अङ्गले हीन भएकी वा कुनै खुन खान भएकी वा दीर्घ-रोगवाली अथवा कैला राँ भएकी या डरलाग्दी नराम्री वा ज्यादा खराबी बोली बोलीरहने भएकी अथवा सारैनै कुलक्षणा भएकी छ भने उस्ती केटीसँग कस्तै परेपनि विवाह गर्नु हुदैन । किन्तु कल्याण चाहने मानिसले सदा सर्वदा कस्ती कन्यासँग विवाह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्नुपर्दछ भने शरीरका सबै अङ्ग-प्रत्यङ्ग साबूत हृष्ट पुष्ट-भएकी, राम्रो सुलुत्त परेको नाक भएकी, सबै असल लक्षणहरूले युक्त भएकी र पितृ-मातृ कुलकी भए पनि क्रमैसँग सात पुस्ता र पाँच पुस्ता नाघेकी यस्ती कन्यासँग निःशंक र हर्षकासाथ विवाह गरोस् । त्यस्तै पुरुषले हर हमेसानै हर-तरहवाट स्त्रीहरूको रक्षा पालन-पोषणहरू गरीरहने गर्नुपर्दछ । भूल-चूकमा रीश-रागहरू केही नगरी क्षमासाथ शिकाउने संझाउने गर्नु पर्दछ। दिनमा सहवास गर्नु र सुत्नु हुँदैन । त्यस्तै अर्कालाई पीर-पिराउ र सन्ताप हुने काम-कुराहरू गर्नु हुँदैन। चारै वर्णका मानिसहरूले नछुने भएकी स्त्री जातीहरूसँग चारै दिनसम्म बस-उठ र छुत-छातसंम एनि गर्नु हुँदैन । छोरी न जन्मोस भन्ने पुरुषले पाँचौं रातमा पनि स्त्री सहवास गर्नु हुँदैन । बुझ्यौ बाबु, पुत्रार्थी पुरुषले छैटौं रातमा या जोर रात्री-हरूमा सहवास गर्नु उचित हुन्छ (८०) जोर रात्रीहरूमा सह-वास गर्नाले पुत्रहरू र विजोर रात्रीहरूमा सहवास गर्नाले पुत्री-हरू जन्मने हुन्छन्। त्यसै कारण छोराको इच्छा हुने पुरुषले सदा-सर्वदा नै जोर रात्रीहरूमा समागन सहवास गर्ने गरोस् । विहान पखका सहवासले विधर्मी (नष्ट भ्रष्ट) र संध्याकालका सहवासले नपुंसक वा दैत्य प्रकृतिको डरलाग्दो सन्तान जन्मने हुन्छ। हे बाबु ! मुण्डन गर्दा (कपाल खौरँदा), बान्त गर्दा, स्त्री समागम गर्दा र मलामी भै स्मसानमा जानु पर्दा बुद्धिमान् मा-निसले लुगा समेतनै नुहाउने गर्नुपर्दछ ।

हे बाबु ! देवताहरू, वेद शास्त्रहरू, ब्राह्मणहरू, साधु सज्जनहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र साँच्चिका महात्माहरू औ गुरु र पतिव्रता स्त्रीहरू तथा अग्निहोतृहरू त्यस्तै तपस्वीहरू इनीहरूको निन्दा र इनका साथ ख्याल ठट्टा समेत कहिल्यै नगर्नू । यदि उनाऊ दुष्ट दुर्जनहरूले उस्ताको निन्दागाली गुफ्ता गरिएको देखियो भने पनि त्यो सर्वथा सुन्नुनै समेत पनि हुँदैन । त्यस्तै ज्यादा अग्लो र ज्यादा होचो ओछ्यान वा आसनमा चढनु हुँदैन । कहिल्यै पनि मानिसले अशुभ वेश (खराब भेश) धार्नु र अशुभ बोल्ने गर्नु हुँदैन। सदा सर्वदा मानिसले सफा शुकिला शेता लुगा र फेटा टोपीहरू पहिरने र सफा शेता शुकिला फूल फुलमालाहरू धार्ने गर्नुपर्दछ। बुद्धिमान मानिसले मूर्ख शिल्ली बहुला र जहान समाजबाट बाहेक भएका औ अविनीत (सर सोहबत नपाएका) र शील स्वभावले हीन भएको त्यस्तै चोरी आदि खराब कर्मले बात लागेका यस्ताहरूसँग दोस्तियाना सङ्ग साथ कहिल्यै नगर्नू । त्यस्तै ज्यादा खर्ची, फुँकाहा, सारै लोभी र पुरानु वैरी यस्ताहरूसँग पनि बुद्धिमान् मानिसले मित्रता गर्नु असल हुँदैन फेरि त्यस्तैनै नीचहरूसँग, छिनार स्वास्नी मान्छेसँग र उस्ती छिनार स्वास्नीका खसंचाहीसँग समेत बुद्धिमान् मानिसले कहिल्यै दोस्तियाना नराख्नु । फेरि त्यस्तैनै ज्यादा बलियाहरूसँग, सारै नै कमजोर वा हुती नभएकाहरूसँङ्ग र निन्दित (सारैनै दुर्नाम चलेर गन्हाएका) हरूसँग औ सदा–सर्वदानै सबै कुरामा साह्रैनै शंक्याहरूसँग अनि खालि भाग्यकै भरोसावाला (अनुद्योगी वा अल्छी) हरूसँग पनि समझदार मानिसले सोहबत नराख्नू। बुझ्यौ बाबु ! विचारबान पुरुषले सदा-सर्वदा सदाचारी पुरुषहरू-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सँग, साधु सज्जनहरूसँग, विवेकीहरूसंग र उदार दिलवालाहरूसँग औ समर्थहरूसँग अनि हरदम काम उद्योग धन्दाहरूमा लागेकाहरू-सँग (६०) अनि त्यस्तै सुहृद्हरूसँग र असल नियमहरूवालासँग औ राजन्यहरूसँग, गुरुका मुखबाट सद्‌विद्या हासील गरेकासँग र शशुरा जेठान शालाहरूसँङ्ग मित्रता राखीछोड्ने गर्नुपर्दछ ।

मदालसा भन्दछिन् बुझ्यौ बाबु ! समझदार मानिसले वर्ष दिनकाबाद एक्कासी घरमा आइपुगेका अर्घ मधुपर्क पूजा गर्न योग्य भएका ऋत्विक् आदि गरिएका ६ जनालाई कत्ति अलमल्ल आले-टाले न गरी आफ्ना गच्छे अनुसार आदर सत्कारकासाथ मनाउने-बुझाउने गर्नुपर्दछ । अनि आफ्ना कल्याणको इच्छा भएका गृहस्थ ब्राह्मण क्षत्रियवैश्यहरूले उनीहरूका आज्ञामा रहेर काम काज गर्ने गर्नुपर्दछ । अनि उनीहरूले केही गरी आफुलाई कुनै कडा वचन गरिहाले भने पनि उ सबै सहेर आफुले हरहमेसानै उनीहरूसँग बाझ्ने टोड्यान गर्ने न गर्नू । यस्ता तरहले क्रमैसँग घरका नित्यपूजा गरिसकेर ठीकठाक पारेका ठाउँमा अग्निस्थापन गरी आगो बालेर रीतैसँग ब्रह्माजीलाई, प्रजापतिलाई, गुह्यहरूलाई, कश्यपलाई र अनुमतिलाई आहुति दिंदै होमहरू गरेर अनि पछिबाट गृह बलिहरू देओस् ।

बुझ्यौ बाबु ! मैले तिमीलाई नित्यकर्म-क्रियाहरूका सिल सिलामा जो जो संझाउँदै बनाए रआएकी छु, त्यो त्यो सबै गरी सकेपछि विश्वदेवलाई जो बलिहरू गर्नुपर्दछ, त्यसका बारेमा पनि म भन्दछु सुन । ठीक ठीक ठाउँको कल्पना र भाग गरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उसै उसै ठाउँमा भिन्ना-भिन्नै उनी विश्वदेवहरूलाई चिताइ कर्मकाण्डमा बताइएका विधिले तीन तीन पटक गरी रोलैसँग पर्जन्यलाई पृथिवीमा, वायुलाई प्रत्येक दिशामा, दिशाहरूलाई क्रमैसँग पूर्व आदि सबै दिशाहरूमा र ब्रह्माजीलाई, अन्तरिक्ष-लाई, सूर्यलाई, विश्वदेवहरूलाई र विश्वभूतहरूलाई औ उषस्‌लाई अनि भूतपतिलाई उत्तर दिशातिर र पछिबाट अपसव्यले 'स्वधानमः' यति भनेर पितृहरूलाई दक्षिण दिशातिर (१००) आमान्न बलि र जल विधिपूर्वक अर्पण गरोस्। त्यसका बाद अग्रान्न (अग्रासन) झिकेर हन्तकारलाई चिताएर अर्पोस् र विधिपूर्वक न्यायपूर्वक ब्राह्मणलाई देओस्। कर्म गर्दा आफ्ना आफ्ना तीर्थ (देव तीर्थ, ऋषि तीर्थ, पितृ तीर्थ, काय तीर्थ इत्यादि) ले विधिपूर्वक कर्महरू गर्ने गरोस्। हेर बाबु ! देव-ताहरूलाई आचमन गराउँदा ब्राह्मतीर्थले जल देओस्। दाहिने हातको बुढी औँलाको बाहिरी फेदको रेखालाई ब्राह्मतीर्थ भन्दछन्। त्यस्तै दाहिने हातका चोर औँला र बुढी औँलाका बीचलाई पितृतीर्थ भन्दछन्। अनि नान्दीमुखदेखि बाहेकका अरु पितृहरूलाई त्यसै तीर्थले जलहरू दिइन्छ। त्यस्तै नै दाहिने हातका चोर माझी साँहिली र कान्छी औंलाका टुप्पाका भित्र-तिरका बीचलाई दैवतीर्थ भन्दछन्। त्यसद्वारा दिव्यक्रिया-हरू हुन्छन्। त्यस्तै कान्छी औंलाको फेदलाई कायतीर्थ भन्दछन्, त्यसद्वारा प्रजापतिहरूलाई जल चढाइन्छ। यी माथी बताइएका तीर्थहरूले हर हमेसानै देवता-पितृ-ऋषिहरूका काम गर्ने गर्नू। तीर्थहरूलाई गडबड पारेर (एक तीर्थले गर्नु पर्नेलाई अर्का-तीर्थले) कहिल्यै नगर्नू। बुझ्यौ बाबु! सदा-सर्वदानै ब्राह्मतीर्थले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आचमन, पितृतीर्थले पितृकर्म, दैव-तीर्थले दैवकर्म र काय-तीर्थले प्रजापति कर्म त्यस्तैनै नान्दीमुख पितृहरूको पिण्डोदक कर्महरू पनि उसै कायतीर्थलेनै गरोस् । औ उनका अरु अरु कर्महरू पनि प्रजापति के जस्तो गरी गर्ने गरोस् । बुद्धिमान् पुरुषले उस काममा एकै पटक जल र अग्निधारण स्थापन नगरोस् ।

बुझ्यौ बाबु ! मानिसले गुरु (गुरु जन मान्य ठूला बडाहरू) का तर्फ र देवताहरूका तर्फ गोडा पसारेर बस्ने गर्नु हुदैन (११०) त्यस्तै पानी पिउनलागेकी गाईलाई नधपाउनू । अँजुलीले जल न पिउनू । अनि लघुशंका दीर्घ शंका आदि शौचहरू गर्दा धेरैबेर लगाई अलमल गर्ने नगर्नू त्यस्तै खाली मुखले आगो फुक्ने पनि नगर्नू । हेर बाबु ! जहाँ ऋण दिने मानिस वैद्य, बेद पढेका वैदिक विद्वान ब्राह्मण र निर्मल जल बाल्ने नदी छैनन् , यी चार कुरा नभएका ठाउँमा कहिल्यै नबस्नु । जहाँ शत्रुलाई जितेका बलबान् र धर्ममा तत्पर औ न्यायी यस्ता असल राजा विराजमान छन् वहाँ नै बुद्धिमान् मानिसले निवास गरी रहनुपर्दछ । खराब राजा भएका ठाउँमा दुनियाँलाई सुख शान्ति हुँदैन । त्यस्त नै जहाँ अर्काले जोर पुऱ्याउन नशकेर अर्काका लही लहीमा र भनाइमा नलाग्ने आँटिला र जबर राजा छन्, जहाँ अन्नपात र घाँसपातहरूले लह-लह भएकी भूमि छन् औ जहाँका बाशिन्दा शहरियाहरू हर-हमेशानै कोशीशसाथ उद्योग-इलममा लागि रहने र शास्त्रका नियमानुसार असल राहमा चल्ने छन् अनि त्यैस्त जहाँ अर्काको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बढनी उन्नति देखन र सहन नसक्ने डाहिला चुत्था मानिस छैनन् त्यस्ता असल ठाउँमा घरजम जमाइ बस्नुनै सुख आनन्द हुने हुन्छ । फेरि जुन राज्यमा ज्यादा गरेर भोग विलासमा नफसेका खेतीवालाहरू हुन्छन् औ जहाँ सारा जडी बूटी ओखती मूलोहरू हुन्छन् पाइन्छन्, त्यस्ता ठाउँमा नै विचारवान् पुरुषले घरजम जमाउनु पर्दछ । फेरि हेर बाबु ! जुन ठाउँमा आफुलाई जित्न ढाल्न दाऊ हेरी रहने दुष्ट र ईख लीरहेको दुश्मन औ हरहमेसानै जात्रा भोज-मोज-मजामा मात्रै लागिरहने दुनियाँ यस्ता तीन प्रकारका मानिस छन्, वहाँ समझदार मानिसले कहिल्यै नबस्नू । त्यस्तै बुद्धिमान मानिसले सधैंभरीनै सुशील सहवासी दुनियाँहरू निवास गरेका उत्तम ठाउँमा घरजम जमाएर बस्नू । हेर बाबु ! तिम्रा हितका कामनाले यस्तो यो कुरा मैले बताएँ । (११८)

वसेन्नित्य सुशीलेषु सहवासिषु पण्डितः ।
इत्येतत् कथितं पुत्र ! मया ते हितकाम्यया ॥११८॥

इति चौतिशौं अध्याय

—=-=—

अथ पैंतिशौं अध्याय

मदालसोवाच- अतः परं शृणुष्व त्वं वर्ज्यावर्ज्यप्रतिक्रियाम्
भोज्यमन्नं पर्युषितं स्नेहाक्तं चिरसंभृतम् ॥१॥

छोरा युवराज अलर्कलाई मदालसा भन्दछिन् हे बाबु ! अब त्याज्यात्याज्य (खान हुने र नहुने) खानेकुराहरूका बारेका पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अरु कुरा म भन्दछु सुन । बुझ्यौ बाबु ! थोरै बासी धेरै बासी चिल्ला चाप्ला खाने कुरा अन्नहरू र साजी रूखा सुखा गहूँ जौहरू खाने बस्तुहरू र गोरसका पदार्थ खाने कुराहरू औ त्यस्तै खरायो कछुवा गोहोरो दुम्सी र गेडा इनिहरू अत्याज्य (खाश खान हुने) हुन् । शुँगुर र कुखुरो यी दुइ त्याज्य (खाश खान नहुने) हुन् । देवताहरूकालागि यज्ञ होमहरू र पितृहरूका-लागि श्राद्धहरूमा औ ब्राह्मणहरूका इच्छाले ब्राह्मणहरूकै लागि मारिएको र ओखतीका लागि मारिएका पशुहरूको मासु खानु दोष छैन । हेर बाबु ! शङ्ख शिपी पत्थर दुङ्गो सुन चाँदी डोरीहरू, कपडाहरू, शाग पात कन्दमूल फलफुलहरू र पात बोक्रा नभएका बस्तुहरू औ मणि माणिक हीरा मोती मुगाहरू र मानिसको शरीर यिनीहरू पानीले धोइ पखाली गरेर शुद्ध हुन्छन् । त्यस्तै फलाम पानीले पत्थर घोटिनाले शुद्ध हुन्छ । अनि चिल्ला भाँडाहरू ताता पानीले शुद्ध हुन्छन् । नाङ्ला, धान्नहरू र छालाहरू औ मुशल उङ्खलहरू र धोइएका पछारिएका लत्ता कपडाहरू औ थुप्रा थुप्री माल बस्तुहरू पानी छर्कनाले शुद्ध हुन्छन् । सारा जडी बूटीका बोक्रा छालाहरू माटो पानीले शुद्ध हुन्छन् । त्यस्तै घाँस पात पतिङ्गर काठ ओखतीहरू पनि पानी छर्कनाले शुद्ध हुन्छन् । त्यस्तैनै मारिएका संपूर्ण पशुहरूका उन रौंहरूबाट बनेका राडी पाखी कम्मलहरू र कपालका रौंहरू पानी र तोरी सर्स्यूँका फुला अथवा तिलका धुलाले शुद्ध हुन्छन् । (१०) बुझ्यौ बाबु ! कपासका लत्ता कपडाहरू पानी र खरानीले धोइ पखाली गर्नाले शुद्ध सफा हुने हुन्छन् । त्यस्तै काठ पात, हस्ति हाड, हाड शिङ-हरूका माल तालहरू ताछनु खुर्कनु गर्नाले शुद्ध हुने हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माटाका भाँडा हण्डा–चिण्डाहरू फेरि पोल्नाले शुद्ध हुने हुन्छन्। औ भिक्षामा पाएका अन्नहरू, कारीगडको हात र पसल पसलका वस्तु औ स्त्रीको मुख प्रायः शुद्धनै हुने हुन्छ। त्यस्तैनै बगीरहेका गन्ध र फिंजहरू नभएका पानी पनि पवित्रनै हुने हुन्छन्। जमीन काल बित्नाले र बडार कुडार पोत लिप घस गर्नाले औ गाइहरू हिंड्नाले तथा खन्नु खुर्कनु गर्नाले र पोल्नाले शुद्ध हुने हुन्छ। घर धोइ पखालि, लिप घस र पानी छेप्नु कर्कनु गर्नाले शुद्ध हुने हुन्छ। अनि रौं कीराहरू परेका, गाइले सुँघिएका र माखा झींगाहरूले फोहर पारिएका वस्तुहरू माटा खरानीहरूले शुद्ध हुने हुन्छन्। ताँबाका भाँडा-हरू अमिलाले, पित्तल र सीसाका भाँडाहरू क्षार (खरानी) ले त्यस्तै काँसाका भाँडाहरू खरानी र पानीले पखालिनाले शुद्ध हुन्छन्। अनि अशुद्ध वस्तुसँग छुत–छात लस-पस भएका कुराहरू माटो पानी लगाई गन्ध हराउने गरि धुनाले शुद्ध हुने हुन्छन्। त्यस्तै अरु अरु भाँडा–बर्तन माल-तालहरू पनि तिनै तिनै कुराहरूले गन्ध र रङ्ग मिल्किने गरी माझ्नु मुझ्नु धोई पखालि गर्नाले शुद्ध हुने हुन्छन्। औ एउटी गाई अघाउने सम्मको भुईं खाल्डा खुल्डीमा जमेको वा रहेको पानी स्वभा-वैले शुद्ध हुने हुन्छ। त्यस्तै चण्डाल कसाहीं क्रव्याद (शिका-री)हरूले काटे मारेको र ल्याइएको मासु पनि शुद्धनै हुन्छ। औ गल्ली–सडक बाटामा खसेका लत्रेका लत्ता–कपडाहरू पनि शुन्यौ बाबु! घाम बतासहरूले शुद्ध हुन्छन्। (२०) त्यस्तै धूलो कसिंगर, आगो, घोड़ा, गाई, छायाँ (ओजेल), किरण-हरू, हावा, पृथ्वी, छिटा–छिटीहरू र माखा झींगाहरू इत्यादि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जो छन्, ती खराब कुराका संसर्ग छुत-छातले दोषी वा अशुद्ध हुन जाँदैनन् । फेरि बाख्रा र घोडाको मुख पवित्र हुन्छ । औ गाई र बाच्छा बाच्छीको मुख भने अपवित्र हुन्छ । आसन ओछ्यान, यान सवारी वाहनहरू र डुङ्गा, बाटो, घाँस पातहरू पनि सूर्य र चन्द्रका घाम जुन र हावालेनै पसल झैं शुद्ध हुने हुन्छन् । फोहर गल्लीमा हिंडेमा, नुहाएमा, छ्युँ गरेमा र खान-पान गरेमा औ मैला भएमा उही माफीक कुल्ला आचमनहरू गरेर कपडाहरू बदल्नु पर्दछ । त्यसैत थुप्राका थुप्रा अनाजहरूमा झाडा पिशाबहरू र अरु कुनै अशुद्ध बस्तु पर्न र लसपस हुन गएमा सो लागेको परेको जतिमात्र अनाज झिकी फेकी दिई अरु बाँकीमा गोबर-पानी माटोपानी छर्किदिनाले जम्मै शुद्ध हुने हुन्छ । त्यसतै दुष्ट दुर्जनहरूका अन्न, खान-पानहरू आदि बुझिकनै कदाचित खाइन गए भने तीन रातसम्म निराहार गरेर मात्र शुद्ध हुन्छ ! औ नजानी नबुझि खाइन गएमा त्यो खाइएको पचेपछि शुद्ध हुन्छ । त्यस्तै नछुने भएकी स्वास्नी मान्छे, कुकुर श्यालहरू, अन्त्यज च्यामे-पोडेहरू र मलामीहरूलाई छोइयो भने, शुद्ध हुनाका लागि नुहाउनु पर्दछ । त्यसैत मानिसले मरेका मानिसका बोसो समेतका हाडहरू छोयो भने नुहाउनाले शुद्ध हुन्छ । यदि खालि सुक्खा हाडमात्र छोयो भने खालि हातगोडा धोइ आचमन मार्चन गर्नाले मात्रै वा गाईलाई अँगालो हालेर अथवा सूर्यलाई हेरेरनै पनि शुद्ध हुन्छ । त्यस्तै बुद्धिमान मानिसले रगत खकार थुक र बुकु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाहरूलाई पनि न नाघ्नू। औ वेला कुवेला (मध्याह्न सन्ध्याहरू)मा बारी वगैचाहरूमा पनि बसी रहने नगर्नू। (३०) फेरि वीर हीना (पति नभएकी) र उनाऊ मानिसले रीश द्वेष गरिएकी यस्ती स्वास्नी मान्छेसँग कुरा कानी गर्ने नगर्नु। त्यस्तै जुठो, फोहोर, कसिंगर, मल–मूत्रहरू र गोडा धोएका पानीहरू घरभित्रै रहीरहन नदिएर वेला वेलामै झट्टै बाहिरतिर फेंकी हाल्नू। त्यस्तै मानिसले पञ्चयज्ञ (बलिवैश्वदेव) गरी नसकी अरुका कूवा इनार धारा पोखरीहरूमा ननुहाओस्। किन्तु गङ्गा नदी नद खोला रह तालहरूमा नुहाओस्। त्यस्तै देवता–पितृ–गुरु–गुरुजनहरू र वेद–वेदाङ्ग–शास्त्र–पुराणहरू औ आजा पूजा–यज्ञ–होम–मन्त्र–सत्कर्महरूको निन्दा–बदनाम गर्नेहरूसँग संसर्ग छुत छात र बोलचाल समेत नगर्नु। यदि मौकाले गर्दा सो हुन गयो भने श्रीसूर्यको दर्शन गरेर मात्र शुद्ध हुने हुन्छ। त्यस्तै नछुने भएकी स्वास्नीमान्छे, अन्त्यज (शूद्रहरू), भ्रष्ट दुष्टाचारीहरू मुर्दा, विधर्मी, सुत्केरी, नपुंसक, निर्वाङ्ग नाङ्गो र चाण्डालहरू औ सूत–निर्यातक अनि परदाररत (व्यभिचारी वा छिनार) इनिहरूसंग छुतछात र वोल चाल हुन गएमा पनि उसै गरी श्रीसूर्य दर्शन गरेर बुद्धिमान् मानिसले आफ्नू शोधन (शुद्धि) गर्नुपर्दछ। नछुने भएकी स्त्री र सुँगुरलाई छोइएमा नुहाएर मात्र शुद्ध हुनुपर्दछ। त्यस्तैनै सुत्केरी र जुठो परेका मानिसलाई छुँदा पनि नुहाएर शुद्ध हुनुपर्दछ। हेर बाबु! जुन मानिसका घरमा दिन दिनै नित्य कर्मको लोप हानी हुने हुन्छ औ जो ब्राह्मण सज्जन वर्गले बाहेक गरिएको र पापी छ, नराधम भन्नु सोही हो। यसैउसले मानिसले कहिल्यै पनि आफ्ना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नित्यकर्मको लोप हानी हुन नदिनू; किन्तु सूतक र जुठो परेमा भने नित्यकर्म बन्द गर्नुपर्दछ । त्यस्तो सूतक जुठो परेमा ब्राह्मणले १० दिन, क्षत्रियले १२ दिन, वैश्यले १५ दिन र (४०) शूद्रले पूरा एक महिनासम्म बारेर नित्यकर्म छोड्नु पर्छ । अनि त्यसका पछि आफ्ना नित्य कर्मलाई साविकै बमोजिम गरीहाल्नुपर्दछ । आफ्ना नाता-गोता मर्न गएका दाह कर्म भई सकेपछि कुल कुटुम्बहरूले पहिला चौथा, सातौं, नवौं दिनका दिन तिलाञ्जलि जलाञ्जलिहरू दिने गर्नु औ चारौं दिनका दिन कुल-कुटुम्बहरूले भस्मास्थिसंचयन गर्नुपर्दछ । त्यो काम गरी सकेपछि मात्र उनीहरूलाई छुतछात गर्नुहुन्छ। त्यस सञ्चयनक्रियाका उपरान्त नाता-गोता कुटुम्बहरूले सारा क्रियाकर्म पनि गर्नुपर्छ। साना बालकको, विदेशिएकाको, संन्यासी भएर गएकाको जुठो अरूवरूलाई सुन्ने बित्तिकै सकिने हुन्छ अथवा तीन दिन लाग्दछ। सपिण्ड नाता-गोता मरेकाको जुठो न सकिंदै यदि अर्को सपिण्ड भित्रको कुटुम्ब मर्न गयो भने पहिलो जुठोको बाँकी दिनलेनै उसको काज-क्रिया र जुठो सकिने हुन्छ। पिण्ड-पानीका कुटुम्ब भित्र जन्मदाका सुत्केरोमा पनि यस्तै विधान चलन देखिन्छ। बुझ्यौ बाबु! छोरो जन्मदा बाबुचाहींले सचैलस्नान गरी शुद्ध हुनुपर्दछ । त्यस्ता एक जन्मिएका मौकामा अर्को जन्मिन गयो भने पनि माथि कहिएकै बमोजिम पहिलै सुत्केराले शुद्ध हुने हुन्छ। ब्राह्मण क्षत्री वैश्य शूद्रहरूले क्रमैसँग दश बान्ह पन्ध्र तीस दिनमा (५०) चोखिएर आफ्ना आफ्ना नित्य कर्महरू विधिपूर्वक गर्न थाली हाल्नुन्। त्यसका वाद वर्षदिन पूरा भएपछि मरेका मानिसका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उद्देश्यले एकोद्दिष्ट श्राद्ध गर्नुपर्दछ । त्यस्तै बुद्धिमान् मानिसले अरू अरू उठाउने-पुठाउने कुराहरू पनि उठाइ दान गरी दिने गर्नुपर्दछ । घरमा ऊ मर्ने मानिसको जे जे जुन जुन मनपरेको प्यारो चीज थियो, त्यो त्यो उस मरेर गएकाले अक्षय हिसाब-सँग पाओस् भन्ना निमित्त आफन्त कुटुम्ब जहान बच्चा नाता गोताले गुणी सज्जनलाई दान गरेर देओस् । त्यस्तै हात्ती, घोडा वाहन (सवारीहरू), हात हतियारहरू, कोरा लठ्ठीहरू, आफ्ना आफ्ना वर्ण जाति अनुसारका सामग्री माल्ल तालहरू जो जे छन्, उनी सबै बस्तुहरूलाई पानीहरू छर्की शुद्ध गराउनुपर्छ । उसको परत्र सप्रोस् भन्नाकालागि बुद्धिमान मानिसले तीन वेद-हरूको पारायण पाठहरू पनि गराइ दिने गर्नुपर्दछ ।

हे बाबु त्यस्तै ईमानधर्मसँग धनपैसा कमाई कोशीश साथ यज्ञ-यागादि र जुन गर्नाले आत्मालाई शान्ति-सुख-आनन्द पुग्ने हुन्छ, त्यस्तो सत्कर्म गर्नु पर्दछ। फेरि जुन काम गुरुजनहरूमा लुकाउनु छिपाउनु पर्ने किसिमको छन, त्यस्तो काम बुद्धिमान मानिसले निर्धक्क सँग गरीरहने गर्नुपर्दछ । हेबाबु ! बुझ्यौ गृहस्थ मानिसले यस्ता प्रकारसँग व्यवहार चाल चलन पूरा गराउन शक्यो भने धर्मअर्थकामहरूलाई हासिल गर्दो छँदो यहाँ यसलोकमा र वहाँ परलोकमा समेत पनि राम्रो गरी सुधार्न शक्तछ । (५७)

एवमाचरतो वत्स ! पुरुषस्य गृहे सतः ।
धर्मार्थकामसंप्राप्त्या परत्रेह च शोभनम् ॥५७॥

इति पैंतिशौं अध्याय ।

—:०:—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ छत्तिशौं अध्याय

जडउवाच–

स एवमनुशिष्टः सन् मात्रा संप्राप्ययौवनम् ।
ऋतुध्वजसुतश्चक्रे सम्यग्दारपरिग्रहम् ॥१॥

फेरि जड भन्दछन् यस्ता तरहसंग आमा श्रीमती महारानी मदालसाले लगातार शिक्षा गर्दै उपदेश दिइएकाछँदा उनी महाराज ऋतुध्वज कुवलयाश्वका कान्छा छोरा अलर्कले जवानी अवस्थामा कुल्चदै राम्रा तरहसँग विवाह गरे । उस्कावाद क्रमसँग छोराहरू पाएका उनी युवराजले यज्ञ याग धर्म कर्महरू पनि धेरै गर्दै गए । त्यस्तै नै हरदम दम पनि नमारी आफ्ना पिता महाराज कुवलयाश्वका आज्ञा हुकुमलाई पालन गर्नामा तं तैयार रहन्थे । तब हुँदा हुँदा धेरै काल वितेपछि आफुलाई पछिल्लो उमेरमा प्राप्त भै वूढो भएको जानेर तपोवनमा जानाको इच्छा भएका उनी धर्मात्मा, महाराज कुवलयाश्वले छोरा अलर्कलाई राज्याभिषेक तिलक दिनाका साथसाथै राज-पाटको सारा भार सुम्पेर धर्मपत्नी महारानी मदालसालाई लिई जङ्गलतिर प्रस्थान गर्न तयार भए । अनि उसै वीदाबारी हुने मौकामा आफ्ना छोरा नयाँ महाराज अलर्कलाई आखीरी अर्तिका तवरसंग छोराका विषय-बासना सम्बन्धका उपभोग र लसपस हटाउनाका लागि महारानी मदालसा भन्नलागिन्– हे बाबु ! जेले तिमीलाई आफ्नो प्यारा दाज्युहरूको वियोग भै जानाका बारेमा बा शत्रुहरूबाट पीर-पिराऊ आई परेमा अथवा धर्म ऐश्वर्यका नाश भएका अवस्थामा जो सहन नसक्ने वेदना हुन आउला;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किनभने, ज्यादा गरेर गृहस्थ राजाहरूलाई राज गर्दा त्यस्तो पर्न आउने हुन्छ फेरि ममत्वका फन्दामा फसेको गृहस्थ दुःख-कष्टको नै घर हुन्छ, त्यसो हुनाले त्यस्ता तकलीफहरूबाट मन भग्ङ भएका वेलामा मैले दिएका यी यस अक्षर काटेका छाप औंठीमा मसीना अक्षरले लेखिएका मेरा अति उपदेश वा हुकुमले ठूलो मद्दत मिल्नेछ। यसै सिलसिलामा जड भन्दैछन्— यति भन्दै उनी छोरा महाराज अलर्कलाई सुन्को छाप काटेको आफ्नू औंठी र उसका साथ-साथै गृहस्थ मानिसलाई दिन लायकका असल असल आशीर्वादहरू पनि दिइन् र त्यस्का बाद पुत्र महाराज अलर्कलाई हाल हुकुम सुम्पी उनी बडा महाराज कुवलयाश्व र उनी बडी महारानी मदालसा तपस्याका लागि जङ्गलतर्फ रवाना भएर गए। (१०)

ततः कुवलयाश्वो सौ सा च देवी मदालसा ।
पुत्राय दत्या तद्राज्यं तपसे कालनं गतः ॥१०॥

इति छत्तिशौं अध्याय।

इति मदालसो पाख्यानम्

समाप्तम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MHRD

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu